आर्थिक वर्ष २०७७/७८ को

# मन्त्रालयगत अर्धवार्षिक प्रगति विवरण

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
मुकाम : बुटवल, नेपाल

# कार्यकारी सारांश

## बजेट र खर्च सम्बन्धी विवरण

- आर्थिक वर्ष २०७७/७८ को लागि प्रदेश सरकारको कुल बजेट रू. ३६ अर्ब ३५ करोड २५ लाख मध्ये सञ्चित कोषमाथि व्ययभार हुने रकम रू.१ करोड १० लाख ४० हजार र विनियोजन ऐन बमोजिम खर्च हुने रकम रू. ३६ अर्ब ३४ करोड १४ लाख ६० हजार रहेको छ,
- विनियोजित रकममध्ये पुस मसान्तसम्म चालुतर्फ रू.४ अर्ब ७४ करोड ७४ लाख ९२ हजार र पुँजीगततर्फ रू. ३ अर्ब ५४ करोड २१ लाख ७ हजार गरी जम्मा रू. ८ अर्ब २८ करोड ९५ लाख ९९ हजार खर्च भएको छ जुन विनियोजित बजेटको चालुतर्फ २६.८५ प्रतिशत, पुँजीगततर्फ १८.९७ प्रतिशत गरी जम्मा २२.८ प्रतिशत खर्च भएको देखिन्छ ।
- गत आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा चालुतर्फ रू.३ अर्ब ४९ करोड ६४ लाख ७९ हजार र पुँजीगततर्फ रू. ३ अर्ब २९ करोड ८ लाख गरी जम्मा रू. ६ अर्ब ७८ करोड ७२ लाख ७९ हजार खर्च भएको छ जुन विनियोजित बजेटको चालुतर्फ १९.६० प्रतिशत, पुँजीगततर्फ १७.७१ प्रतिशत गरी जम्मा १८.६४ प्रतिशत खर्च भएको देखिन्छ,
- गत आर्थिक वर्ष २०७६/७७ को उक्त अवधिको खर्चको तुलनामा यस आर्थिक वर्षमा चालुतर्फ ७.२५ प्रतिशत पुँजीगततर्फ १.२६ प्रतिशत र कुल ४.१६ बढी रहेको छ ,
- चालु आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्ममा मन्त्रालयगत विनियोजित बजेटमा सबैभन्दा बढी खर्च गर्ने मन्त्रालयको रुपमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय रहेको छ । जसले २५.०१ प्रतिशत खर्च गरेको छ भने सबै भन्दा कम खर्च गर्ने मन्त्रालयको रुपमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय रहेको छ जसले आफ्नो मन्त्रालयको लागि विनियोजित बजेटको ८.३८ प्रतिशत मात्र खर्च गरेको छ,
- गत आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानमध्ये खर्च नभई बाँकी रकम रु. १ अर्ब १ करोड ४ लाख संघीय सञ्चित कोषमा फिर्ता गरिएको छ ।

## वित्तीय संघीयता कार्यान्वयन

- चालु आ.व.मा प्रदेश सरकारवाट स्थानीय तहमा हस्तान्तरण गर्ने अनुदानमा जम्मा रु.५ अर्ब १४ करोड ५० हजार विनियोजन गरिएकोमा वित्तीय समानीकरण अनुदानतर्फ रु.६० करोड, समपूरक अनुदानतर्फ रु. १ अर्ब ५० करोड, विशेष अनुदानमा रु. १ अर्ब र सशर्त अनुदानमा रु.२ अर्ब ४ करोड ५० हजार विनियोजन गरिएको छ ।
- चालु आ.व.मा समपूरक अनुदानमा १०८ वटा स्थानीय तहका ४४० वटा आयोजना स्वीकृत भई स्थानीय तहमा कार्यान्वयनका लागि हस्तान्तरण गरिएको छ ।विशेष अनुदान अन्तर्गत सबै स्थानीय तहमा मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम कार्यान्वयनमा रहेको छ ।

- स्थानीय तहमा हस्तान्तरित वित्तीय समानीकरण अनुदानको रकमबाहेक अन्य अनुदान अन्तर्गत उपलब्ध गराइएको रकम आ.व.को असार मसान्तसम्म खर्च हुन नसकेमा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने प्रावधान बमोजिम स्थनीय तहहरुमा हस्तान्तरित रकममध्ये स्थानीय तहबाट रु.१ अर्ब १२ करोड ७ लाख ८४ हजार चालु आ.व. मा प्रदेश संचित कोषमा फिर्ता भएको छ ।
- आ.व. २०७५/०७६ मा सशर्त अनुदान अन्तर्गत निर्माण गर्ने भनिएको तर विविध कारणले निर्माण कार्य पुरा हुन नसकेका बहुउद्देश्यीय सभा हल निर्माणको कार्य सम्पन्न गर्न चालु आ.व.मा विशेष अनुदानमा विनियोजित रकमवाट रु. ९ करोड हस्तान्तरण गरिएको छ।
- गत आ.व.मा प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा सम्पन्न गर्ने गरी स्वीकृत भई कार्यान्वयनमा रहेको तर विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारणले काम सम्पन्न गर्न नसकेका २८ वटा स्थानीय तहको ६८ वटा आयोजनामा रु.१३ करोड ७६ लाख ४९ हजार हस्तान्तरण गरिएको छ ।
- २०७७ पुस मसान्तसम्म स्थानीय तह वित्त हस्तान्तरण अन्तर्गत समपूरक अनुदानतर्फ ८६ करोड १ लाख ९३ हजार, विशेष अनुदानतर्फ रू. ३८ करोड ५३ लाख ७५ हजार र सशर्त अनुदान तर्फ रु. ९६ करोड २८ लाख २५ हजार र वित्तीय समानीकरण अनुदान तर्फ रु. ३० करोड गरी जम्मा रु. २ अर्ब ५० करोड ८३ लाख ९३ हजार हस्तान्तरण भइसकेको छ ।

## बजेट कार्यान्वयन र स्रोतको व्यवस्थापनमा तत्काल गर्नुपर्ने सुधार

- विषयगत मन्त्रालयले आयोजना तर्जुमा तथा छनौट प्रकृयामा कार्यान्वयन क्षमता उपलब्ध जनशक्ति तथा सांगठनिक व्यवस्थाहरुको सिंहावलोकन गरी वस्तुनिष्ठता कायम हुने गरी विनियोजन दक्षता अभिवृद्धि गर्नुपर्ने,
- बजेट तर्जुमा तथा आयोजना छनौट गर्दा जग्गा पहिचान, विस्तृत आयोजना प्रतिवेदन (DPR), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय अध्ययन (IEE) जग्गा प्राप्ति जस्ता पूर्व शर्तहरु पूरा भएका आयोजना तथा कार्यक्रम पहिचान गर्नुपर्ने र सोको क्रियाकलापहरु समेत एकिन गरी कार्यान्वयन कार्ययोजना समेत तर्जुमा गर्नुपर्ने,
- बजेट तर्जुमा गर्दा आयोजना पहिचान नगरी अमूर्त शीर्षक कायम गरी अवण्डामा रकम राखी पछि आयोजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने परिपाटीको अन्त्य गर्नुपर्ने,
- पहिचान नभएका नयाँ अत्यावश्यक क्षेत्रका आयोजना तथा कार्यक्रममा बजेट खर्च गर्नुपर्ने विशेष परिस्थिति सिर्जना भएमा खर्च हुन नसक्ने सम्भावित आयोजना तथा कार्यक्रम र खर्च शीर्षकबाट दोश्रो चौमासिक भित्र रकमान्तर गर्ने व्यवस्था गर्नुपर्ने,
- बजेट तर्जुमा गर्दा अन्तरमन्त्रालयगत र महाशाखागत समन्वय बढाउनुपर्ने साथै संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी बमोजिम आपसी समन्वयमा आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्ने,
- मनोरञ्जन कर र विज्ञापन कर संकलनमा स्थानीय तहहरुको पर्याप्त ध्यान जान नसकेकोले सो क्षेत्र करको दायरामा समावेश भए तापनि अपेक्षाकृत रुपमा कर संकलन भएको नदेखिएकाले स्थानीय तहहरुले विशेष जोड दिनुपर्ने,

- नदीजन्य प्रदार्थको बिक्रीबाट प्राप्त रकमका सम्बन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधनसहित) मा देखिएका द्विविधा अन्त्य गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने गरी कानुनी एकरुपता कायम हुनुपर्ने,
- संघबाट हस्तान्त्रण भई आएका सशर्त आयोजनाहरुमा नपुग रकम अर्थ मन्त्रालयसँग माघ मसान्तभित्रै माग गर्ने र विषयगत मन्त्रालयहरुले सशर्त, समपूरक र विशेष अनुदानका आयोजनाहरु समयमै सम्पन्न गरी अनुदान रकम फिर्ता गर्नुपर्ने परिस्थितिको अन्त्य गर्नुपर्ने,
- प्रदेश सरकारको बजेट कार्यान्वयनमा स्थानीय तहहरुको समेत उल्लेख्य भूमिका हुने भएकोले प्रदेश सरकारबाट स्थानीय तहहरुलाई उपलब्ध गराइएको सशर्त, समपूरक र विशेष अनुदानका रकम फिर्ता गर्नु नपर्ने गरी आयोजनाहरु समयमै सम्पन्न गर्न ध्यान दिनुपर्ने,
- आ.व. २०७६/७७ मा कार्यान्वयन हुने गरी स्वीकृत भएका यसै आ.व. मा सम्पन्न गर्नुपर्ने ठेक्का बन्दोबस्त हुन बाँकी आयोजना तथा कार्यक्रमहरु यथाशीघ्र ठेक्का बन्दोबस्त गरी कार्यान्वयन प्रकृयामा लैजानुपर्ने,
- आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि प्राविधिक जनशक्ति अभाव रहेको निकायहरुले प्रचलित कानुनबमोजिम आवश्यक जनशक्ति सेवा करार वा परामर्श सेवाबाट आपूर्ति गरी कार्यान्वयन गर्ने,
- आयोजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा कुनै अन्यौलता वा बाधा अड्काउ देखिन आएमा नेपाल सरकारका सम्बन्धित विषयगत मन्त्रालयहरु, प्रदेश सरकारका अन्य मन्त्रालयहरु तथा स्थानीय तहहरुसँग समयमै आवश्यक समन्वय गरी बाधा अड्काउ फुकाएर आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने ।

# विषयसूची

**परिच्छेद-१ ........ ।।।१**

परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

**परिच्छेद-२ ........ २**

प्रदेश सभा सचिवालय ........ २

२.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति ........ २

२.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म  श्रोतगत आय र व्ययको विवरण ........ २

२.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ........ २

२.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ........ ३

२.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण ........ ४

२.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ........ ६

२.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ ७

२.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ ७

२.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ ७

२.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण) ........ ८

२.११ निष्कर्ष ........ ८

**परिच्छेद-३ ........ ।।।९**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ९

३.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति ........ ९

३.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म  श्रोतगत आय र व्ययको विवरण ........ ९

३.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ........ १०

३.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ........ १४

३.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण ........ १८

३.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ........ २२

३.७ आ.व. २०७७/७८ मा २०७७ पुसमसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ २२

३.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ २४

३.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ २४

३.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण) ........ २४

३.११ निष्कर्ष ........ २४

**परिच्छेद-४ ...... २५**

आन्तरिक मामिला तथा कानून मन्त्रालय ...... २५

४.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति ...... २५

४.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण ...... २५

४.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ...... २५

४.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ...... २७

४.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण ...... २८

४.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ...... ३२

४.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ...... ३३

४.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ...... ३३

**परिच्छेद-५ ...... ।३४**

आर्थिक मामिला तथा योजना मन्त्रालय ...... ३४

५.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति ...... ३४

५.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण ...... ३४

५.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ...... ३४

५.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ...... ३५

५.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण ...... ३५

५.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ...... ३७

५.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ...... ३९

५.८ वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ...... ४१

५.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम ...... ४१

५.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण) ...... ४२

५.११ निष्कर्ष ...... ४३

**परिच्छेद-६ ...... ।४४**

भौतिक पूर्वाधार विकास मन्त्रालय ...... ४४

६.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति ...... ४४

६.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण ...... ४४

६.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ...... ४४

६.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ...... ५०

६.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण ...... ५७

६.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ........ ६०

६.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ ६०

६.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ ६१

६.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ ६२

६.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण) ........ ६२

६.११ निष्कर्ष ........ ६२

**परिच्छेद-७ ........ ॥६३**

सामाजिक विकास मन्त्रालय ........ ६३

७.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति ........ ६३

७.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण ........ ६३

७.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ........ ६३

७.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ........ ७५

७.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण ........ ८३

७.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ........ ८४

७.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ ८५

७.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ ८६

७.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ ८७

७.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण) ........ ८७

७.११ निष्कर्ष ........ ८८

**परिच्छेद-८ ........ ॥८९**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ ८९

८.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति ........ ८९

८.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण ........ ८९

८.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ........ ८९

८.४ वजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ........ ९६

८.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण ........ १०५

८.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ........ १०६

८.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ १०६

८.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ........ १०८

८.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ १०८

८.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)..................१०८

८.११ निष्कर्ष..........................................................................................................................१०९

**परिच्छेद-९...........................................................................................................................।।।११०**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ..............................................................................................११०

९.१ आर्थिक वर्ष २०७७/०७८ मा विनियोजित बजेट तथा अर्धवार्षिक वित्तिय प्रगति.........................११०

९.२ आ. व. २०७७/०७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण..........................११०

९.३ वार्षिक नीति तथा कार्यक्रम अर्धवार्षिकप्रगति विवरण .................................................................११०

९.४ बजेट वक्तब्यको अर्धवार्षिक प्रगति विवरण.............................................................................११८

९.५ आ व २०७७/०७८ स्वीकृत वार्षिक कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण............................१२८

९.६ आर्थिक वर्ष २०७७/७८ मा प्रदेश राजस्व संकलनको विवरण रु हजारमा .............................१२९

९.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु................१३०

९.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ...................................................१३१

९.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरुः...................................................१३२

९.१० मन्त्रालयले कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरु (Good Practices).............................१३२

९.११ निष्कर्ष..........................................................................................................................१३३

**परिच्छेद-१०.........................................................................................................................।१३४**

मुख्य न्यायाधिवक्ताको कार्यालय............................................................................................................१३४

१०.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति........................१३४

१०.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण...................१३४

१०.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण.................................................................१३४

१०.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण .........................................................................१३५

१०.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ...........................१३५

१०.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण .......................................१३५

१०.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु .............१३६

१०.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई................................................१३६

**परिच्छेद-११.........................................................................................................................।।।१३७**

प्रदेश लोक सेवा आयोग..........................................................................................................................१३७

११.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति........................१३७

११.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्मको श्रोतगत आय र व्ययको विवरण.................१३७

११.३ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण .........................................................................१३७

११.४ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण ........................१३८

११.५ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ....................................१३९

११.६ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु .............१३९

११.७ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई...............................................१३९

११.८ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम....................................................१३९

११.९ निष्कर्ष :...............................................................................................................१४०

**परिच्छेद-१२..............................................................................................॥१४१**

प्रदेश पूर्वाधार विकास प्राधिकरण.....................................................................................................१४१

१२.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति........................१४१

१२.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण.....................१४१

१२.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण...............................................................१४२

१२.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ........................................................................१४३

१२.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण...............................१४४

१२.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ....................................१४५

१२.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु .............१४५

१२.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई..............................................१४६

१२.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम....................................................१४६

१२.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण) ..............१४६

१२.११ निष्कर्ष...............................................................................................................१४६

**परिच्छेद-१३...........................................................................................॥॥१४७**

सूचना तथा संचार प्रविधि प्रतिष्ठान.................................................................................................१४७

१३.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति........................१४७

१३.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण.................१४७

१३.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण...............................................................१४७

१३.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ........................................................................१४८

१३.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण...............................१५०

१३.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण ....................................१५२

१३.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु .............१५२

१३.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ............................................१५३

१३.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम....................................................१५३

१३.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)..............१५३

१३.११ निष्कर्ष......................................................................................................१५३

**परिच्छेद-१४..........................................................................................।१५४**

प्रदेश योजना आयोग .............................................................................................१५४

१४.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति........................१५४

१४.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म  श्रोतगत आय र व्ययको विवरण.................१५४

१४.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण.................................................१५५

१४.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण ..........................................................१५५

१४.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण...............................१५६

१४.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण .....................................१५७

१४.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्मसम्पादन भएका महत्वपूर्ण कार्यहरु...............१५८

१४.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई................................................१५८

१४.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम.....................................................१५९

१४.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)..............१५९

१४.११ निष्कर्ष......................................................................................................१५९

**परिच्छेद-१५.........................................................................................१६०**

निष्कर्ष र सुझाव.....................................................................................................१६०

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान, वैदेशिक अनुदान तथा ऋणको अनुमान, राजस्व प्राप्ति तथा परिचालनको यथार्थ विवरण र प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था साथै अन्य आवश्यक विवरणहरु समेत समावेश गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । सो कानुनी प्रावधानका आधारमा प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालय तथा निकायहरुबाट आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक अवधि (वि.सं. २०७७ श्रावण देखि पुस मसान्तसम्म) मा भए गरेका कार्यहरुको विवरण समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ ।

प्रस्तुत प्रगति विवरणमा सबै मन्त्रालय/सचिवालय/लुम्बिनी प्रदेश अन्तर्गतका आयोग/प्रतिष्ठान/प्राधिकरणको लागि आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा पुस मसान्तसम्मको खर्च र उपलब्धीहरुको विवरण र प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँट रकमका साथै प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम एवम् स्थानीय तहबाट प्रदेश सरकारलाई प्राप्त राजस्व बाँडफाँटको रकम समेत समावेश गरिएको छ । आर्थिक वर्ष २०७७/७८ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटले निर्धारित गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई निकायगत रुपमा छुट्टाछुट्टै रुपमा प्रस्तुत् गर्नुका साथै प्रदेश योजना आयोगबाट प्रकाशित प्रदेशको वस्तुगत विवरण र विभिन्न मन्त्रालयहरुबाट प्राप्त तथ्याङ्कहरुका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

प्रस्तुत अर्धवार्षिक प्रतिवेदनमा संलग्न गरिएका विवरणहरु सम्वन्धित मन्त्रालय/निकायहरुबाट जे-जस्तो अवस्थामा प्राप्त भएका छन् सोही रुपमा नै प्रस्तुत गरिएका छन् ।

# परिच्छेद-२
## प्रदेश सभा सचिवालय

### २.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ पुस सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २,२८,७६१/- | ६४,९२८/- | २८.३८% |
| पुंजीगत | ३१,२३८/- | १००/- | ०.३२% |
| जम्मा | २,५९,९९९/- | ६५,०२८/- | २५% |

*(स्रोतः प्रदेश सभा सचिवालय)*

### २.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | - | - |
| ३ | नेपाल सरकार समपुरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | २,५९,९९९/- | ६५,०२८/- |

*(स्रोतः प्रदेश सभा सचिवालय)*

### २.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४८ | प्रदेश सभाका सदस्यहरुसँग कानून तर्जुमा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । विषयगत कानून निर्माण गर्दा सरोकारवालासँग छलफल, परामर्श तथा अन्तरक्रिया गरिनेछ। | कार्यक्रम कार्यान्वयनको चरणमा रहेको । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | प्रचलित कानूनहरुका सम्बन्धमा स्थानीय तहका न्यायिक समिति र सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ । | |

*(स्रोतः प्रदेश सभा सचिवालय)*

## २.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २५२ | सूचना प्रविधिको प्रयोगद्वारा प्रदेश सभाका गतिविधिलाई नागरिकसम्म पुर्याउने, नागरिकले सजिलैसँग आफ्ना सुझाव दिन पाउने र प्रदेश सभाका गतिविधिको भरपर्दो अभिलेखीकरण गर्ने । | - |
| २५३ | प्रदेश सभाका विषयगत समितिका माध्यमबाट अनुगमन कार्यलाई प्रभावकारी बनाई सुशासन प्रबर्द्धन गर्ने छु । | कार्यक्रम कार्यान्वयनको चरणमा रहेको । |
| २५४ | प्रदेश सभाका माननीय सदस्यहरुलाई संसदीय अभ्यास र कानून निर्माणको विषयमा विशिष्टिकृत ज्ञान उपलब्ध गराउन विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने । प्रदेश सभाका कर्मचारी र मर्यादापालकहरुको क्षमता अभिवृद्धि गर्ने । | |

*(स्रोतः प्रदेश सभा सचिवालय)*

## २.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण

(रु. हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १. | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ्ग तालिम | २ | ५०० | ० | ० % | ० | ० % |
| २. | शुभकामना आदान प्रदान कार्यक्रम | २ | ३०० | ० | ० % | ० | ० % |
| ३. | प्रदेश सभाका महत्वपूर्ण बैठकहरु टि भी मा प्रत्यक्ष प्रसारण गर्ने | ३ | १४४ | ० | ० % | ० | ० % |
| ४. | सभा र समितिहरुको गतिविधि समेट्ने रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण | ४५ | २०५० | ० | ० % | ० | ० % |
| ५. | सभा र समितिहरुको गतिविधि समेट्ने टि भी कार्यक्रम उत्पादन तथा प्रसारण | ४५ | २३४० | ० | ० % | ० | ० % |
| ६. | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | १००० | ० | ० % | ० | ० % |
| ७. | सभामुख निवासमा फुलबारी निर्माण | १ | ५०० | ० | ० % | ० | ० % |
| ८. | प्रदेश सभा विशेष समितिका सभापति र सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ७ | २१०० | ० | ० % | ० | ० % |
| ९. | संवाद केन्द्रमा विज्ञहरु सँगको अन्तर्क्रिया | १२ | १८०० | ० | ० % | ० | ० % |
| १०. | महिला मगर संघलाई भवन निर्माण अनुदान | १ | २०० | ० | ० % | ० | ० % |
| ११. | मास्क, ग्लबज, सेनिटाईजर, डिसइन्फेक्टिंग रसायन, सुगर टेस्टिङ्ग किट औषधि आदि खरिद | ३ | १५०० | १ | ३३.३३ % | ५० | ०.०३ % |
| १२. | मेडिकल उपकरण खरिद | ४ | ४०० | ० | ० % | ० | ० % |
| १३. | सभामुख निवासमा कम्पाउण्ड लेबलिङ्ग र रोलिंग कार्य | १ | १०० | ० | ० % | ० | ० % |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १४. | उपसभामुख निवासमा पार्किंग सेड निर्माण | १ | ४०० | ० | ०% | ० | ०% |
| १५. | नेकपा संसदीय दलको कार्यालयमा मुत्रालय निर्माण | १ | २५० | ० | ०% | ० | ०% |
| १६. | भर्चुअल कन्फरेन्स रुम सेटअप | १ | २००० | ० | ०% | ० | ०% |
| १७. | नास सेटअप | १ | ५०० | ० | ०% | ० | ०% |
| १८. | सिसिटिभि सहितको सर्भिलेन्स सिस्टम | १ | १५०० | ० | ०% | ० | ०% |
| १९. | समिति बैठक कक्षहरुमा अडियो रेकर्डिङ्ग सिस्टम | १ | २००० | ० | ०% | ० | ०% |
| २०. | डिजिटल नोटिस बोर्ड | १ | ३०० | ० | ०% | ० | ०% |
| २१. | ई-पुस्तकालय व्यवस्थापन सम्बन्धी सफ्टवेयर निर्माण तथा जडान | १ | ५०० | ० | ०% | ० | ०% |
| २२. | स्थानीय जनप्रतिनिधिको अभिमत लिने सफ्टवेयर प्रणाली तथा मोबाईल एप्लीकेशन निर्माण | १ | १५०० | ० | ०% | ० | ०% |
| २३. | ई-लेजिस्लेशन सफ्टवेयर स्तरोन्नति | १ | ५०० | ० | ०% | ० | ०% |
| २४. | क्षमता विकास तालिम | २ | ४३२ | ० | ०% | ० | ०% |
| २५. | प्रदेश सभा र सचिवालयका कर्मचारीलाई प्रविधि सम्बन्धी रिफ्रेसिङ्ग तालिम | २ | २१० | ० | ०% | ० | ०% |
| २६. | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ्ग तालिम | ३ | ३३० | ० | ०% | ० | ०% |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| २७. | स्थानीय निकाय र प्रदेश सभा सचिवालयका बीचमा अन्तर्क्रिया | २ | १००० | ० | ०% | ० | ०% |
| २८. | सचिवालय तथा संसदीय समिति परिसरमा फुलबारी | १ | ५०० | ० | ०% | ० | ०% |
| २९. | संसदीय कार्यप्रक्रिया र कार्य पद्धतिको अन्तरप्रदेश/संघीय अध्ययन अनुसन्धान र अवलोकन कार्यक्रम | २ | ८०० | ० | ०% | ० | ०% |
| ३०. | प्रदेश सभाले गरेको कार्यको त्रैमासिक समीक्षा प्रेस मिट | ४ | २०० | ० | ०% | ० | ०% |
| ३१. | जेनेरेटर सेड निर्माण | १ | ४०० | ० | ०% | ० | ०% |
| ३२. | सोलर हाईब्रिड सिस्टम फर लाईब्रेरी/संवाद केन्द्र | १ | १००० | ० | ०% | ० | ०% |
| ३३. | टेक्निकल ल्याब सेटअप | १ | ८५० | ० | ०% | ० | ०% |
| ३४. | कर्मचारी तथा पदाधिकारी प्रोफाईल तथा तलब भत्ता व्यवस्थापन प्रणाली | १ | ५०० | ० | ०% | ० | ०% |
| ३५. | भवन पार्टिशन तथा मर्मत | ४ | २०० | ० | ०% | ० | ०% |

## २.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | अन्य प्रशासनिक सेवा शुल्क १४२२९ | - | - | - |
| २. | प्रशासनिक दण्ड, | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| | जरिवाना र जफत १४३१२ | | | |
| ३. | बेरुजु १५१११ | - | १,३५७/५७४ | - |

*(स्रोतः प्रदेश सभा सचिवालय)*

## २.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

**(क) महत्वपूर्ण कार्यको विवरण (बुँदागत रुपमा)**

- प्रदेशको नामाकरण तथा स्थायी राजधानी टुंगो लगाएको ।
- दश वटा विधेयक पारित गरिएको ।

**(ख) खण्ड (क) मा उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान ( तथ्य/ तथ्याङ्क सहित)**

- स्थायी राजधानी तोकिएको स्थानमा आर्थिक क्रियाकलाप बढ्न सक्ने ।

## २.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई (यदि भए)

- प्रदेशको स्थायी राजधानी दाङ्गको राप्ती उपत्यका तोकीईसकेको अवस्थामा बुटवलमा रहेका अस्थायी पूर्वाधारहरुमा गरिने पुँजीगत खर्चहरु गर्न सान्दर्भिक नदेखिएको ।
- कोभिड-१९ को कारणले सामाजिक दुरी कायम गर्नुपर्ने हुँदा क्षमता अभिवृद्धि र सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको ।
- प्रदेशमा सुचना प्रविधि प्रतिष्ठानको स्थापना भइसकेको सन्दर्भमा यस सचिवालयलाई चालु आ व मा विनियोजित सुचना प्रविधि सम्बन्धी प्रणालीहरुको निर्माण तथा जडान कार्यक्रमहरु उक्त प्रतिष्ठानबाटै कार्यान्वयन गर्नु गराउनु पर्ने ।

## २.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम (प्रस्तावित)

- प्रदेश सभा र सचिवालय राप्ती उपत्यका दाङमा सर्ने/नसर्ने सन्दर्भमा शीघ्र निर्णय हुन सकेमा बुटवल मुकामका लागि विनियोजित कार्यक्रमहरु आवश्यकता अनुसार परिमार्जित तथा संशोधित गरी कार्यान्वयन गर्नुपर्ने ।
- दोस्रो चरणको कोभिड शिल्ड खोप प्राप्त गरे पश्चात कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि र सरोकारवालाहरुसँगको अन्तरक्रियाहरु सञ्चालन गर्न सकिने ।

## २.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)

-

## २.११ निष्कर्ष

जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभाको स्थापना गर्ने दीर्घकालीन सोच राखेको यस प्रदेश सभा सचिवालयले प्रदेश सभाको कानून निर्माण र संसदीय निगरानी गर्ने कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ आफ्नो क्षमताको उच्चतम उपयोग गर्दै जनप्रतिनिधिहरुको भुमिकालाई उच्च बनाउने तथा सक्षम र अत्याधुनिक सचिवालयको रुपमा विकास गर्ने रणनीतिका साथ अग्रसर छ ।

# परिच्छेद-३
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ३.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा अर्धवार्षिक वित्तीय प्रगति

( रु. हजारमा )

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ पुस सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १,७१,९२३ | ३४,४२७ | २०.०२ |
| पुँजीगत | १०,५०० | ९०५.८८६ | ८.६३ |
| जम्मा | १,८२,४१३ | ३५,३३२.८८६ | १९.३७ |

*(स्रोतः आन्तरिक प्रशासन शाखा)*

### ३.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | २,९४४.३० | १३.५८ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | १,८२,४२३ | ३५,३३२.८८६ |

*(स्रोतःआन्तरिक प्रशासन शाखा)*

## ३.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २४ | कोभिड-१९ को महामारीको असर न्यून भएसंगै प्रदेशको राजधानी र नामाकरण तोक्ने काम प्रदेशसभाबाट सम्पन्न गरिनेछ । राजधानी तोकिएको स्थानमा राजधानीका लागि आवश्यक जग्गाप्राप्ति, गुरुयोजनाको निर्माण र अत्यावश्यक संरचनाहरुको निर्माणको काम समेत सुरु गरिनेछ । प्रदेशको मौलिकता झल्कने गरी प्रदेशसभा भवन निर्माण गरिनेछ । | प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका(देउखुरी) र नाम लुम्बिनी प्रदेश नामाकरण तोक्ने काम प्रदेश सभाबाट सम्पन्न भएको छ ।राजधानी तोकिएको स्थानमा आवश्यक जग्गा प्राप्ति, गुरुयोजना निर्माण र अत्यावश्यक संरचनाको निर्माणका लागि राप्ती गाउँस्थानीय तह र मौरीघाटमा पूर्वाधार विकास प्राधिकरणको कार्यालय स्थापना गरिएको छ । साथै राजधानी व्यवस्थापन कार्यालय समेत स्थापना भैसकेको छ । |
| २६ | संघीयता कार्यान्वयनका सन्दर्भमा अहिलेसम्म भएका उपलव्धी र कमजोरीको समीक्षा गरी संघीयतालाई प्रभावकारी शासन प्रणालीको रुपमा विकास गर्न प्रदेश सरकारको भूमिकालाई थप प्रभावकारी बनाइनेछ । केन्द्र, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वयको बलियो आधार तयार गरिनेछ । संघीय सरकारसँगको संयोजनमा संघीयता कार्यान्वनमा देखिएका समस्या समाधान गरिनेछ । | संघीयता कार्यान्वयनको लागि यस प्रदेशमा ५९ वटा ऐनहरु बनाइएको, १७३ वटा प्रदेश कार्यालयको स्थापना र संचालन भईरहेको छ । साथै प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, समन्वय र पारस्परिक सहयोगका लागि चौथो प्रदेश समन्वय परिषद्को ३ वटा बैठकहरु सम्पन्न भई निर्णय कार्यान्वयन भैरहेको छ । |
| २७ | समायोजन कार्य सम्पन्न भएसँगै प्रदेशको विकास व्यवस्थापन र शासकीय प्रवन्धमा प्रभावकारीता ल्याउने गरी आवश्यक संरचनागत पुनर्गठन र सुधारको काम अघि बढाइनेछ । त्यसका लागि विज्ञहरु सम्मिलित एक कार्यदल गठन गरिनेछ । | प्रदेशको विकास व्यवस्थापन र शासकीय प्रबन्धमा प्रभावकारिता ल्याउने गरी प्रदेश स्तरीय अस्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भई सञ्चालनमा छ ।स्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि आवश्यक प्रकृया अगाडि बढाइसकिएको छ । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १५४ | आगामी आर्थिक बर्षमा प्रदेश सरकारी सेवा तथा स्थानीय सेवासम्बन्धी कानून तर्जुमा गरी प्रदेश तथा स्थानीय तहमा प्रदेश लोक सेवा आयोगमार्फत जनशक्ति भर्ना प्रक्रिया सुरु गरिनेछ । | • प्रदेश निजामती सेवा ऐनको प्रारम्भिक खाका तयार भएको छ ।<br>• स्वास्थ्य र इञ्जिनियरिङ सेवाका कर्मचारी भर्ना प्रकृया प्रदेश लोक सेवा आयोगबाट शुरु भैसकेको र वार्षिक कार्यतालिका समेत प्रकाशित भएको छ । |
| १५५ | आर्थिक तथा सामाजिक रुपमा विपन्न व्यक्ति र घरपरिवारहरुको जीवनस्तरमा सुधार गरी गरीवी निवारण गर्ने उद्देश्यका साथ संचालित **"मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम"** लाई यस प्रदेशका सबै स्थानीय तहमा आवश्यक परिमार्जनसहित विस्तार गरिनेछ । यस कार्यक्रमको संचालनबाट आयआर्जन, प्रविधि हस्तान्तरण र सीपविकासका माध्यमबाट रोजगारी सिर्जना भई गरीबी निवारणमा टेवा पुग्नेछ । यस कार्यक्रमलाई थप विषयक्षेत्रका कार्यक्रम र स्थानीय तहहरुसँगको सहकार्यका आधारमा प्रभावकारी रुपमा संचालन गरिनेछ । | • मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ संशोधन गरी कार्यान्वयनमा रहेको छ ।<br>• मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम १०९ वटै स्थानीय तहहरुमा विस्तार गरिएको छ ।<br>• कार्यक्रम सहजकर्ता छनौट गरी तालिम पश्चात कार्यक्षेत्रमा खटाइएको<br>• सबै स्थानीय तहहरुमा कार्यक्रम छनौट गरी कार्यान्वयनको चरणमा रहेको छ । |
| १५६ | प्रदेश सरकारवाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमूखी वनाउनुका साथै विकास निर्माण कार्यमा वित्तीय अनुशासन तथा जवाफदेहिता कायम गर्न मितव्ययिता, कार्यकुशलता र कार्यसम्पादनस्तरलाई मानकका रुपमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाइने । सरकारवाट सम्पादित क्रियाकलाप र खर्च प्रक्रिया पारदर्शी बनाइने। | प्रदेश सरकारबाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमुखी बनाउने उद्देश्यले प्रदेश सुशासन ऐन,२०७६ तथा प्रदेश सुशासन नियमावली, २०७७ पारित भई कार्यान्वयनमा रहेका छन् । सरकारबाट सम्पादित क्रियाकलाप र खर्च प्रकृया पारदर्शी बनाउनका लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी |

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | निर्देशिका, २०७५ कार्यान्वयनमा छ । |
| १५७ | प्रदेश तथा स्थानीय तहका कर्मचारीको ज्ञान, सीप र क्षमता अभिबृद्धिका लागि एकीकृत प्रशिक्षण केन्द्रको स्थापना गरी संचालनमा ल्याइनेछ । सेवा प्रवेश गर्ने सम्पूर्ण कर्मचारीहरुलाई सेवा प्रवेश र सेवाकालीन तालिम अनिवार्य गरिनेछ । प्रदेशमा मानव संसाधन विकासका लागि मानव संसाधन विकास नीति तर्जुमा गरिनेछ । | • प्रदेश प्रशिक्षण प्रतिष्ठानको गठन आदेश स्विकृत गरी प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति समेत भईसकेको छ ।<br>• प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावलीको मस्यौदा तयार भई छलफलको चरणमा रहेको छ ।<br>• प्रतिष्ठानले तालिम तथा प्रशिक्षण संचालनका लागि कार्यारम्भ गरीसकेको छ । |
| १५८ | **"समृद्ध प्रदेश, खुसी जनता"**को प्रदेशको दीर्घकालीन सोच हासिल गर्न राष्ट्रसेवकहरुलाई कामप्रति तत्पर र सेवाभावसहित समयमै कार्यसम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।<br><br>प्रदेशवाट प्रवाह हुने सेवालाई सरल, सहज तथा नतिजाउन्मूख बनाउनको लागि नतिजामा आधारित कार्य सम्पादन प्रणालीको अवलम्वन गरिनेछ । उच्च पदमा कार्यरत कर्मचारीहरु एवं ठुला आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी करारका शर्तहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइने।कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाई सेवा प्रवाह र कार्यसम्पादन स्तरलाई प्रभावकारी बनाइने । | लामो तथा छोटो अवधिका तालिम कार्यक्रमहरु सञ्चालनका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना र आवश्यक बजेट विनियोजन गरिएको छ । कर्मचारीहरुलाई अन्य प्रदेशहरुको भौगोलिक अवस्था एवं कार्यसम्पादनका विषयमा अनुभव दिलाउने उद्देश्यले अन्तर प्रदेश भ्रमण कार्यक्रम राखिएको छ । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६० | प्रदेश सरकार र स्थानीय तहहरुवाट निर्मित कानूनहरुमा एकरुपता, सामन्जस्यता र अन्तरसम्बन्ध कायम गर्न स्थानीय तहहरुले तर्जुमा गर्ने कानूनहरुको संकलन, एकीकृत अभिलेखाङ्कन र विश्लेषण गरी कानून निर्माणमा एकरुपता र तहगत अन्तरसम्बन्ध कायम गरिनेछ । स्थानीय तहहरुको कानून निर्माणमा क्षमता र दक्षता अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । | प्रदेश सरकार र स्थानीय तहहरुबाट निर्मित कानूनहरुमा एकरुपता, सामञ्जस्यता र अन्तरसम्बन्ध कायम गर्न स्थानीय तहले बनाउने कानूनहरूका लागि गाउँसभा/नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ निर्माण भई कार्यान्वयनमा छ । साथै स्थानीय तहको कानून नर्माणमा क्षमता र दक्षता अभिवृद्धि गर्न क्षमता अभिवृद्धि र अभिमुखिकरणका कार्यक्रमहरू तय गरी कार्यान्वन गरिएको छ। |
| १६१ | प्रदेश सरकारको काम कारवाहीमा सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ लागु गरिनेछ । प्रदेश सरकारप्रति नागरिकका गुनासा र उजुरी संकलन गरी तिनको यथाशीघ्र सम्बोधन तथा व्यवस्थापन गर्न र प्रदेश सरकारका कामकारवाही र गतिविधीबारे नागरीकलाई सुसूचित गर्न **"जनतासँग प्रदेश सरकार"** कार्यक्रम संचालन गरिनेछ । भ्रष्ट्राचार र अनियमिततालाई कडाइका साथ निगरानी र दण्डित गरिनेछ । भ्रष्ट्राचारविरुद्ध शुन्य सहनशिलताको नीति अबलम्बन गरिनेछ । सुशासन र समृद्धिका प्रयासलाई एकीकृत, चुस्त र जवाफदेहीपूर्ण वनाउन संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, सहकार्य र साझेदारीलाई संस्थागत र थप सुदृढ बनाइनेछ । | • प्रदेश सुशासन ऐन,२०७६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सुशासन नियमावली,२०७७ बनाई कार्यान्वयनमा रहेको छ । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| १६२ | प्रदेशमा तथ्याङ्कका लागि अन्य निकायहरुसँग आश्रित हुनुपर्ने अवस्थाको अन्त्य गर्दै सहज उपलब्धता र तथ्याङ्क व्यवस्थापनका लागि प्रदेशस्तरमा संरचनागत व्यवस्था गरिनेछ । प्रदेशका लागि आवश्यक सबै विषय क्षेत्रगत तथ्याङ्कहरु तहगत समन्वय गरी व्यवस्थित रुपमा संकलन र अभिलेख गरिनेछ । | • प्रदेश तथ्याङ्क ऐन, २०७५ पारित भएको तर यस ऐनले परिकल्पना गरे बमोजिम संस्थागत संरचना स्थापना गर्ने क्रममा रहेको छ । |
| १६३ | जिल्ला समन्वय समितिलाई स्थानीय तहको कार्यसम्पादनस्तरको समन्वय र अनुगमन गर्ने ईकाइको रुपमा विकास गरिनेछ । | • जिल्ला समन्वय समितिलाई स्थानीय तहको कार्यसम्पादनस्तरको समन्वय र अनुगमनका लागि प्रदेशबाट आवश्यक बजेट विनियोजन गरिएको छ । |

*(स्रोतः आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम एवं प्रथम चौमासिक समीक्षा)*

## ३.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| ४९ | विशेष अनुदानबाट चालु आर्थिक वर्षमा ७३ वटा स्थानीय तहमा सञ्चालित मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई कोभिड -१९ को असरबाट बेरोजगार बनेका नागरिकहरूलाई स्थानीय स्तरमै रोजगारीका अवसर समेत प्रदान गर्नेगरी मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रममा रुपान्तरण गरी प्रदेशका १०९ वटै स्थानीय तहमा विस्तार गरेको छु । उक्त कार्यक्रम समेतका लागि विशेष अनुदानतर्फ रू.१ अर्ब विनियोजन गरेको छु । | • मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ संशोधन गरी कार्यान्वयनमा रहेको छ ।<br>• मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम १०९ वटै स्थानीय तहहरुमा विस्तार गरिएको छ ।<br>• कार्यक्रम विस्तार भएसँगै थप कार्यक्रम सहजकर्ता छनौट गरी तालिम पश्चात कार्यक्षेत्रमा खटाइएको छ । |

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २१६ | चालु अधिवेशनमा प्रदेशको नाम र राजधानी टुंगो लगाई प्रदेश राजधानीको गुरूयोजना तयार गरिनेछ । प्रदेशको मौलिकता झल्कने गरी प्रदेश सभा भवन निर्माण कार्य अघि बढाइनेछ । | • प्रदेशको नाम लुम्बिनी र स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) हुने निर्णय प्रदेश सभाबाट पारित भएकोछ ।<br>• प्रदेशको स्थायी राजधानीको निर्माणको गुरुयोजना तयार गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई तोकिएको साथै गुरुयोजना निर्माणको थालनी भएको छ । |
| २३० | प्रदेशका विश्वविद्यालय, प्रतिष्ठान, आयोग, प्राधिकरण तथा कम्पनीजस्ता निकायका नेतृत्वलाई जवाफदेही र नतिजामुखी बनाउने गरी निर्दिष्ट कार्यदिश तयार गरिनेछ र कार्यसम्पादन करार शुरू गरिनेछ । साथै कार्यसम्पादन सम्झौता प्रक्रियालाई विस्तार गर्दै मन्त्रालयका महाशाखा प्रमुख, निर्देशनालयका प्रमुख तथा कार्यालय एवम् आयोजना प्रमुखसँग सम्झौता गरी करारका शर्तहरूलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ । | निर्दिष्ट कार्यदिश भई कार्यसम्पादन शुरू भएको छ । |
| २३१ | प्रदेश सरकार र स्थानीय तहहरूबाट निर्मित कानूनहरूमा एकरूपता, सामान्जस्यता र अन्तरसम्बन्ध कायम गर्न स्थानीय तहहरूले तर्जुमा गर्ने कानूनहरूको संकलन, एकीकृत अभिलेखाङ्कन र विश्लेषण गरी कानून निर्माणमा एकरूपता र तहगत अन्तरसम्बन्ध कायम गरिनेछ । | प्रदेश र स्थानीय तहबाट निर्मित कानूनहरुमा एकरुपता, सामञ्जस्यता र अन्तर्सम्बन्ध कायम गर्न गाउँसभा/नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन,२०७५ कार्यान्वयनमा रहेको तथा स्थानीय तहको कानून निर्माण क्षमता अभिवृद्धिका लागि कार्यक्रम तय भई कार्यान्वयनमा रहेका छन् । |
| २३२ | सामाजिक कुरीति, घरेलु हिंसालगायत समाजमा रहेका विसंगति एवम् विकृति रोकथाम र न्यूनीकरण गरिनेछ । साथै, स्थानीय न्यायिक समितिको क्षमता विकास गर्न आवश्यक तालिम सञ्चालन गरिनेछ। | स्थानीय तहमा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा गठित स्थानीय न्यायिक समितिहरूको क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम तय गरी कार्यान्वयनमा रहेका छन् । |
| २३३ | स्थानीय तहको कानून तर्जुमा र न्यायिक | • कानूनमा स्नातक गरेका १२ जना |

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | समितिको कार्य सम्पादनमा सहयोग गर्न कानूनी जनशक्तिको आवश्यकता रहेको हुँदा कानून विषयमा स्नातक गरेका विद्यार्थीलाई केही समयका लागि ईन्टर्नको रूपमा स्थानीय तहहरूमा काम गर्ने गरी प्रबन्ध मिलाइनेछ | विद्यार्थीलाई कानूनी ईन्टर्नको रुपमा प्रदेशका विभिन्न जिल्लाहरुमा खटाइएको छ । |
| २३४ | प्रदेश सुशासन ऐन, २०७६ को प्रभावकारी कार्यान्वयनमार्फत प्रदेश सरकारको काम कारवाहीमा सुशासन कायम गर्ने र भ्रष्टाचारविरुद्व शुन्य सहनशीलता नीति अवलम्वन गरिनेछ। | • प्रदेश सुशासन ऐन, २०७६ र प्रदेश सुशासन नियमावली, २०७७ स्वीकृत भई कार्यान्वयनमा ल्याईएको छ । |
| २३६ | प्रदेश सेवामा कार्यरत सबै अस्थायी र करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ। | यस प्रदेशमा योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक नीतिगत व्यवस्थाको प्रयास भइरहेको छ । |
| २३७ | प्रदेश तथा स्थानीय तहमा आवश्यक कानून तर्जुमा गरी प्रदेश लोकसेवा आयोगमार्फत जनशक्ति भर्ना प्रक्रिया सुरू गरिनेछ। प्रदेश सरकारका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ। उपलब्ध मानव स्रोतको ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धिका लागि बाँके जिल्लाको नेपालगञ्जमा रहेको प्रशिक्षण केन्द्रको स्तरोन्नति गरी संचालनमा ल्याइनेछ । | • प्रदेश लोक सेवा आयोगले कर्मचारी भर्ना प्रकृया आरम्भ गरेको साथै कर्मचारी भर्ना सम्बन्धी वार्षिक कार्यतालिका समेत बनाएको छ ।<br>कर्मचारीको ज्ञान, सीप, दक्षता क्षमता अभिबृद्धिका लागि तालिम, प्रशिक्षण तथा अभिमुखिकरण संचालन गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन आदेश स्विकृत भई प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ । |
| २३८ | प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाईराख्न नेपाल सरकारले अवलम्बन गरेको नीति बमोजिमको सुविधा उपलब्ध गराउने | • प्रदेश निजामती सेवा ऐनको प्रारम्भिक मस्यौदा तयार भैरहेको छ ।<br>• प्रदेशमा कार्यरत कर्मचारीको सेवा सुविधा संघीय सरकारले तोके बमोजिम उपलब्ध गराईएको छ । |

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २३९ | नागरिकका गुनासा र उजुरी संकलन गरी तिनको यथाशीघ्र सम्बोधन तथा व्यवस्थापन गर्न र प्रदेश सरकारका कामकारवाही र गतिविधिबारे नागरिकलाई सुसूचित गर्न **जनतासँग प्रदेश सरकार** कार्यक्रम संचालन गरिनेछ । | नागरिकका गुनासा र उजुरी नियमित रुपमा सुन्न र तिनको समाधान गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत हटलाइन सेवा सञ्चालनमा रहेको साथै जनतासँग प्रदेश सरकार भन्ने कार्यक्रमको आवश्यक तयारी भइरहेको । |
| २४१ | प्रदेशमा सुशासन र समृद्धिका प्रयासलाई एकीकृत, चुस्त र जवाफदेही बनाउन संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र साझेदारीमा संस्थागत व्यवस्था गरी सेवा प्रवाह र कार्यसम्पादन स्तरलाई गुणस्तरीय बनाइनेछ । प्रदेश र स्थानीय तहको सेवा प्रवाह र विकास व्यवस्थापनमा प्रत्यक्ष संलग्न हुने जनप्रतिनिधि र कर्मचारीहरूको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिका कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । | यस प्रदेशमा जनप्रतिनिधि एवम् कर्मचारीको क्षमता विकास प्रशिक्षण प्रतिष्ठानद्वारा आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । |
| २६२ | आयोजनाहरूको नियमित अनुगमनका साथै सूचना प्रविधिको माध्यमबाट श्रव्य-दृश्य अनुगमन गरिनेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुगमन मूल्यांकन एक्सन रूम स्थापना गरी ठूला आयोजनाहरूको सोझै अनुगमन गर्ने व्यवस्था मिलाएको छु। | • मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा Action Room व्यवस्थापन कार्य शुरु भएको छ । |
| २६३ | जिल्ला समन्वय समितिको समन्वयमा सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभाका माननीय सदस्यहरूको सहभागितामा आ-आफ्ना क्षेत्रका आयोजनाको अनुगमन मूल्याङ्कनका लागि जिल्ला समन्वय समितिलाई आवश्यक बजेट विनियोजन गरेको छु । | • अनुगमन मूल्याङ्कन लागि जिल्ला समन्वय समितिलाई आवश्यक बजेट विनियोजन गरिएको छ । |

*(स्रोतः बजेट वक्तव्य एवं प्रथम चौमासिक समीक्षा)*

## ३.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण

(रु. हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | कर्मचारी तालिम प्रमाण पत्र दिने/नदिने तालिम तथा गोष्ठी | २ | २८०० | | | | |
| २ | पुनर्ताजगी/अभिमुखीकरण जस्ता तालिम (तालिम तथा गोष्ठी) | ५ | १२०० | | | | |
| ३ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | १ | १०० | | | | |
| ४ | बैठक व्यवस्थापन र संचालन तथा मन्त्रिपरिषद्को निर्णयहरुको विद्युतीय अभिलेख व्यवस्थापन | १५ | ३००० | | | ० | ० |
| ५ | प्रदेशस्तरका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण | ३ | १५०० | ० | ० | ० | ० |
| ६ | सुशासन तथा भ्रष्टाचार निवारण सम्बन्धी शैक्षिक संस्थाहरुमा जनचेतना कार्यक्रम | ५ | ५०० | ० | ० | ० | ० |
| ७ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण | २ | १००० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ८ | प्रदेश सेवाका कर्मचारीहरुको अभिलेख व्यवस्थापन | ३ | १५०० | ० | ० | ० | ० |
| ९ | पुस्तकालय व्यवस्थापन र संचालन | ३ | १५०० | | | ६.९६४ | ०.४६ |
| १० | प्रदेश सरकार अन्तरगतका कार्यालयहरु तथा मन्त्रिपरिषद्को निर्णयहरुको कार्यान्वयन अवस्थाको अनुगमन | १० | १००० | | | ७०.८ | ७.०८ |
| ११ | नेतृत्व र संगठन व्यवस्थापन सम्बन्धी कार्यक्रम | २ | १००० | १ | १०० | ५७५ | ५.७५ |
| १२ | इगभर्नेन्स तथा अटोमेशन कार्यक्रम | १ | ६०० | ० | ० | ० | ० |
| १३ | मानव संसाधन विकास योजना तर्जुमा | ५ | १००० | ० | ० | ० | ० |
| १४ | दिवस समारोह तथा अन्य कार्यक्रम | ५ | २५०० | | | ३०.५ | १.२२ |
| १५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको Action Room व्यवस्थापन | ६ | ३००० | ० | ० | ० | ० |
| १६ | कर्मचारी अध्ययन छात्रवृत्ति | २ | २००० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १७ | प्रदेश समन्वय परिषद्को बैठक | २ | ४००० | ० | ० | ० | ० |
| १८ | पदाधिकारी तथा कर्मचारीहरुको अन्तरप्रदेश भ्रमण | ६ | १५०० | ० | ० | ० | ० |
| १९ | प्रदेश र स्थानीय तहहरुका बीच समन्वय र सहकार्य | १० | १००० | ० | ० | ० | ० |
| २० | प्रदेश सभासद्सँग कानून निर्माण सम्बन्धमा अन्तरक्रिया र समन्वय | ३ | २१०० | ० | ० | ० | ० |
| २१ | कानूनी ईन्टनसीप | ३० | १९५० | | | ४१४.६६३ | २१.२६ |
| २२ | कानून तथा कार्यविधि निर्माण | ४ | २००० | | | २१ | १.०५ |
| २३ | फैसला कार्यान्वयन सम्बन्धी अभिलेखीकरण र अनुगमन कार्यक्रम | ५ | ८०० | ० | ० | ० | ० |
| २४ | मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धी कार्यक्रम | १ | ५०० | | | १४२ | २८.४ |
| २५ | गाउँसभा, नगरसभा सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १२ | २९९५ | | | १६६८.७४१ | ५५.७२ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| २६ | विज्ञापन तथा परीक्षा संचालन | १ | ६०० | | | ३७१.८६८ | ६१.९८ |
| २७ | सहजकर्ता अभिमुखीकरण अनुशिक्षण तथा पुनर्ताजगी कार्यक्रम | ३ | ९०० | | | ४२०.१८० | ४६.६९ |
| २८ | समितिहरुको अभिमुखीकरण कार्यक्रम | १२ | ३३०० | ० | ० | ० | ० |
| २९ | स्थानीय तह तथा जिसससँग अन्तरक्रिया कार्यक्रम | ५० | ५००० | | | २८४.०९२ | ५.६८ |
| ३० | कार्यक्रम समन्वय इकाईमा कार्यरत कर्मचारीको क्षमता विकास तालिम | ३ | ४५० | ० | ० | ० | ० |
| ३१ | कार्यक्रमको प्रभाव मूल्याङ्कन | | ५०० | ० | ० | ० | ० |
| ३२ | उस्तै प्रकृतिको कार्यक्रम संचालन भएका मुलुक तथा प्रदेशको अध्ययन भ्रमण | | १००० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ३३ | प्रदेशका योजना तथा अनुदानमा संचालित योजनाहरुको जिससमार्फत अनुगमन | | ६००० | ० | ० | ० | ० |
| ३४ | जिल्ला व्यवस्थापन तथा समन्वय समितिको कार्यक्रम व्यवस्थापन तथा अनुगमन | | ४५०० | ० | ० | ० | ० |
| ३५ | कार्यालय भवन,मुख्यमन्त्री निवास र कर्मचारी निवास भवनको सुधार | | ३००० | | | | |

*(स्रोतः आन्तरिक प्रशासन शाखा)*

## ३.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९ | - | १ | - |
| २ | १५१११ | - | ३३.४९४ | - |
| जम्मा | | - | ३४.४९४ | - |

*(स्रोतः आन्तरिक प्रशासन शाखा )*

## ३.७ आ.व. २०७७/७८ मा २०७७ पुससम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन आदेश स्वीकृत भई प्रतिष्ठान स्थापना भएको । मन्त्रिपरिषद्वाट कार्यकारी निर्देशक समेत नियुक्ति भएको र मा.मुख्यमन्त्रीज्यूको अध्यक्षतामा प्रशिक्षण परिषद्को बैठक बसी आवश्यक निर्देशन प्राप्त भएको । प्रतिष्ठानबाट छोटो र लामो अवधिका तालिमबाट वार्षिक करिब ५००० जनशक्तिले तालिम प्राप्त गर्नेछन् ।

- प्रदेशमा आवश्यक जनशक्ती व्यवस्थापनका लागि प्रदेश लोक सेवा आयोग मार्फत कर्मचारी भर्ना प्रक्रिया अगाडि बढाइएको ।
- कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७ बमोजिम प्रदेश अन्तर्गतका कर्मचारीहरुको सरुवा व्यवस्थापन कार्यसम्पन्न भएको ।
- प्रदेश सरकारबाट संचालित सबै आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्नको लागि एकीकृत अनुगमन चेक लिष्ट तयार गरी कार्यान्वयन गरिएको ।
- आ.व. २०७७/७८ का लागि स्वीकृत एकीकृत अनुगमन ढाँचा अनुसारको कार्यक्रम कोभिड-१९ का कारणले भौतिक रुपमा उपस्थित भई सञ्चालन गर्न नसकिएको हुंदा Virtual Modality मा अनुगमन गर्ने कार्य शुरु गरिएको । यस क्रममा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका ८ वटा कार्यालय (गुल्मी, पाल्पा, अर्घाखाँची, कपिलवस्तु, दाङ्ग, बर्दिया, बाँके र प्युठान) कार्यालयहरुको Joint Online Monitoring गरिएको ।
- मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको ।
- मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण गरिएको ।
- प्रदेशको सुशासनको सन्दर्भमा सुधारका योजना वनाई कार्यान्वयन गर्नका लागि एक समिति गठन भई कार्ययोजना निर्माण कार्य प्रारम्भ गरिएको ।
- मन्त्रालय तथा निकायहरुबाट कार्यान्वयन हुने आयोजना तथा क्रियाकलापहरुको अभिलेखन, प्रतिवेदन र अनुगमन प्रणालीलाई अनलाइन पद्धतिमा रुपान्तरण गर्न सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान मार्फत कार्यादेशको मस्यौदा तयार गरिएको ।
- आ.व. ०७६/७७ को प्रदेश र अन्तर्गतका निकायहरु तथा स्थानिय तहहरुका पदाधिकारी तथा तोकिएका २६ हजार कर्मचारीहरुको सम्पती विवरणको अभिलेखाङ्कन तथा प्रतिवेदन गरिएको ।
- कार्यसम्पादन मूल्याङ्कन प्रदेश मन्त्रालय तथा स्थानीय तहबाट पेश भएका कार्यसम्पादन मूल्याङ्कन फारामहरु मूल्याङ्कन गरी अभिलेख गरिएको ।
- मा.मुख्यमन्त्रीज्यूको उपस्थितिमा अन्तर्राष्ट्रिय विकास साझेदारीहरुसँग समन्वयात्मक बैठक सम्पन्न गरिएको ।
- आ.व. २०७७/७८ मा प्रदेशका विषयगत मन्त्रालयबाट सञ्चालन हुने ५ करोड भन्दा बढी बजेट विनियोजन भएका प्रादेशिक महत्वका आयोजना/कार्यक्रमहरुको विवरण एकीकृत गरिएको,
- सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन तयार भएको
- प्रदेशमा कार्यरत कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिताको मस्यौदा तयार भई समितिवाट प्रतिवेदन पेश भएको ।
- विभिन्न जिल्लाका पहिरो प्रभावित वस्ती आवास तथा पुर्वाधार निर्माणको लागि समन्वयात्मक बैठक गरी रु ७५ करोड रकम प्रदेश सरकारसँग माग गरी पठाइएको

- प्रदेश योजना आयोगबाट तयार हुने प्रदेशको २० वर्षे दीर्घकालीन योजना तर्जुमाको लागि समन्वय गरिएको
- प्रदेशस्तरका कार्यालयमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरुलाई नेतृत्व तथा संगठन व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न गरिएको ।

## ३.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई (यदि भए)

- कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्य चुनौतिपूर्ण हुनु ।
- आन्तरिक तथा अन्तरनिकाय समन्वय अपेक्षित रुपमा प्रभावकारी नहुनु ।

## ३.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम (प्रस्तावित)

- सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय बढाउनुपर्ने ।

## ३.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)

## ३.११ निष्कर्ष

# परिच्छेद-४
# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ४.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा अर्धवार्षिक वित्तीय प्रगति

( रु. हजारमा )

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ पुस सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २३३०९९ | ३८१४३.२ | १६.३६ |
| पुंजीगत | ४७५९०० | १९१८ | ०.४ |
| जम्मा | ७०८९९९ | ४००६१.२ | ५.६५ |

(स्रोतः . आन्तरिक मामिला तथा कानन मन्त्रालय )

## ४.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ७०८९९९ | ३९४६१.२ |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपुरक अनुदान | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | | |

*(स्रोतः. आन्तरिक मामिला तथा कानून मन्त्रालय.)*

## ४.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | प्रदेश प्रहरी इकाई भवन निर्माण | अघिल्लो आर्थिक बर्षमा प्रस्ताव गरिएका प्रदेश प्रहरी इकाई भवन निर्माण कार्यलाई निरन्तरता दिदैं यो बर्ष रोल्पाको खुङग्री, दाङको दुइखोली, पाल्पाको पूर्वखोला, बाँकेको भगवानपुर, कपिलवस्तुको गणेशपुर र |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १३९ | | रुपन्देहीको बुटवलमा प्रदेश प्रहरी इकाई भवन निर्माणका लागि रकम वण्डा गरी सम्बन्धीत जिल्ला प्रहरी कार्यालयहरुलाई बजेट अख्तियारी प्रदान गरिएको । |
| | प्रदेश अनुसन्धान ब्यूरो गठन | |
| १४० | प्रदेश प्रहरी अस्पतालको स्तरोन्नति | फोरेन्सिक ल्याब निर्माणका लागि प्रदेश प्रहरी अस्पताल नेपालगंजलाई बजेट अख्तियरी प्रदान गरिएको । |
| १४१ | प्रदेश प्रहरीको क्षमता अभिवृद्धि | |
| १४२ | ट्राफिक व्यवस्थापन र सि.सि.टि.भि. जडान | भि.एम.एस. प्रविधिमा आधारित मन्त्रालयगत सुरक्षा प्रणाली जडानको कार्य अगाडि बढिरहेको र सुरक्षा संवेदनशिल क्षेत्रको पहिचान गरी प्रदेशका अन्य क्षेत्रमा सि.सि.टि.भि. जडान गर्ने तयारी गरिएको । |
| १४३ | लागूपदार्थ विरुद्ध जनचेतनामुलक कार्यक्रम | |
| १४४ | कारागार सुधार | रोल्पा, दाङ्ग र प्यूठानमा कारागार कार्यालय निर्माणका लागि बजेट अख्तियरी प्रदान गरिएको । |
| १४५ | पूर्वसुचना प्रणाली जडान | |
| | हेलिप्याड निर्माण | रोल्पाको तिला, प्यूठानको गौमुखि र बिजुवार, रुकुम पूर्वको पुथाउत्तरगंगा र मैकोट, दाङ्गको गडवामा हेलिप्याड निर्माणको लागि नेपाल सरकारको स्वीकृति लिइ बजेट अख्तियारी दिने तयारी गरिएको तथा रुपन्देहीको बुटवलमा हेलिप्याड निर्माणका लागि शिलबन्दी दरभाउपत्र माग गरिएको । |
| १४६ | विपद् प्रतिकार्य तालिम केन्द्रको स्थापना र संचालन | |
| १४७ | द्वन्द्व प्रभावित व्यक्तिहरुको उपचार | लुम्बिनी प्रादेशिक अस्पतालमा द्वन्द्व प्रभावित व्यक्तिहरुको उपचार भैरहेको |
| | द्वन्द्व प्रभावितहरुका लागि | |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | स्वरोजगार कार्यक्रम | |
| १४८ | कानून तर्जुमाका सम्बन्धमा अन्तरक्रिया र छलफल | |
| १४९ | सामाजिक कुरीति र घरेलु हिंसा न्यूनिकरण | |
| १५२ | प्रदेश चलचित्र बोर्डको गठन र संचालन | |
| | प्रेस रजिष्ट्रारको कार्यालय स्थापना | |
| १५३ | संचार माध्यम, पत्रकार एवं संचारकर्मीको क्षमता अभिवृद्धि | |
| | संचार माध्यमसँग सहकार्य | |

*(स्रोतः* आन्तरिक मामिला तथा कानून मन्त्रालय.)

## ४.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २२१ | प्रदेश प्रहरी इकाई भवन निर्माण | अघिल्लो आर्थिक बर्षमा प्रस्ताव गरिएका प्रदेश प्रहरी इकाई भवन निर्माण कार्यलाई निरन्तरता दिदैं यो बर्ष रोल्पाको खुङग्री, दाङको दुइखोली, पाल्पाको पूर्वखोला, बाँकेको भगवानपुर, कपिलवस्तुको गणेशपुर र रुपन्देहीको बुटवलमा प्रदेश प्रहरी इकाई भवन निर्माणका लागि रकम वण्डा गरी सम्बन्धीत जिल्ला प्रहरी कार्यालयहरुलाई बजेट अख्तियारी प्रदान गरिएको । |
| २२२ | सुरक्षा संवेदनशील क्षेत्रमा सि.सि.टि.भि जडान | भि.एम.एस. प्रविधिमा आधारित मन्त्रालयगत सुरक्षा प्रणाली जडानको कार्य अगाडि बढिरहेको । |
| २२३ | कारागार सुधार | रोल्पा, दाङ्ग र प्यूठानमा कारागार कार्यालय निर्माणका लागि बजेट अख्तियरी प्रदान गरिएको । |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २२४ | प्रदेश प्रहरी अस्पतालको स्तरोन्नति | फोरेन्सिक ल्याब निर्माणका लागि प्रदेश प्रहरी अस्पताल नेपालगंजलाई बजेट अख्तियरी प्रदान गरिएको । |
| २२५ | लागूऔषध दुर्व्यशन न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम | |
| २२६ | विपद् जोखिमयुक्त क्षेत्रको पहिचान र नक्साङ्कन | |
| २२७ | हेलिप्याड निर्माण | रोल्पाको तिला, प्यूठानको गौमुखि र बिजुवार, रुकुम पूर्वको पुथाउत्तरगंगा र मैकोट, दाङ्गको गडवामा हेलिप्याड निर्माणको लागि नेपाल सरकारको स्वीकृति लिइ बजेट अख्तियारी दिने तयारी गरिएको तथा रुपन्देहीको बुटवलमा हेलिप्याड निर्माणका लागि शिलबन्दी दरभाउपत्र माग गरिएको । |
| २२८ | विपद् व्यवस्थापन कोष | विपद्का घटनामा परेका परिवारलाई राहत वितरण गर्ने प्रयोजनका लागि स्थापित प्रदेश विपद् व्यवस्थापन कोषलाई रु १० करोड नघट्ने गरी व्यवस्था गरिएको । |
| २२९ | द्वन्द्व प्रभावित व्यक्तिलाई व्यवसायिक क्षमता विकास र सामाग्री अनुदान कार्यक्र | |

## ४.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण

(रु. हजारमा)

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | वार्षिक लक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिणाम | बजेट | परिणाम | परिणाम प्रतिशत | बजेट | बजेट प्रतिशत |
| १ | इन्टिग्रेटेडडिजास्टर म्यानेजमेनट एण्ड अर्ली वार्निङ्गसिस्टम | | १०००० | | | | |
| २ | विपद व्यवस्थापनसामग्री भण्डारण केन्द्र ट्वाइलेट मर्मत | | ५०० | | | | |
| ३ | विपद व्यवस्थापन सामग्री भण्डारण केन्द्रगेट, कम्पाउन्ड वालनिर्माण तथा तारवार | | २००० | | | | |
| ४ | विपद व्यवस्थापन सामग्री भण्डारण केन्द्रफर्निचर खरिद | | २००० | | | | |
| ५ | हेलिप्याड निर्माण | | ५००० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ६ | विपद्प्रतिकार्य तालिम केन्द्र शमशेरगञ्जको भवन मर्मत सञ्चालन | | ५००० | | | | |
| ७ | विपद् व्यवस्थापनसामग्री खरिद | | २०००० | | | | |
| ८ | कोभिड- १९ भाईरस रोकथाम तथा नियन्त्रण सुरक्षा परिचालन खर्च | | ५००० | | | २९०० | ५८ |
| ९ | प्रदेशस्तरीय विपद् विपद् व्यवस्थापन गोष्ठी | | १००० | | | | |
| १० | विपद्पूर्वतयारी सम्बन्धी गोष्ठी | | ९०० | | | | |
| ११ | विपद्कोजोखिममा रहेका स्थानीय तहलाई विपद् प्रतिकार्य तालिम सञ्चालन | | ४००० | | | | |
| १२ | प्रदेशकाविपद् जोखिम क्षेत्रहरुको पहिचान र नक्साङ्कन | | १५०० | | | | |
| १३ | विपद्उद्धार खर्च | | ५००० | | | | |
| १४ | प्रदेशपत्रकार महासंघलाई कार्यक्रम संचालन खर्च | | ५०० | | | | |
| १५ | प्रदेशभित्रका पत्रकारहरुको (महिला, मुस्लिम, दलित, सिमान्तकृत, अल्पसंख्यक, तेस्रोलिङ्गी समेत) क्षमता अभिवृद्धि कार्यक्रम | | १००० | | | | |
| १६ | प्रदेशकाविभिन्न कार्यक्रमहरुको लाइभ प्रसारण | | १५०० | | | | |
| १७ | सञ्चारमाध्यमतथा संचारकर्मी सम्मान | | ५०० | | | | |
| १८ | मातृभाषामाफिल्म/ डकुमेन्ट्री महोत्सव | | २५०० | | | | |
| १९ | जनतासँगप्रदेश सरकार सम्बन्धी सूचनामुलक कार्यक्रम | | ४००० | | | १०८३ | २७ |
| २० | प्रदेशमासुचिकृत र आवद्ध सबै निजी रेडियोहरुसँग सहकार्य अनुदान | | १००० | | | | |
| २१ | प्रदेशमासुचीकृत र आवद्ध छापा तथा अनलाइन संचार माध्यमसँग सहकार्य अनुदान | | ५००० | | | | |
| २२ | प्रदेशमासुचीकृत र आवद्ध टेलिभिजन कार्यक्रम संचालन सहकार्य अनुदान | | ५००० | | | | |
| २३ | मगर/थारुसांस्कृतिक वृत्तचित्र निर्माण | | ५००० | | | | |
| २४ | प्रदेशस्थापना दिवस (३ वर्ष) र प्रदेश एक्स्पोको वृत्तचित्र निर्माण | | १५०० | | | | |
| २५ | प्रदेशमासुचिकृत सञ्चारमाध्यमहरुसँग सहकार्य अनुदान | | ५००० | | | | |
| २६ | प्रदेशमासुचिकृत र आवद्ध सबै सामुदायिक रेडियोहरुसँग सहकार्य अनुदान | | ५००० | | | | |
| २७ | सामुदायिकरेडियो प्रसारक संघको लागि भवन | | १५०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण अनुदान | | | | | | |
| २८ | चटयाङबाटएफ.एम.को सुरक्षा कार्यक्रम | | ५००० | | | | |
| २९ | पत्रकारसम्बद्ध संस्थालाई मेशिनरी औजार | | १५०० | | | | |
| ३० | पत्रकारसम्बद्ध संस्थाको फर्निचर खरिद | | १५०० | | | | |
| ३१ | मगर/थारुथिएटरलाई मेशिनरी औजार | | १००० | | | | |
| ३२ | मगर/थारुथिएटरलाई फर्निचर | | ३००० | | | | |
| ३३ | नेपालपत्रकार महासंघ प्यूठान, भवन मर्मत | | ५०० | | | | |
| ३४ | नेपालपत्रकार महासंघ बाँके, भवन मर्मत | | ५०० | | | | |
| ३५ | नेपालपत्रकार महासंघ बर्दिया, भवन मर्मत | | ५०० | | | | |
| ३६ | नेपालपत्रकार महासंघ दाङ, भवन मर्मत | | ५०० | | | | |
| ३७ | नेपालपत्रकार महासंघ गुल्मी, भवन मर्मत | | ५०० | | | | |
| ३८ | पूर्वीरुकुम पत्रकार महासंघ गठन तथा संचालन | | ५०० | | | | |
| ३९ | प्रदेशमामिला सूचना केन्द्रमा कार्यरत सूचना समन्वयकर्ता र कानूनी सहजकर्ताको क्षमताअभिवृद्धि कार्यक्रम | | १००० | | | | |
| ४० | प्रदेशमामिला सूचना केन्द्रको लागि फर्निचर खरिद | | १३०० | | | | |
| ४१ | दन्द्व प्रभावित स्वरोजगार कार्यक्रम | | ३०००० | | | | |
| ४२ | लागु औषध दुर्व्यसन न्युनीकरणको लागि सचेत नाकार्यक्रम | | १५०० | | | | |
| ४३ | जिल्ला स्तरीय सुरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रण सम्बन्धी अन्तरक्रिया तथा छलफल गोष्ठी | १२ | १२०० | ५ | ४१.६६ | ३८९ | ३२.४ |
| ४४ | प्रदेश स्तरीय सुरक्षा गोष्ठी | | ४००० | | | | |
| ४५ | द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचार | | ५००० | | | | |
| ४६ | प्रदेश सुरक्षा नीति तर्जुमा | | ५०० | | | | |
| ४७ | कारागारका कैदी बन्दीको व्यावसायिक सीप विकास कार्यक्रम | | २४०० | | | | |
| ४८ | कारागारका कैदी बन्दीको सकारात्मक सोंच बिकास कार्यक्रम | | १५०० | | | | |
| ४९ | कैदीबन्दीहरुको लागि व्यवसायिक सीप तथा क्षमता विकासको लागि सामाग्री अनुदान | | ३००० | | | | |
| ५० | स्वरोजगार तालिम प्राप्त द्वन्द्व प्रभावितलाई सामाग्री अनुदान | | १०००० | | | | |
| ५१ | कारागारभवन प्युठान डि.पि.आर. | | ५०० | | | | |
| ५२ | सि.सि.टि.भि.मर्मत | | १२०० | | | | |
| ५३ | अन्तरप्रदेशआन्तरिक मामिला तथा कानून मन्त्रालयस्तरीय अन्तरक्रिया कार्यक्रम | | ३००० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४ | प्रादेशिकट्राफिक चेतना प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम | | २००० | | | | |
| ५५ | सि.सि.टि.भि.जडानको अध्ययन र प्रभावकारीता मूल्याङ्कन तथा प्रतिवेदन | | ५०० | | | | |
| ५६ | प्रदेशप्रहरी अतिरिक्त क्रियाकलाप संचालन | | ३००० | | | | |
| ५७ | प्रदेशप्रहरी इकाइ भवन निर्माण | | १२३००० | | | | |
| ५८ | सशस्त्रप्रहरी बाहिनी बैठकहल निर्माण | | ३००० | | | | |
| ५९ | प्रदेशप्रहरी कार्यालय बुटवल तालिम केन्द्र ब्यारेक निर्माण | | ४००० | | | | |
| ६० | ट्राफिकप्रहरी सुरक्षा चेकचाज पोष्ट निर्माण | | २५०० | | | | |
| ६१ | मोटरसाइकल | | १५००० | | | | |
| ६२ | भि.एम.एस.सिस्टममा कम्प्याटिबल हुनेगरी सि.सि.टि.भि. प्रणालीको जडान | | २०००० | | | | |
| ६३ | भि.एम.एस.प्रविधिमा आधारित मन्त्रालयमा सुरक्षा प्रणाली जडान | | २००० | | | | |
| ६४ | ५नं. प्रदेश प्रहरी तालिम केन्द्रको मर्मत सुधार | | २५०० | | | | |
| ६५ | सशस्त्रप्रहरी बल बुटवल सभा हल मर्मत | | ५०० | | | | |
| ६६ | जिल्लासमन्वय समिति रोल्पाद्धारा निर्मित गेष्ट हाउस मर्मत सुधार | | ५०० | | | | |
| ६७ | जिल्लासमन्वय समिति प्युठानद्धारा निर्मित गेष्ट हाउस मर्मत सुधार | | ५०० | | | | |
| ६८ | जिल्लासमन्वय समिति दाङद्धारा निर्मित गेष्ट हाउस मर्मत सुधार, घोराही | | २००० | | | | |
| ६९ | जिल्लासमन्वय समिति रुकुमद्धारा निर्मित गेष्ट हाउस मर्मत सुधार | | ५०० | | | | |
| ७० | ट्राफिकप्रहरीलाई आवश्यक पर्ने मेशिनरी औजार खरिद | | २००० | | | | |
| ७१ | स्थानीयन्यायिकसमितिको क्षमताविकास कार्यक्रम | | १८०० | | | | |
| ७२ | कानून तर्जु मासम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम | | १००० | | | | |
| ७३ | मेल मिलाप समितिका पदाधिकारीहरू एवम कर्मचारीहरूकोलागि अनुशिक्षण | | ८०० | | | | |
| ७४ | प्रदेशसभासदस्यको लागि कानूनतर्जुमा, विधायन व्यवस्थापन गोष्ठी | | ६०० | | | | |
| ७५ | सामाजिक कुरीति, घरेलु हिंसा तथा आत्महत्या न्यूनिकरणका लागि२दिने जिल्ला स्तरीयसचेतना कार्यक्रम | | ७५० | | | ६०० | ८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७६ | मानवअधिकार विषयक कार्यक्रम | | १००० | | | | |
| ७७ | फौजदारीतथा देवानी संहिता सम्बन्धी अनुशिक्षण | | ७५० | | | | |
| ७८ | कानूनतर्जुमा समिति बैठक तथा अन्तरक्रिया कार्यक्रम | | १५०० | | | १३४७ | ९० |
| ७९ | प्रदेश/स्थानिय तहमा कार्यरत कर्मचारीहरूलाई कानून तर्जुमा एवम् विधायन व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | | ६०० | | | | |
| ८० | प्रदेशसंचार परिषद् ऐन/चलचित्र विकास बोर्ड ऐन तर्जुमा | | १००० | | | | |
| ८१ | प्रदेशप्रहरी अस्पतालको संरचनात्मक सुधार | | १०००० | | | | |
| ८२ | रोल्पाकारागार निर्माण | | २०००० | | | | |
| ८३ | कारागारभवन निर्माण प्यूठान | | १०००० | | | | |
| ८४ | महिलाकारागार भवन निर्माण तल्सीपुर दांग | | १५००० | | | | |
| ८५ | प्रदेशडिजिटल फरेन्सिक ल्याब स्थापना तथा संचालन | | ४५०० | | | | |
| ८६ | आइ.सि.यु.सहितकोएम्बुलेन्स खरिद | | १२५०० | | | | |
| ८७ | प्रदेशप्रहरी इकाइ भवन निर्माण अर्घाखाँची | | २०००० | | | | |
| ८८ | प्रदेशप्रहरी इकाइ भवन निर्माण रुकुमकोट | | २०००० | | | | |
| ८९ | प्रदेशप्रहरी इकाइ भवन निर्माण गुल्मी | | २०००० | | | | |
| ९० | प्रदेशप्रहरी इकाइ भवन निर्माण रोल्पा | | २०००० | | | | |
| ९१ | प्रदेशप्रहरी इकाइ भवन निर्माण प्यूठान | | २०००० | | | | |

*(स्रोतः.* आन्तरिक मामिला तथा कानून मन्त्रालय)

## ४.६ आर्थिक वर्ष २०७७/७८को अर्धवार्षिक राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | विविध | | २१५ | |
| | | | | |
| | | | | |

*(स्रोतः* आन्तरिक मामिला तथा कानुन मन्त्रालय)

## ४.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- मन्त्रालयमा स्मार्ट नागरिक वडापत्र जडान गरिएको ।
- नवलपरासी, दाङ्ग, बाँके, बर्दिया र कपिलवस्तुमा जिल्ला स्तरीय सुरक्षा व्यवस्थापन गोष्ठी सम्पन्न गरिएको
- अन्तरप्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको
- प्रदेशको हित एवं प्रतिष्ठा अभिवृद्धिमा योगदान पुर्याउने ५८ जनालाई प्रदेश पदकबाट बिभुषित हुने महानुभावहरुको नामावली प्रकाशन गरिएको ।
- जनतासँग प्रदेश सरकार कार्यक्रम अन्तर्गत नेपाल टेलिभिजन कोहलपुर शाखाबाट प्रदेश सरकारका गतिविधि समेटिएको कार्यक्रम "समृद्धिका पाईला" प्रसारण भईरहेको ।
- सामुदायिक र निजी रेडियोसँग सहकार्य अनुदान अन्तर्गत प्रदेश सरकारका गतिविधिहरु समेटिएको रेडियो कार्यक्रम प्रशारण भैरहेको ।
- माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा सडक दुर्घटना न्यूनीकरण र रोकथामका लागि भएका प्रयास र सुधारका उपायहरु सम्बन्धमा सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल सम्मन्न भएको ।
- द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार प्रक्रियालाई निरन्तरता प्रदान गरिएको ।

## ४.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई (यदि भए)

- मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरू नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको
- कार्यक्रम संशोधन तथा बजेट अख्तियारी दिने वर्तमान प्रावधान/प्रक्रिया लामो रहेको
- प्रहरीको समायोजन भई प्रदेश मातहतमा नआएकोले बजेट तथा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको
- संघीय इकाइलाई अख्तियारी दिन नपाइने व्यवस्थाले कार्यक्रम प्रारम्भ गर्न मै बाधा परेको ।
- कोभिड –१९ को महामारीका कारण प्रथम चौमासिकमा विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको ।

# परिच्छेद-५
# आर्थिक मामिला तथा योजना मन्त्रालय

## ५.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा अर्धवार्षिक वित्तीय प्रगति

(रु. हजारमा )

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ पुस सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ११०८२७ | २१७६७.७ | १९.६४ |
| पुंजीगत | २२१७० | ३२९० | १४.८४ |
| जम्मा | १३२९९७ | २५०५७.७ | १८.८४ |

*(स्रोतः प्रदेश लेखा नियंत्रक कार्यालय)*

## ५.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ३८१८५५० | ७२९५२६ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ३४३१३१८ | १५५४१८९ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ३२१९३१ | ७४६८९ |
| ४ | नेपाल सरकार विशेष अनुदान | १३९९०० | ० |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | १४१०४९५४ | ५९३११९६ |

*(स्रोतः प्रदेश लेखा नियंत्रक कार्यालय)*

## ५.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २० | लगानी सम्मेलन (वार्षिक विकास कार्यक्रमको बुँदा नं. १) | २०७८ जेठ ६ र ७ मा गर्ने गरी अवधारणा पत्र मन्त्रिपरिषदवाट स्वीकृत । |

*(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)*

## ५.४ बजेट वक्तव्यको अर्धवार्षिक प्रगति विवरण

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ४८ र४९ | स्थानीय तहहरुमा अनुदान उपलब्ध गराउने | ४८.८ |

*(स्रोत:. आर्थिक मामिला तथा योजना मन्त्रालय)*

## ५.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण

(रु. हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | अर्धवार्षिक प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | |
| १ | स्थानीय तहहरुमा अनुदान उपलब्ध गराउने | ४ पटक | ५१४००५० | २ | ५० | २५०८३९३ | ४८.८ | |
| २ | लगानी सम्मेलन (वार्षिक विकास कार्यक्रमको बुँदा नं. १) | १ पटक | १०००० | ० | ० | ० | ० | |
| ३ | डिजिटल प्रदेश(Online Reporting system) (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. २) | १ पटक | २५०० | | | | | सूचना तथा संचार प्रविधि प्रतिष्ठानलाई २५लाख हस्तान्तरण |
| ४ | अन्तर प्रदेश अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ३ र १३) | ३ वटा प्रदेश | १३०० | ० | ० | ० | ० | |
| ५ | स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रम(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ४) | १२ पटक | २५०० | ० | ० | ० | ० | |
| ६ | बजेट सम्बन्धी अन्तरक्रिया (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ५) | १० पटक | ३००० | ३ | ३० | १४२३.४ | ४७.१५ | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | अर्धवार्षिक प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | |
| ७ | कर्मचारीको क्षमता विकास कार्यक्रम(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ६) | २ पटक | ९०० | १ | ५० | १९२.८३ | २१.४ | |
| ८ | योजना/राजस्व र अनुदानको अनुगमन(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ७) | ३६ पटक | २००० | १२ | ३३ | १९३ | ९.६ | |
| ९ | बजेट राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम(स्थानीय तहहरुसँगको)(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ८) | १२ पटक | ३००० | ० | ० | ० | ० | |
| १० | बजेट तर्जुमा/MTEF तर्जुमा / PLMBIS तालिम(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ९) | ४ पटक | ५०० | ० | ० | ० | ० | |
| ११ | आर्थिक प्रशासन सम्बन्धी पुनर्ताजगी/अभिमुखीकरण तालिम कार्यक्रम (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ११) | २ पटक | ३०० | ० | ० | ० | ० | |
| १२ | विभिन्न जिल्लामा राजश्व, धरौटी, विनियोजन लगायत आर्थिक प्रशासनसँग सम्वन्धित बिषयमा अन्तरक्रिया कार्यक्रम (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. १२) | ६ पटक | ६०० | ० | ० | ० | ० | |
| १३ | प्रदेश नं. ५ का स्थानीय निकायमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम (वार्षिक विकास कार्यक्रमको बुदाँ नं.१४) | ६ पटक | ५०० | ० | ० | ० | ० | |

*(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)*

## ५.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण

(रु. मा)

| क्र.सं. | शीर्षक | वार्षिक लक्ष्य | २०७७ पुस सम्मको प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | ६६००००००/- | १५४१११९८५/- | २३.३५ |
| २ | ११४११-बाँडफाँडभई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५६८०६२००००/- | २३१२३२२५३१/- | ४०.७१ |
| ३ | ११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | ३७८७०८००००/- | ७१६४३३९३१/- | १८.९२ |
| ४ | ११४७१-बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५००००००/- | १४०८१०/- | २.८२ |
| ५ | ११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ७५०००००/- | ६९८७२०/- | ९.३२ |
| ६ | ११६९१-अन्यकर | | २५०००/- | |
| ७ | १४१५१-सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | १८०००००/- | ११५४९८२/- | ६४.१७ |
| ८ | १४१५३-बाँडफाँड भई प्राप्त वन रोयल्टी | ४०००००००/- | ० | ० |
| ९ | १४१५४-बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ५०००००००/- | ० | ० |
| १० | १४१५५-जलस्रोत सम्बन्धी रोयल्टी | २५०००००० | ० | ० |
| ११ | १४१५६-बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १८००००००/- | ० | ० |
| १२ | १४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५८२६०००००/- | २४३४८१३५/- | ४.१८ |
| १३ | १४१५८-बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ८००००००/- | ० | ० |
| १४ | १४२११-कृषिउत्पादनको | १००००००००/- | ५२५१७९६/- | ५२.५२ |

| | | | | |
|---|---|---|---|---|
| | विक्रीबाट प्राप्त रकम | | | |
| १५ | १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ५०००००/- | ११५२००/- | २३.०४ |
| १६ | १४२१३-अन्यविक्रीबाट प्राप्त रकम | ० | ३९१००/- | |
| १७ | १४२१९-अन्यसेवा शुल्क तथा विक्री | ५३००००००/- | २५००/- | |
| १८ | १४२२३-शिक्षाक्षेत्रको आम्दानी | ४०००००/- | ४३५००/- | १०.८८ |
| १९ | १४२२४-परीक्षाशुल्क | ४३०००००/- | १६७७७६००/- | ३९०.१८ |
| २० | १४२२५-यातायातक्षेत्रको आम्दानी | १२५००००००/- | ४०१८०५४४/- | ३२.१४ |
| २१ | १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | ५००००००० /- | ३०६५०७०६/- | ६१.३० |
| २२ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | | ५०७१२३७३/- | |
| २३ | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ७०००००००० /- | २३४७६४०४३/- | ३३.५४ |
| २४ | १४२६४-वन क्षेत्रको अन्य आय | १०००००००० /- | १६०५०/- | ०.०२ |
| २५ | १४३११न्यायिकदण्ड,जरिवाना र जफत | | ४९३३/- | |
| २६ | १४३१२-प्रशासनिकदण्ड, जरिवाना र जफत | ३५००००००/- | ५४३४६५०/- | १५.५३ |
| २७ | धरौटी सदस्याहा | ७०००००/- | ० | ० |
| २८ | १४५२९-अन्यराजस्व | ० | १६८१२०/- | |
| २९ | १५१११-बेरूजू | ४००००००० /- | १९३८१०८१/- | ४८.४५ |
| ३० | १५११२-निकासा फिर्ता | ४००००००० /- | २२१२५२९९९/- | ५५३.१३ |
| ३१ | १५११३-अनुदान फिर्ता | ४००००००० /- | १००६११३८४८/- | २५१५.२८ |

| | | | | |
|---|---|---|---|---|
| ३२ | ११४५६-सवारीसाधन कर | १२०००००००/- | ८८४०६४८६२/- | ७३.६७ |
| | **जम्मा** | **१३९०३५०००००/-** | **५७२४२१००००/-** | **४१.१७%** |

*(स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय)*

## ५.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### ५.७.१ बजेट सम्बन्धी

- आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी कार्यान्वयनमा ल्याएको,
- आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरी बजेट निर्माणलाई योजना र मध्यमकालीन खर्च संरचना सँग आवद्ध गरिएको,
- विषयगत मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहजीकरण गर्नुका साथै प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुमा वित्त हस्तान्तरण गरेको,
- प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुको वार्षिक कार्यक्रम स्वीकृत गरिएको, आवश्यकता र औचित्यको आधारमा बजेट रकमान्तर, बजेट थप, बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चितता र कार्यक्रम संसोधन गरिएको,

### ५.७.२ वित्त हस्तान्तरण

- समपुरक आयोजना स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय तहमा पठाइएको।
- आ.व.२०७५।०७६ देखि सशर्त अनुदानमा शुरु भएका तर हालसम्म सम्पन्न हुन नसकेका बहुउद्देशीय सभाहलको निर्माण कार्य पुरा गर्न रकम उपलब्ध गराइएको ।

### ५.७.३ राजस्व तथा राजस्व बाँडफाँट

- प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको राजस्व संकलन र सोको बाँडफाँटको व्यवस्थापन समेत गरिएको,
- प्रदेश सरकार मातहतका विभिन्न कार्यालयहरुको अनुगमन गरी राजस्वको चुहावट नियन्त्रणको प्रयास गरिएको ।
- राजश्व परामर्श समितिको गठन गरी ६ वटा उपसमिति निर्माण गरिएको ।

### ५.७.४ स्थानीय तहसँग अन्तरक्रिया तथा समन्वय

- आन्तरिक स्रोत वृद्धि गर्नको लागि मनोरञ्जन कर तथा विज्ञापन करको दायरा वढाउन आवश्यक नीति नियमहरु बनाइएको, साथै स्थानीय तहसँग पहल गरिएको,

- अनुदान व्यवस्थापन, राजश्व बाँडफाँड, बजेट तथा आयोजना कार्यान्वयन सम्बन्धमा १०९ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरुसँग Virtual माध्ययमबाट अन्तरक्रिया कार्यक्रम गरिएको,
- प्रदेश भित्रका १०९ वटै स्थानीय तहसँग विगत तीन वर्षको बजेट निर्माणको अनुभव, सिकाइ तथा आगामी आ.व.को बजेट तर्जुमा गर्दा ध्यान दिन पर्ने विषयमा अन्तर्क्रिया सम्पन्न गरिएको ।

### ५.७.५ कोभिड -१९ कार्यक्रम

- कोभिड -१९ रोकथाम तथा नियन्त्रण कोष संचालनमा सहजीकरण गरिएको,
- कोभिड - १९ को कारण आ.व. ०७६/७७ मा सम्पन्न हुन नसकेका अधुरा आयोजनाहरु सम्पन्न गराउन थप रकम उपलव्ध गराउनुको साथै सहजीकरण गरिएको ।

### ५.७.६ सूचना प्रविधि

- प्रदेश सरकारको बजेट, खर्च तथा निकासामा सूचना प्रविधि/सफ्टवयेर (RIMS, STSA, CGAS र PAMS) लागू गरी प्रविधि मैत्री वनाएको ।

### ५.७.७ लेखा परीक्षण

- प्रदेश सरकारका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन पेश गरेको।

### ५.७.८ राय/सहमति

- २०७७ पुस मसान्तसम्म ३५ वटा ऐन/नियमावली तथा कार्यविधिउपर सहमति प्रदान गरिएको।
- कानून निर्माणलाई कार्ययोजना वनाई कार्यान्वयनमा लगिएको ।
- यस मन्त्रालयवाट वनाउनु पर्ने कानूनको सूचीकरण तथा पहिचान गरिएको ।

### ५.७.९ कानून निर्माण

- यस मन्त्रालयको कार्य क्षेत्रका पर्ने विभिन्न विषयमा कानून निर्णयको प्रकृया अघि वढाइएको।
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन-२०७७ मस्यौदा गरिएको ।
- सार्वजनिक निजी साझरदारी ऐन-२०७७को सैद्धान्तिक स्वीकृति ।
- प्रदेश तथ्याङ्क नियमावली-२०७७ मस्यौदा ।
- घर-जग्गा न्युनतम मूल्य निर्धारण नियमावली-२०७७ ।

## ५.८ वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- प्रदेश सरकारको आयको दायरा साघुरो रहेको। एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनमा आउन नसकेको,
- स्थानीय तहसँग बाँडफाँड हुने करहरु समेत प्रभावकारी हुन नसकेको।
  - नदीजन्य पदार्थवाट प्राप्त हुने आयमा समस्या रहेको
  - विज्ञापन करको दायरा वढन नसकेको,
  - मनोरञ्जन करको दायरा वढन नसकेको,
  - सवारी साधन करमा समस्या रहेको (अन्य प्रदेशमा दर्ता हुने, कर अन्यत्र वुझाउने प्रयोग यस प्रदेशमा गर्ने)
  - घर जग्गा रजिष्ट्रेशन शुल्क वास्तविक कारोवार भन्दा भिन्न रहेको,
  - अन्य संभावित आयमा श्रोत पहिल्याउने र आय वृद्धि गर्ने कार्य हुन नसकेको,
- प्रदेशको बजेट तथा कार्यक्रममा स्पष्ट मापदण्ड र प्राथमिकताको अभाव देखिएको। केही मापदण्ड तथा नीतिगत व्यवस्था भएको भए तापनि कार्यान्वयनमा समस्या देखिएको,
- प्रदेश स्तरीय योजना/कार्यक्रममा स्वदेशी तथा विदेशी लगानी कर्ताहरु आकर्षित हुन नसकेको,
- अधुरा आयोजनाको संख्या बढ्दै गइरहेको,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिएबमोजिम प्राप्त नहुने गरेको
- मन्त्रालयले अधिकांश समय विषयगत मन्त्रालयहरुको कार्यक्रम संशोधनमा केन्द्रित गर्नुपर्ने भएको,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास हुन नसकेको,
- स्थानीय तहले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त समपुरक र विशेष अनुदानको रकम समयमै फिर्ता गर्ने नगरेको,
- PLMBIS System मा समस्या आउँदा समय समयमा कार्यसम्पादनमा कठिनाई आउने गरेको,
- स्थानीय तहले संकलन गरेको साझा करको अध्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको । साथै साझा करबाट संकलित रकम कतिपय स्थानीय तहहरुले समयमै दाखिला नगरेको,
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र तयार हुन नसकेको,
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन बाँझिएको ।

## ५.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम (प्रस्तावित)

- कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने ,

- राजस्व वृद्धिको लागि स्थानीयतहलाई प्रभावकारी परिचालन गरी चुनढुंगा खानी, गिटी बालुवा, विज्ञापन कर तथा मनोरञ्जन कर मार्फत कराधार बृद्धि गर्नुपर्ने ,
- राजस्व, खर्च तथा अनुदान व्यवस्थापन सम्वन्धी एकीकृत प्रणाली विकास गर्नुपर्ने ,
- प्रदेशमा आन्तरिक तथा वाह्य लगानी आकर्षित गर्न नीतिगत कानूनी एवं संस्थागत प्रवन्ध गर्दै लुम्बिनी प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रुपमा अगाडि बढाउनुपर्ने,
- अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक श्रोत साधनको प्रवन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमामा कायम गर्नुपर्ने ,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिएबमोजिम प्राप्त गर्न केन्द्र सँग पहल गर्नुपर्ने ,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास गर्नुपर्ने,
- स्थानीय तहले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त, समपुरक र विशेष अनुदानको रकम समयमै फिर्ता गराउन पहल गर्नुपर्ने ,
- PLMBIS System को सर्भर तथा Backup System लाई Upgrade गर्नु,
- स्थानीय तहले संकलन गरेको साझा करबाट संकलित रकम समयमै दाखिला गराउन पहल गर्नुपर्ने ,
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र सम्बन्धी Software निर्माण गर्नुपर्ने ,
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन तथा स्थानीय सरकार सञ्चालन ऐनमा बाँझिएका वुँदाहरु संसोधन गराउन पहल गर्नुपर्ने ।

## ५.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)

- मन्त्रालयको कार्यलाई छिटो छरितो रुपमा सम्पादन गर्ने गरी व्यवस्थापकीय क्षमता वृद्धि गर्ने र सूचना प्रविधिको प्रयोगवाट कार्यकुशलता अभिवृद्धि गर्ने,
- तीन तहको सरकारको अधिकार तथा जिम्मेवारी उपर थप वहस र विश्लेषण गरी प्रदेशको कार्य क्षेत्रको सिमाङ्कन (Scopeing) गरी सो कार्यक्षेत्रमा पर्ने विषयमा मात्र ध्यान केन्द्रित गर्दै प्रदेश सरकारको वैधता स्थापित गर्ने दिशामा कामकारवाहीहरु अघि वढाउने,
- प्रदेश सरकारले संचालन गर्ने योजना तथा कार्यक्रममा परिमाणात्माक मापदण्ड (Threshold) कायम गरी निश्चित आकारका कार्य आयोजनामा बजेट विनियोजन गर्ने, विनियोजित बजेटको दक्षतापूर्वक कार्यान्वयन गर्ने गरी बजेट प्रणालीलाई थप व्यवस्थित गर्दै अघि वढाउने,
- "थोरै गर्ने तर राम्रो गर्ने" नीति अवलम्वन गर्दै प्रदेशले कार्यान्वयन गर्ने विकास आयोजना तथा गुणस्तरमा विशेष ध्यान दिने र श्रोत साधनको कमी हुन नदिने गरी योजना तर्जुमा तथा बजेट व्यवस्थापनलाई सुधार गर्दै अघि वढ्ने,

- प्रदेश सरकारका सवै जनता बीच प्रदेश सरकार "देखिने" र "सुनिने" कुरा सुनिश्चित गर्न प्रदेशका सवै जनताले सामूहिक रुपमा प्राप्त गर्ने प्रदेशस्तरीय सेवाको पहिचान गरी त्यस्ता सेवाहरुका लागि श्रोत प्रवन्ध गर्ने एवं कुशलतापूर्वक सेवा प्रवाह गर्ने काम कारवाही अघि वढाउने,
- प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रको रुपमा विकसित गर्दै अगाडि वढाउने । त्यसकालागि प्रदेशमा उपलव्ध प्रादेशिक श्रोत साधनको दिगो एवं कुशलतम उपयोगमा दक्षता अभिवृद्धि गर्ने,
- संघ तथा स्थानीय तहसँगको सरकारको सम्वन्धलाई थप घनिभूत बनाउँदै समग्र आर्थिक प्रणालीको विकास एवं आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माणमा योगदान दिने।

## ५.११ निष्कर्ष

राजस्व वृद्धिको लागि स्थानीय तहलाई प्रभावकारी रुपमा परिचालन गरी आन्तरिक आयमा बढोत्तरी गर्दै स्थानीय तहलाई उपलव्ध गराउने अनुदानहरु मागमा आधारित र प्रदेश सरकारको योगदानको स्पष्ट पहिचान हुने गरी परिमार्जन गर्दै प्रदेशको समग्र विकासको लागि स्रोत साधन व्यवस्थापनका साथै विषयगत मन्त्रालयहरुको पुँजीगत खर्चमा बढोत्तरीका माध्यमबाट समृद्ध प्रदेशः खुशी जनताको दीर्घकालीन लक्ष्य हासिल गर्न सकिने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद-६
# भौतिक पूर्वाधार विकास मन्त्रालय

## ६.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा अर्धवार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजन बजेट | २०७७ पुससम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ११०४८५९ | ४३८८९०.१३ | ३९.७२ |
| पुँजीगत | १४००९३५० | २९९२२४१.२८ | २१.३६ |
| जम्मा | १५११४२०९ | ३४३११३१.४१ | २२.७० |

*स्रोतःप्रदेश लेखा नियन्त्रक कार्यालय)*

## ६.२ आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार समानीकरण अनुदान | १११४०७२३ | २०४१४०१ | |
| २. | नेपाल सरकार सशर्त अनुदान | २९२७७०० | ११३३५७६ | |
| ३. | नेपाल सरकार समपुरक अनुदान | २९२७०० | १११३५५ | |
| ४. | नेपाल सरकार विशेष अनुदान | ० | ० | |

## ६.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण

| नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०१ | एकीकृत बस्ती विकास कार्यक्रम मापदण्ड तयार गरी जोखिमयुक्त बस्तीहरूको स्थानान्तरण र विपद् प्रभावित क्षेत्रको पुनःनिर्माण लगायतका कार्यलाई एकीकृत बस्ती विकास कार्यक्रममा समाहित गरिनेछ। यस्तो कार्य सम्बन्धीत स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा सम्पादन गर्ने। | ९ वटा आयोजनाहरुको प्रथम चरणको कार्य सम्पन्न । ३९ वटा आयोजनाहरुको प्रथम चरणको कार्य सम्पन्न हुने अवस्थामा रहेको । नया कामको बोलपत्र आव्हानको तयारी भएको। |

| नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | **आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम ब.उ.शि.न.३३७०४०१२** | |
| १०० | नीतिगत र कानूनी व्यवस्था गरी सघन सहरी क्षेत्रमा बहुतले आवासको निर्माणलाई प्रोत्साहन गरिनेछ। मौलिक एवम् प्राचीन वास्तुकला प्रवर्द्धन गर्दै स्थानीय निर्माण सामग्री प्रयोग हुने गरी सुरक्षित घर निर्माण गर्न सहजीकरण गर्ने । **सरकारी भवन निर्माण तथा सभाहल निर्माण कार्यक्रम ब.उ.शि.न ३३७०४०१३** | २२ वटा आयोजनाहरुको निर्माण कार्य भईरहेको र ३ वटा सम्झौताको प्रकृयामा रहेको। |
| १०२, १११, ११३ | • स्थानीय तहको समन्वय तथा सहकार्यमा आगामी आर्थिक बर्षमा ६ वटा पहाडी जिल्लामा साना सहरको विकासका लागि सम्भाव्यता अध्ययन । भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डको प्रभावकारी कार्यान्वयन तथा नियमन ।<br>• तराईका बुटवल-भैरहवा, नेपालगञ्ज-कोहलपुर तथा घोराही-तुल्सीपुर र पहाडका स्वर्गद्धारी (भिङग्री), रुरुक्षेत्र (रिडी) र रामपुरलाई प्रदेशका ६ शीर्षविन्दु (नोडल प्वाइन्ट) घोषणा गर्ने र विकास र संजालका आयामहरुलाई त्यस ढाँचामा केन्द्रित गर्ने।<br>• प्रदेशमा तीन महानगर विकास गर्ने नीति अनुरुप महानगर पुर्वाधार विकास कार्यक्रम संचालन । यस कार्यक्रम अन्तरगत यस वर्ष विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा गर्ने ।<br>**शहरी पूर्वाधार विकास कार्यक्रम ब.उ.शि.न ३३७०४०१४** | २ वटा चक्रपथ, ३ वटा महानगर उन्मुख शहरी पूर्वाधार कार्य, १९ वटा पार्क र २४ वटा फुटपाथको निर्माण कार्य भईरहेको । ९ सडक तथा फुटपाथको बोलपत्र आव्हान भएको । |
| १०० | नीतिगत र कानूनी व्यवस्था गरी सघन सहरी क्षेत्रमा बहुतले आवासको निर्माणलाई प्रोत्साहन, मौलिक एवम् प्राचीन वास्तुकला प्रवर्द्धन गर्दै स्थानीय निर्माण सामग्री प्रयोग हुने गरी सुरक्षित घर निर्माण गर्न सहजीकरण गर्ने । **आवास, भवन मर्मत सुधार तथा बिस्तार कार्यक्रम ब.उ.शि.न ३३७०४०१५** | नियमित मर्मत सुधार भईरहेको । |

| नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०० | नीतिगत र कानूनी व्यवस्था गरी सघन सहरी क्षेत्रमा बहुतले आवासको निर्माणलाई प्रोत्साहन गरिनेछ। मौलिक एवम् प्राचीन वास्तुकला प्रवर्द्धन गर्दै स्थानीय निर्माण सामग्री प्रयोग हुने गरी सुरक्षित घर निर्माण गर्न सहजीकरण गर्ने ।**जनता आवास कार्यक्रम ब.उ.शि.न ३३७००१२०** | ३५० आवास सम्पन्न १३४५ आवास कार्यान्यनमा रहेका र ७७२ आवासको नयाँ सम्झौता भएको । |
| ८७ | प्रदेशका गौरवका आयोजनाहरु र रणनीतिक महत्वका पूर्वाधार विकासका आयोजनाहरु पहिचान गरी अघि बढाइने। | प्रदेशका गौरवका २३ वटा आयोजनाहरु मध्ये २१ वटा को निर्माण कार्य भईरहेको, १ वटाको DPR बन्दै १ वटाको पुनः ठेक्का भई रद्द भएको। |
| | | रणनीतिक सडकहरुको निर्माण कार्य अगाडि बढेको । |
| ८८ | सडक गुरुयोजना अन्तर्गत प्रदेशस्तरका राजमार्ग, कृर्षि, पर्यटन प्रवर्द्धन तथा आन्तरिक आयमा टेवा पुऱ्याउने खालका सडक, सीमा क्षेत्र सडक, उद्योग स्थल पहुँचमार्ग लगायतका प्रदेशस्तरीय सडक संजालको दीगो व्यवस्थापनमा जोड। | प्रदेश स्तरीय सडक (१३६ वटा) मध्ये १२२ वटा कार्यान्वयनमा गएको , १२ वटा ठेक्का प्रक्रियामा रहेका , २ वटाको लागत अनुमान तयार तथा चेकजाँच भईरहेको। |
| | | कृषि सडक (६ वटा) मध्ये छ वटा निर्माण कार्य अगाडि बढेको। |
| | | पर्यटन स्थल पहुँच मार्ग (१७ वटा) मध्ये १६ वटा कार्यान्वयनमा गएको १ वटाको लागत अनुमान तयार तथा चेकजाँच हुदै। |
| | | सिमाक्षेत्र सडक कार्यक्रम (१८ वटा) मध्ये १८ वटा आयोजनाहरु कार्यान्वयनमा रहेका। |
| | | उद्योग स्थल पहुँच मार्ग (२ वटा) मध्ये २ वटा आयोजनाहरु कार्यान्वयनमा रहेका। |
| ८९ | स्थानीय तह पहुँच मार्ग कार्यक्रमलाई चालु आर्थिक बर्ष देखि बहुवर्षिय आयोजनाको रुपमा सञ्चालन गर्ने। यस कायमक्रम अन्तर्गत संचालित सडक मध्ये कम्तिमा एक तिहाइलाई कालोपत्रे र बाँकीलाई खण्डाश्मित (ग्राभेल) हुने गरी निर्माण कायमलाई निरन्तरता दिईने। | स्थानीय तह पहुँच मार्ग (३० वटा) मध्ये ८ वटा बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत भएको र हाल ३० वटा नै कार्यान्वियनमा रहेका। |
| ९० | बुटवल धागो कारखाना चरङ्गे-झुम्सा सडकमा आगामी आर्थिक बर्षमा यातायात सञ्चालन गर्ने गरी | धागो कारखाना चरङ्गे झुम्सा सडक (पाल्पा खण्ड) मा गत आ.व को ठेक्का सम्पन्न भएको र |

| नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | खण्डाश्मित गरिने। | बाँकी रकमको बहुवर्षिय आयोजनाको टेण्डर आव्हान भएको । |
| | | धागो कारखाना चरङ्गे झुम्सा सडक (रुपन्देही खण्ड) मा निर्माण कार्य भईरहेको । |
| ९१ | प्राथमिकता प्राप्त सडक संजालको दीगो व्यवस्थापनको लागि कार्यसम्पादनमा आधारित करार सम्झौता गरी नियमित मर्मत संभार कार्यको निरन्तरता । | सडक सञ्जालको नियमित मर्मत संभार (१०६ वटा) मध्ये १०६ वटामा नियमित मर्मत सम्भारको कार्य भईरहेको। |
| ९२ | सडक सुरक्षाका लागि सडक पूर्वाधारहरुको निर्माण, मर्मत सम्भार एवम् स्तरोन्नति गर्दा सडकको ग्रेड सुधार, मोड सुधार, प्यारापेट तथा डेलिनेटर पोष्टको निर्माण, रिफ्ल्याक्टर मिरर जडान र सडक बत्तिको व्यवस्था गरिने र जोखिम बारे अग्रिम सूचना दिने बोर्डको स्थापना, गति नियन्त्रणसम्बन्धी सूचना जस्ता सुधारका कार्यका साथै सडक सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | सडक सुरक्षा कार्यक्रम (१५ वटा) मध्ये १३ वटा कार्यान्वयनमा रहेको २ वटाको ल.इ तयार हुदै । |
| ९५ | हाल निर्माणाधिन ५५ वटा सडक पुल मध्ये आगामी आर्थिक बर्षमा १५ वटा पुल निर्माण सम्पन्न गरिनेछ र बाँकी ४० वटा पुल आगामी वर्ष सम्पन्न गर्ने। | सडक पुल निर्माण (५४ वटा) मध्ये ५ वटा सडक पुल सम्पन्न, २ वटा ल.इ तथा डि.पि.आर हुदै, ४५ वटा कार्यान्वयनमा रहेको, २ वटा ठेक्का प्रक्रियामा रहेको । |
| ९६ | झोलुङ्गे पुलहरुको लगत संकलन गरी प्राविधिक सम्भाव्यता र प्राथमिकताको आधारमा मुख्य मार्गमा पर्ने झोलुङ्गे पुलहरुको निर्माण एवम् मर्मत सम्भार गर्ने । | झोलुङ्गे पुल निर्माण (क्रमागत) (११ वटा) मध्ये ११ वटा कार्यान्वयनमा रहेको। |
| | | झोलुङ्गे पुल निर्माण (नयाँ) (११ वटा) मध्ये ११ वटाको डि.पि.आर हुदै। |
| | | झोलुङ्गे पुलको वृहत मर्मत (१५ वटा) मध्ये १४ वटा कार्यान्वयनमा रहेको , १ वटाको काम शुरु नभएको। |
| ९७ | प्रदेशस्तरमा एक सुविधा सम्पन्न निर्माण सामग्री प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइने र साविकमा स्थापना भई प्रदेश सरकार अन्तर्गतका सडक पूर्वाधार विकास कार्यालयहरुमा हस्तान्तरण भएका निर्माण सामग्री परीक्षण प्रयोगशालाहरुको सवलीकरण गर्ने । | ल.इ स्विकृत भई बहुवर्षिय आयोजना सिफारिसको लागि प्रदेश योजना आयोगमा पठाइएको। |

| नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०३ | कृषिको लागि सिंचाई आयोजना, जलाशय निर्माण तथा पोखरी संरक्षण गर्ने कार्यलाई आगामी आर्थिक बर्षमा समेत निरन्तरता दिइनेछ। प्रदेश भित्रका सिंचाई सुविधा नभएका ठुला फाँटमा उपयुक्त प्रविधिको सिंचाई तथा जल निकास सुविधाका लागि सम्भाव्यता अध्ययन गरिनेछ। विगतमा सम्पन्न भई सञ्चालन हुदै आएका प्रदेशस्तरका सबै खाले सिंचाइ आयोजनाहरुको मर्मत सम्भार तथा सञ्चालन । | • सतह सिचाइका योजनाहरु कार्यान्वयनमा रहेका छन । <br>• ५ वटा जलासय योजनाहरु कार्यान्वयनमा रहेको । <br>• पाल्पाको माडि फाँटमा ५०% सहभागीतामा टयुववेल कार्य सञ्चालन हुन लागेको । <br>• मर्मत संभार आयोजनाहरुको नियमित मर्मत कार्य भईरहेको । |
| १०४ | संयुक्त व्यवस्थापनमा सञ्चालन भईरहेका सिंचाइ आयोजनाहरुको नियमित मर्मत संभार र उपयोग गर्ने पद्धतिमा सुधार गरी दिगो व्यवस्थापन गर्न जल उपभोक्ता समितिलाई सक्षम र जिम्मेवार बनाइनेछ। साथै कृषकबाट संचालित आयोजनाहरुको मागको आधारमा प्राथमिकता निर्धारण गरी मर्मत संभार कार्यलाई निरन्तरता। | • जल उपभोक्ता समिति सँगको समन्वयमा संयुक्त व्यवस्थापन अन्तरगतका आयोजनाहरुको कार्य भईरहेको । |
| १०५ | जलउत्पन्न प्रकोप न्यूनिकरण गर्न जोखिमका आधारमा गुरुयोजना तयार । प्रकोपबाट सिर्जित क्षतिलाई न्यूनिकरण गर्न उपयुक्त प्रविधिको प्रयोग बजार, मानवबस्ती र सदरमुकाम संरक्षणका लागि उच्च प्राथमिकता । जल उत्पन्न प्रकोपको आपतकालिन कार्य संचालनको लागि आवश्यक पर्ने स्रोत साधनको समुचित व्यवस्था गर्ने । | • मुख्य मुख्य खोला / नदिहरुको गुरुयोजना तयार भई सोही अनुसार कार्य भईरहेको । <br>• प्रकोप न्यूनिकरणका लागि बजार, मानबस्ती र सदरमुकाम संरक्षण कार्य लक्ष्य अनुसार भईरहेको । |
| १०८ | जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नुका साथै भूमिगत जलको पुनर्भरण (रिचार्ज) गर्न जलाशययुक्त आयोजनाको पूर्व सम्भाव्यता अध्ययन। | • जलाशययुक्त आयोजनाहरुको पूर्व संभाव्यता अध्ययन गर्ने तयारी भईरहेको। |
| ९३ | प्रदेशस्तरीय यातायात प्रशासन सञ्चालनका लागि आवश्यक पर्ने प्रदेश यातायात परिवहन नियमावली लगायतका कानून निर्माण गर्ने । | प्रदेश यातायात परिवहन नियमावलीको मस्यौदा विभिन्न सरोकारवाला सँग अन्तरक्रिया तथा छलफल गरी कानून मस्यौदा समितिमा छलफलको लागि पठाईएको। |
| ९३ | सवारी चालक अनुमतीपत्रको वितरण गर्ने कार्यलाई छिटो, छरितो, पारदर्शी र व्यवस्थित बनाईने । | • सवारी चालक अनुमतिपत्रको लागि लिईने विभिन्न परीक्षाहरु कार्यालयहरुले Schedule बनाई लिने गरेको। <br>• प्रयोगात्मक परीक्षास्थलमा सि.सि.टि.भि. |

| नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | • लुम्बिनी प्रादेशिक अस्पतालमा पर्खाल सहित न्यूरो तथा अर्थो भवन निर्माण, वुटवल<br>• लुम्बिनी प्रादेशिक अस्पतालमा युरोलोजी तथा क्यान्सर उपचार सेवा विस्तार<br>• लुम्बिनी प्रादेशिक अस्पतालको डाईग्नोष्टिक भवन निर्माण बहुबर्षिय निरन्तरता<br>• राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा योग अभ्यास केन्द्र निर्माण<br>• राप्ती प्रादेशिक अस्पतालको पेडियाट्रेकि भवन निर्माण<br><br>राप्ती प्रादेशिक अस्पतालको तल्ला थप तथा कम्पाउण्ड वा | निर्माण निरन्तर |
| | स्थानीय स्तरमै आधारभूत स्वास्थ्य सेवाहरूको पहुँच वृद्धिका लागि जिल्लास्थित अस्पतालहरूमा दन्त सेवा, आँखा उपचार सेवा र फिजियोथेरापी लगायतका सेवा बिस्तार गर्न रू. ८ करोड ३० लाख विनियोजन गरेको छु । | संचालनको अवस्थामा। |
| | प्रदेश र स्थानीय तहको लागत साझेदारी हुने गरी कोभिड -१९ को प्रकोपस्थल बन्न पुगेको बाँकेको नरैनापुर र शान्तिप्रक्रियाको थालनी भएको ऐतिहासिक स्थल दाङको हापुरेमा रहेका स्थानीय तहमातहतका स्वास्थ्य संस्थाको संरचना निर्माण र सेवा बिस्तारको लागि रू. ३ करोड विनियोजन गरेको छु । | हापुरेको संझौता भएको र नरैनापुरमा लागत तयार गरीदै। |
| | **शिक्षा, खेलकुद एवम् युवा परिचालन** | |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | • अभियानको रुपमा स्थानीय तहसँगको लागत सहभागितामा सार्वजनिक विद्यालयमा शौचालय निर्माण एवम् खानेपानी तथा सरसफाइ सुविधा बिस्तारका लागि रू. ७ करोड २० लाख र विद्यालयहरूमा अन्य पूर्वाधार निर्माणका लागि रू. ११ करोड गरी जम्मा रू. १८ करोड २० लाख विनियोजन गरेको छु । सार्वजनिक विद्यालयहरू विपद्को बेलाका जनआश्रयस्थल बन्ने गरेको यथार्थतालाई मनन गरी पूर्वाधारमा सुधार गरिनेछ । | • विद्यालय शौचालय निर्माणको सम्झौता सम्पन्न।<br>• ४८ कक्षाकोठा र ४६ कम्पाउण्डवाल निर्माणको सम्झौता भएको। |
| | • स्थानीय तह, सामुदायिक स्वास्थ्य संस्था, निजी स्वास्थ्य संस्था तथा गैर-सरकारी संस्थाको सह-लगानीमा विद्यालयमा परिचारिका कार्यक्रमको बिस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु। | • नर्स व्वयसथापनको लागि विज्ञापन भएको। |
| | • प्रदेशको विकासको लागि आवश्यक प्राविधिक मानवपुँजी निर्माण गर्न विज्ञान, प्रविधि, गणित र ईन्जिनियरिङ (स्टेम) विषयलाई संस्थागत गरी विद्यालय शिक्षालाई रुपान्तरण गर्दै लगिनेछ । प्रदेशका सबै जिल्लामा “स्टेम” परियोजना सञ्चालन गर्न रू. ५ करोड विनियोजन गरेको छु । | • स्टेम संयोजकहरुको नियुक्ति गरिएको। |
| | • कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठन गर्ने सामुदायिक विद्यालयहरूलाई आकर्षक शैक्षिक संस्थाको रुपमा विकास गर्नुका साथै उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई लक्षित गरी स्थानीय तहसँगको सह-लगानीमा सञ्चालनमा ल्याइएको नमूना विद्यालय कार्यक्रमलाई थप १२ वटा विद्यालयमा बिस्तार गरी २४ वटामा पुऱ्याइनेछ। नमूना विद्यालय कार्यक्रम विस्तारका लागि रू. १२ करोड विनियोजन गरेको छु । | • बिज्ञान विद्यालयहरुका प्रयोगशाला सुधारका लागि सम्झौता हुने चरणमा।<br>• नमुना विद्यालय निर्माणमा सम्झौता सम्पन्न। |
| | सामुदायिक विद्यालयमै उत्कृष्ट विज्ञान शिक्षाको अवसर उपलब्ध गराउन बुटवलको कान्ति माध्यमिक विद्यालयलाई प्रदेशको विज्ञान विषय अध्ययन गर्ने हबको रूपमा विकास गरिनेछ । सुविधासम्पन्न | डिपीसी हुने क्रममा। |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | भवन निर्माणको लागि रू. १० करोड ४ लाख विनियोजन गरेको छु । | |
| | • **समृद्धिको अभियान : छोरीहरूको पहुँच**मा विज्ञान कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेशका सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत सबै छात्राहरू र स्नातक तहमा विज्ञान संकायमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्न रू. २ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु । | • कक्षा ११ र १२ को लागि सूचना प्रकाशन भएको। |
| | • मुक्त कमैया, कमलरी, मुस्लिम, दलित र पिछडावर्गका छात्राहरूका लागि कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न रू. २ करोड ५० लाख व्यवस्था गरेको छु। | सूचना प्रकाशन भएको। |
| | • मुस्लिम समुदायका छात्राहरूको शिक्षामा सहभागिता वृद्धि गर्न बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रुपन्देही र नवलपरासीका ६ वटा विद्यालयहरूलाई मुस्लिम छात्राहरूको छात्रावाससहितको नमूना विद्यालयमा रुपान्तरण गर्न रू. ३ करोड विनियोजन गरेको छु । | ३ वटा विद्यालयको सम्झौता सम्पन्न। |
| | • प्रदेशलाई आवश्यक वन, कृषि, सूचना प्रविधि र इन्जिनियरिङ क्षेत्रका प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ । प्रदेश विश्वविद्यालय ऐन प्रदेश सभाबाट पारित हुनासाथ बाँकेको खजुरामा प्रदेश विश्वविद्यालय स्थापना गरिनेछ । यसका लागि रू. ७ करोड विनियोजन गरेको छु । | विधेयक प्रदेश सभामा। |
| | • विशेष शिक्षा सहयोग कार्यक्रम | सम्झौता भएको। |
| | • प्रादेशिक विज्ञान प्रविधि प्रतिष्ठान सञ्चालन<br>• विज्ञान प्रविधि प्रतिष्ठानको भवन निर्माण क्रमागत (बाँके जिल्ला)<br>• राप्ती प्राविधिक शिक्षालयमा ईनोभेशन सेन्टरको स्थापना र सञ्चालन | • विधेयक प्रदेश सभामा।<br>• भवन निर्माण निरन्तर ।<br>• इनोभेशन योजना तयार हुदै। |
| | • खेलकूदलाई निरोधात्मक स्वास्थ्य र उद्यमको रुपमा विकास गर्न खेलकुद पूर्वाधारको निर्माण गरी मुख्यमन्त्री रनिङशिल्ड लगायतका | • स्थानीय तह स्तरमा खेलहरु संचालनको |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | खेलकूद कार्यक्रमहरू सञ्चालन गर्न तथा निर्माणाधीन नेत्रलाल अभागी रंगशाला र उजिरशिंह रंगशालालाई साफस्तरको रंगशालाका रूपमा निर्माण गर्न रू. १२ करोड ५० लाख विनियोजन गरेको छु । रुकुम पूर्वमा उच्च हिमाली खेलसंरचना निर्माण गरी पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेको छु । | क्रममा।<br>• रङ्गशालाको ईआईई चरणमा। |
| | • कोभिड -१९ का कारण गुमेको रोजगारी पुनर्स्थापना गर्न इन्जिनियरिङ, विज्ञान, स्वास्थ्य र कृषिजस्ता क्षेत्रलाई लक्षित गरी प्रदेश स्वयंसेवक कार्यक्रमका लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छु । यसबाट हाल यी क्षेत्रमा रहेको जनशक्तिको अभावलाई समेत सम्बोधन गर्न सहयोग मिल्नेछ । | तालिमको आशयपत्र जारी हुदै। |
| | • कोभिड -१९ लगायतका महामारी र सामाजिक संकटको बेलामा समाजलाई योगदान दिनसक्ने युवा जनशक्ति तयार गर्न विद्यालयमा स्काउट तालिम सञ्चालनको लागि समेत बजेट विनियोजन गरेको छु। | प्रतयेक जिल्लामा स्काउट तालिम हुदै। |
| | **रोजगार तथा सीप विकास र सामाजिक सशक्तीकरण** | |
| | • कोभिड -१९ को कारणले रोजगारीमा परेको असरलाई सम्बोधन गर्नका लागि युवाहरूको सीप स्तरोन्नतिका तालिमहरू उपलब्ध गराउन र प्राविधिक शिक्षालयहरूसँग सहकार्य गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न रू. १६ करोड ५० लाख विनियोजन गरेको छु। यसबाट प्रत्यक्ष रूपमा १० हजार युवाहरूले स्वारोजगारी एवम् रोजगारीको अवसर प्राप्त गर्नेछन् । | तालिमहरुको सूचना प्रकाशन भई आशयपत्र जारी हुने चरणमा रहेको। |
| | • कोभिड -१९ को कारणले रोजगारीमा परेको असरलाई व्यवस्थित हिसाबले सम्बोधन गर्दै श्रम तथा रोजगारीको माग र आपूर्ति व्यवस्थापनका लागि प्रदेश योजना आयोगबाट अध्ययन गरी एकीकृत श्रम तथा रोजगार सम्बन्धी संयन्त्र सञ्चालनमा ल्याइनेछ। | अवधारणा तयार भैरहेको। |
| | • प्रदेशमा रहेका सीमान्तकृत समुदायको आर्थिक सामाजिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न र लोपोन्मुख, सीमान्तकृत र अल्पसंख्यक समुदायका व्यक्तिहरूले प्रयोगमा | आशयपत्र जारीहुने क्रममा। |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | ल्याएका भाषाहरूको शोधकार्य, लिपिविकास र संरक्षणका कार्यहरूलाई बजेट विनियोजन गरेको छ । | |
| | • सीमाक्षेत्र नजिक बसोबास गर्ने मधेसी दलित तथा पिछडा वर्गका महिलाहरूको आर्थिक, सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ । | परिचालन कार्य योजना तयार |
| | • **प्रदेश सरकारको साथ : कोही छैन अनाथ** भन्ने मर्म अनुसार बाबुआमा नभएका बेसहारा बालबालिका तथा लोपोन्मुख परिवारका अति विपन्न बालबालिकाका लागि स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयमा आवासीय शिक्षाको व्यवस्था गर्न र असहाय बालबालिकालाई लक्षित गरी बाल मन्दिर, बाल संरक्षण गृह र बाल सुधार गृहको भौतिक पूर्वाधार निर्माणको लागि रू. १ करोड ७५ लाख विनियोजन | सम्झौता भैरहेको। |
| | • असहाय वर्गको संरक्षण, महिला, बालबालिका, एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अति विपन्नहरूको सामाजिक सुरक्षा र संरक्षणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न र ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूको संरक्षणका लागि ज्येष्ठ नागरिक ग्राम र अपाङ्गता नागरिक ग्रामको कार्यक्रमलाई निरन्तरता दिन रू. १ करोड विनियोजन गरेको छु। | निर्माणको क्रममा भए पनि लागत अनुमान ठुलो रहेको। |
| | • महिलाहरूको आर्थिक सामाजिक सशक्तीकरणको लागि शैक्षिक तथा कानूनी सचेतना, क्षमता तथा नेतृत्व विकास, आय वृद्धि, जीविकोपार्जन सुधार, रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धनजस्ता विषयहरूलाई समावेश गरी स्थानीय तहसँगको सहकार्यमा आर्थिक-सामाजिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न रू. ३ करोड ७३ लाख विनियोजन गरेको छु। | आशयपत्र जारी भई सम्झौताको क्रममा। |
| | • सार्वजनिक – निजी साझेदारीमा स्थापित पुनर्स्थापना केन्द्रमा आश्रित तथा पीडितहरूलाई सीप तथा क्षमता अभिवृद्धिका लागि स्वरोजगारमूलक तालिमका अवसर प्रदान गरिनेछ । साथै, लैङ्गिक हिंसापीडित महिलाहरूका लागि प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा जग्गा प्राप्ति गरी निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन | जग्गा प्राप्ति गरी निर्माणको लागि डीपीआर निर्माण हुदै |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | गरेको छु । | |
| ९४ | • कोभिड -१९ को नियन्त्रण तथा उपचारका लागि स्रोतको अभाव हुन नदिन भैपरी आउने खर्चमा रू. १ अर्ब | आवश्यक बजेट निकासा भैरहेको । |

## ७.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण

(रु. हजारमा)

| बजेट शीर्षक | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ३५०००११ | सामाजिक विकास मन्त्रालय | ४४ | १०५८२१ | ८ | १९ | १९६३८ | १८.५५ |
| ३५०००१२ | एकीकृत स्वास्थ्य तथा सरसफाइ कार्यक्रमहरु | ५१ | ३४९३८२ | १३ | २५.४ | ७२५६५ | २०.७६ |
| ३५०००१३ | वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम | २६ | ४०१९८ | २ | ७.६ | २६५८ | ६.६ |
| ३५०००१४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम | २२ | ४६०६०० | २ | ९ | २७८१५ | ६.०४ |
| ३५०००१५ | लैङ्गिक सशक्तीकरण तथा मूलप्रवाहीकरण कार्यक्रम | १८ | ६६००० | १ | ५.५ | १६५४ | २.५ |
| ३५०००१६ | श्रम तथा रोजगार कार्यक्रम | ८ | १६५००० | ०.५ | ६ | ० | ० |
| ३५०००१७ | भाषा तथा लिपि | १ | २००० | ०.२ | १ | ० | ० |

| बजेट शीर्षक | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ३५०००११८ | युवा तथा खेलकुद कार्यक्रम | ९ | १८४४०० | २ | २२.२ | ६०० | ०.३३ |
| ३५०००११९ | उच्च शिक्षा कार्यक्रम | ८ | २१६४०० | २ | २५ | ३३९२९ | १५.६८ |
| ३५००००२१ | प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम | ५० | ९१०७७४ | १६ | ३२ | १४१७०८ | १५.५६ |
| ३५००००२२ | नमूना विद्यालय र विशेप शिक्षा कार्यक्रम | ९ | २६३९०० | ३ | ३३.३ | ३६४०५ | १३.७९ |
| ३५००००२३ | विज्ञान तथा प्रविधि कार्यक्रम | ५ | ५६२०० | १ | २५ | १२४४० | २२.१४ |
| ३५०००१२० | सामाजिक विकास मन्त्रालय सशर्त | ५२९ | १७७९४० | २१४ | ४०.४५ | ६९०६६२ | ३९.० |

*(स्रोतः सामाजिक विकास मन्त्रालय..)*

## ७.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ५० | १८ | ३६ |
| २ | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १५०० | ८४५ | ५६.३३ |
| ३ | १५१११ बेरुजु | १०० | १६ | १६ |

*(स्रोतः.सामाजिक विकास मन्त्रालय..)*

## ७.७ आ.व. २०७७/७८ मा २०७७ पुस मसान्तसम्मसम्पादन भएका महत्वपूर्ण कार्यहरु

### (क) महत्वपूर्ण कार्यको विवरण (बुँदागत रुपमा)

- ६ वटा अस्पतालहरुको ५० शैय्यामा स्तरोन्नति तथा बिशेषज्ञ सेवा तथा दन्त सेवाको सुरुवात।
- सबै बजेट शीर्षकहरुमा कार्यक्रम कार्यान्वयन मार्गदर्शन निर्माण।
- स्टेम कार्यक्रमको अवधारण नीति तथा कार्यक्रमको निर्माण र स्टेम संयोजकको नियुक्ति।
- सामुदायिक क्याम्पसका शिक्षकहरुलाई अनुसन्धान कार्यशाला सम्पन्न गरी १० वटा विषयमा क्याम्पसहरुको सहयोगमा अनुसन्धान कार्य संचालनमा रहेको।
- सामुदायिक क्याम्पसहरुमा भवन निर्माण पुस्तकालय आईसीटी ल्यावहरु निर्माणको सम्झौता भई पहिलो किस्ता निकासा भएको।
- प्रदेशमा लुम्विनी बौद्ध विश्वविद्यालयको सहकार्यमा ५ वर्षे बी.ए.एल.एल.बी. र पद्मोदय क्याम्पसमा बी एस्सी कक्षाहरु सञ्चालनमा निरन्तरता दिइएको ।
- विभिन्न दिवसीय कार्यक्रमहरु सञ्चालन ।
- लैंगिकहिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन ।
- सचेतनामूलक कार्यक्रम (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैंगिकतथा यौनिक अल्पसंख्यकका अधिकार र जातीय छुवाछुत विरुद्ध) सञ्चालन ।
- स्वास्थ्यकर्मीहरुलाई भि आई ए तालिम, परिवार नियोजन साधन सम्बन्धी तालिम, एस वि ए तालिम, सुरक्षित मातृत्वको लागि अनसाईट कोचिङ मेन्टरिङ तालिम, कुष्ठरोग उपचार सम्बन्धी तालिम, चिकित्सकहरुको लागि मेडिको लिगल तालिम, अस्पतालका नर्सिङ स्टाफहरुलाई ओटि म्यानेजमेन्ट तालिम, चिकित्सकहरुलाई भ्यासेक्टोमी तालिम, कम्प्रिहेन्सिभ परिवार नियोजन (COFP) तालिम र चिकित्सकहरुको लागि नसर्ने रोग सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिमहरु सम्पन्न भएकाछन् ।
- नमुना विद्यालय निर्माणका लागि विद्यालयहरु छनौट ।
- पुस्तकालयहरुलाई सहयोगका लागि पुस्तकालयहरु तथा विद्यालयहरु छनौट।

- प्राविधिक तथा वहुप्राविधिक शिक्षालयहरुलाई सहयोग।
- मुक्त कमैया कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुलाईकक्षा ११र १२ अध्ययनका लागि मासिक १०००।-का दरले छात्रवृत्ति प्रदान गर्न सूचना जारी।
- कक्षा ११ र १२ मा सामुदायिक विद्यालयमा विज्ञान अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्न सूचना जारी ।
- **४८ वटा कक्षाकोठा, ४६ वटा**

**(ख) खण्ड (क) मा उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान (तथ्य/ तथ्याङ्क सहित)**

मन्त्रालयवाट संचालित विकास आयोजनाहरुबाट सिर्जित रोजगारीमा १५३ जना स्वयम् सेवकहरु, ३२ जना स्कुल नर्स, १२ जना खेलकूद प्रशिक्षकहरुले प्रत्यक्ष रुपमा रोजगारीमा छन् भने यसका सामाजिक विकास शाखा तथा सीपकार्यालयहरु तथा प्राविधिक तथा व्यावसायिक तालिम परिषदमार्फत दिइने १०००० भन्दा बढीलाई तालिम प्राप्त गरी स्वरोजगार हुन सहयोग पुग्नेछ । यस बाहेक क्याम्पस भवनहरु निर्माण, रङ्गशालाहरु, विद्यालयहरु, क्याम्पसहरु तथा अस्पतालहरुमा हुने भवन निर्माण आदिका कार्यहरुले सिजनल रोजगारी सिर्जना र संचालनमा सहयोग पुगेको छ ।

## ७.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई (यदि भए)

- कार्यक्रम संचालनका सुरुका ४ महिनाहरुमा कोभिड १९ को अनिश्चितता।
- संघीय ऐन नियमहरु नबन्दा प्रदेशले आफ्ना कानुन बनाउन नपाउँदा कतिपय कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको । जस्तैः शिक्षा ऐन ,स्वास्थ्य ऐन।
- प्रदेश स्तरमा निर्माण गरिने कार्यविधि तथा निर्देशिकाहरु पूर्ण रुपमा निर्माण नभईसकेको कारण कार्यक्रम कार्यान्वयनमा ढिलाई ।
- खरिद प्रक्रिया परामर्श सेवा अनुसन्धान जस्ता विषयको प्रक्रिया लामो हुँदा समयमा काम गर्न नसक्नु
- कार्यन्वयन गर्ने संरचना ढिलो स्थापना हुनु र स्थापित निकायमा कर्मचारी पदपुर्ति समयमा हुन नसक्नु
- निर्माण गरिने संरचनाहरुको विस्तृत लागत अनुमान तथा EIE नहुनु ।
- निर्माण गरिने संरचनाको जग्गा प्राप्तिमा समस्या ।
- लेखा प्रणाली संचालनमा एकीकृत सफ्टवेयरको अभाव ।

## ७.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम (प्रस्तावित)

**समस्या, समस्या समाधानका प्रयास तथा आगामी कदमः**

| क्र.सं. | समस्या | समस्या समाधानका प्रयास | आगामी कदम |
|---|---|---|---|
| १ | आवश्यक प्राथमिक सूचना तथा तथ्याङ्कको अभाव | खण्डीकृत तथ्याङ्कको प्रयोग भैरहेको | प्रदेशमा सूचना बैङ्कको स्थापना गर्नुपर्ने |
| २ | कार्यविधि तथा निर्देशिकाहरु निर्माणमा बढी समय खर्चिएको | मिल्दा जुल्दा कार्यविधिहरुको सहयोग लिइएको । | नमुनाहरु वनाउने वा कर्मचारी क्षमता बढाउने । |
| ३ | प्राविधिक कार्यसँग सम्बन्धीत संरचना र जनशक्तिको कमी | • स्वयमसेवक प्राविधिकबाट काम चलाइएको । | • प्रदेश सरकारका निर्माण कार्य हेर्न प्राविधिक wing को आवश्यकता रहेको । |
| ४ | स्वास्थ्य क्षेत्रका औजार उपकरण मेशिनरी औजारको लागि स्पेशिफिकेशन तयार गर्ने समस्या | • उपलब्ध कर्मचारी र परामर्श सेवाबाट जेनतेन काम चलाइएको | • प्रदेशमा स्पेशीफिकेशन बैङ्कको स्थापना |
| ५ | सार्वजनिक खरिद प्रक्रियाका सम्बन्धमा पर्याप्त जानकारीको अभाव | परामर्श सेवाबाट समेत काम चलाइएको । | • क्षमता वृद्धि तालिम।<br>• प्रदेश सार्वजनिक खरिद अनुगमन तथा सहजीकरण इकाई स्थापना । |
| ६ | एकीकृत सफ्टवेयर नहुनु | • म्यानुअल रुपमा काम गर्नु परेको | • प्रदेशको एकीकृत लेखा्योजना, सूचना तथ्याङ्क सम्बन्धी सफ्टवेयरको व्यवस्था |
| ७ | PLMBIS बाट आफु मातहतको कार्यालयको खर्च निकाल्न नसकिनु | • कागजी प्रतिवेदनबाट काम चलाइएको। | • रिपोर्ट हेर्ने सुविधा मन्त्रालय तहसम्म हुनुपर्ने। |

## ७.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)

- कोभिड १९ को लागि भ्याक्सिनको सुरुवात भएको छ।
- संस्थागत मेमोरीमा विकास भएको छ।

## ७.११ निष्कर्ष

शिक्षा, स्वास्थ्य , सामाजिक सुरक्षा, युवा खेलकुद , भाषा , बिज्ञान प्रविधि र श्रम तथा रोजगारको क्षेत्रमा काम गर्ने उद्धेश्यले गठन गरिएको  सामाजिक विकास मन्त्रालयले ऐन, कानुन, कार्यविधिध, निर्देशिका तथा मापदण्डको आधारमा कार्यक्रमहरुको सफल कार्यान्वयन गर्दै जनताको दैनिक जीवनसँग जोडिएका विषयमा अझ संवेदनशील भई आफ्नो जिम्मेवारीमा कटिबद्ध भई **समृद्ध प्रदेश खुशी जनता**को मुल मन्त्रलाई साकार पार्ने दिशातर्फ अगाडि बढिरहेको छ । यसका नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला निकायबाट सल्लाह सुझाव र सहयोगको अपेक्षासहित अगाडि बढ्दछ ।

# परिच्छेद-८
## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ८.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा अर्धवार्षिक वित्तीय प्रगति

(रु. हजारमा )

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ पौष सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ११७२०३६ | ४०५२३२ | ३४.५८ |
| पुंजीगत | १७२५४८० | ३२०५९५ | १८.५८ |
| जम्मा | २८९७५१६ | ७२५८२७ | २५.०५ |

*(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)*

### ८.२ आर्थिक वर्ष २०७७/७८ को पौष मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | २७९६६६ | २९६६४.४५ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ७७७०० | ५४७ |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | | |

*(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)*

### ८.३ नीति तथा कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण

| निति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६० | प्रदेशलाई पश्चिम नेपालको औद्योगिक हबको रुपमा विकास गर्न केन्द्र सरकारसँगको सहकार्यमा ठूला औद्योगिक क्षेत्र र औद्योगिक कोरिडर निर्माणमा जोड | सुनवल-परासी, कृष्णनगर-चन्द्रौटा र नेपालगंज-गुलरिया औद्योगिक कोरिडर निर्माण गर्ने कार्यका |

| | | |
|---|---|---|
| | दिइनेछ। औद्योगिक क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रबर्द्धनात्मक कार्यक्रम अघि बढाइनेछ। | लागि संभाब्यता अध्ययन भएको। |
| ६१ | घरेलु, साना तथा मझौला उद्योगहरु मार्फत रोजगार सिर्जना गर्ने र क्षेत्रगत असन्तुलन कम गर्दै जाने नीति अनुरुप **"एक निर्वाचन क्षेत्र, एक औद्योगिक ग्राम स्थापना"** को कार्यक्रमलाई निरन्तरता दिइनेछ। बिस्तृत आयोजना प्रतिवेदन तयार भएका औद्योगिक ग्रामहरुमा पूर्बाधार निर्माणको कार्य अगाडि बढाइनेछ। | १४ वटा पालिकाको विस्तृत आयोजना प्रतिवेदन तयार भएको। तिलोत्तमा औद्योगिक ग्राम स्थापनाको चरणमा रहेको। |
| ६२ | उद्यम विकास कोषको परिचालन गरी उद्योगको विकास र विस्तारका लागि घरेलु तथा साना उद्योगहरुमार्फत युवाहरुलाई स्वरोजगारका लागि प्रोत्साहित गरिनेछ। स्वदेशी कच्चा पदार्थ र स्वदेशी श्रम प्रयोग गरी संचालन गरिने उद्योगलाई प्रबर्धन गरिनेछ। बैदशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई त्यस्ता उद्योग मार्फत रोजगारीको व्यवस्था गर्न रोष्टर तयार गरी व्यक्तिगत तथा सामूहिक रुपमा सरल कर्जा तथा अनुदान दिने नीति अबलम्बन गरिनेछ। | स्वदेशी रोजगारी प्रबर्द्धन गर्न उद्यम विकास कोषको परिचालनको लागि नेपाल बैंक लिमिटेडसँग संझौता भई कार्यान्वयनको अबस्थामा रहेको । अनुदानग्राहीले तीन देखि दश लाख ऋण लिंदा तीन वर्षको ब्याज प्रदेश सरकारले उद्यमीको खातामा भुक्तानी दिने व्यवस्था रहेको । |
| ६३ | प्रदेश सरकारले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, कार्यक्रम र परियोजनाहरु संचालन गर्दा स्वदेशी वस्तु तथा सेवाको प्रयोगमा बिशेष प्राथमिकता दिनेछ। यसबाट रोजगारीमा बृद्धि भई राष्ट्रिय अर्थतन्त्रको विकासमा सहयोग पुग्ने अपेक्षा लिइएको छ। | प्रदेश सरकारबाट निर्माण हुने र खरिद गर्ने काठजन्य वस्तु खरिदमा स्वदेशी काठ प्रयोग गर्न पत्राचार भएको । |
| ६४ | कृषि, वन तथा जडिबुटीमा आधारित उद्योगहरुको विकासका लागि आवश्यक प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराईने छ। आन्तरिक उत्पादनको मेला प्रदर्शनी आयोजना गरी उत्पादनको बजारीकरण गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ। | आन्तरिक उत्पादनको मेला प्रदर्शनीका लागि रु. एक करोड एघार लाख रकम विनियोजन भएकोमा कोभिड-१९ को प्रभावले हुन नसकेको । |
| ६५ | गुणस्तरीय वस्तुको आपूर्ति सुनिश्चित गर्न गुणस्तर परीक्षण र नियमित अनुगमनमा जोड दिइनेछ। उपभोक्ताको हकहित संरक्षणका लागि जागरण अभियान र उपभोक्ता शिक्षा संचालन | विद्यालय वा समुदायस्तरमा उपभोक्ता जागरण क्लब गठन गरी ती क्लबहरु मार्फत उपभोक्ता शिक्षा कार्यक्रम |

| | | |
|---|---|---|
| | गरिनेछ। गुणस्तरीय उपभोग्य वस्तुहरुको सर्वसुलभ आपूर्ति सुनिश्चित गरिनेछ। बजार नियमन सम्बन्धी कानून निर्माण गरी कालोबजारी, कृत्रिम अभाव, सिन्डिकेट र कार्टेलिङलाई कडाईका साथ नियमन गरिनेछ। | संचालन भएको। प्रत्येक जिल्लाका दश वटा विद्यालयमा उपभोक्ता प्रशिक्षक मार्फत उपभोक्ता जागरण कक्षा संचालनको लागि प्रशिक्षक छनौट भएको । बजार नियमन तथा प्रतिष्पर्धा प्रबर्द्धन ऐन कार्यान्वयनमा रहेको । |
| ६६ | प्रदेशमा खाद्य लगायत अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थाका लागि अभिलेखीकरण एवम् माग आपूर्ति विश्लेषण गर्न संयन्त्र स्थापना गरिनेछ । | प्रदेश स्तरीय आपूर्ति संयन्त्र र माग आपूर्ति विश्लेषणको लागि आपूर्ति संयन्त्रको गठन भएको। |
| ६७ | कोभिड-१९ प्रकोप नियन्त्रणमा आउन सुरु भए सँगै पर्यटन क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण आर्थिक क्रियाकलापको माध्यमका रुपमा विकास गरिनेछ। साहसिक पर्यटन, पर्यापर्यटन, बिदा पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, खेलकुद पर्यटन, शैक्षिक पर्यटन, ग्रामिण पर्यटन लगायतका व्यवसायको विविधीकरण र विकास गरी प्रदेशमा रोजगारीको अवसर वृद्धि गरिनेछ। | |
| ६८ | प्रमुख पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनमार्फत प्रदेशमा परिमाणात्मक तथा गुणात्मक रुपमा पर्यटक आकर्षण गर्ने नीति लिइनेछ। रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लालाई समेटी बृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। | बृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि एकमुष्ट बजेटलाई विभिन्न कृयाकलापमा विभाजन गरी कार्य अगाडि बढाइएको। |
| ६९ | प्रदेश भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक एवम् अन्य पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धन र विकास गरीनेछ। गत वर्ष संचालित पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रम तथा बिस्तृत आयोजना प्रतिबेदन तयार गरिएका आयोजनालाई निरन्तरता दिइनेछ। | प्रदेशमा १२ वटै जिल्लाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक एवम् अन्य पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धनका कार्यहरु मध्ये कतिपय कार्य सम्पन्न भएका। बाँकी कार्यहरु संचालनमा रहेका। |

| | | |
|---|---|---|
| ७० | भारतीय र आन्तरिक पर्यटकहरुलाई आकर्षित गरी पर्यटन प्रबर्द्धन गर्न प्युठानको स्वर्गद्वारी, रोल्पाको होलेरी, अर्घाखाँचीको नरपानी, पाल्पाको श्रीनगर र गुल्मीको रेसुङ्गामा हिल स्टेशन निर्माण गरिनेछ। | हिल स्टेशनको कार्य गर्न परमर्शदाता संस्था छनौटको लागि इ विडिङ मार्फत सूचना प्रकाशन गरिएको। |
| ७१ | होमस्टेको विकास मार्फत ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ। होमस्टे संचालनको लागि प्रोत्साहन गर्ने, होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ। | होमस्टेमा साँस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यको लागि प्रदेशमा संचालित होमस्टेबाट प्रस्ताब माग गरी अनुदानका लागि स्थलगत अनुगमन गरिएको। |
| ७२ | थारु, मगर लगायत प्रदेशमा रहेका विभिन्न सांस्कृतिक समुदायहरुको कला संस्कृति समेतको प्रवर्द्धन हुने बिबिध कार्यक्रमहरु संचालन गरी निर्माणाधिन सांस्कृतिक डबलीको निर्माण कार्यलाई सम्पन्न गरिनेछ। | पाल्पाको श्रीनगरमा सांस्कृतिक डवली तथा नुवाकोट गढीमा सांस्कृतिक डवली पूर्बाधार निर्माणको कार्य ठेक्का मार्फत भइरहेको। दाङको घोरदौरामा डवली निर्माण कार्यका लागि म्याद थप गर्नुपर्ने। |
| ७३ | भाषा, साहित्य, कला, संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्दै संग्रहालयहरुलाई जानकारीमुलक र व्यबस्थित बनाउदै लगिनेछ। | पाल्पा दरवार संग्रहालयको व्यवस्थापनको कार्य भएको। |
| ७४ | प्रादेशिक खनिज नीति, कानून, तथा मापदण्ड बनाई उपयुक्त स्थान पहिचान गरी नेपाल सरकार संगको सहकार्यमा खनिज तथा निर्माण सामग्री बिक्री वितरण तथा उपयोग गर्न भौगर्भिक अध्ययन, अनुसन्धान, अन्वेषण र उत्खननका कार्यहरु अगाडि बढाइनेछ। साथै प्रदेशमा उद्योग, पर्यटन, वन, खानी तथा खानीजन्य क्षेत्रवाट रणनीतिक हिसाबले लाभ अभिवृद्धि गर्न अध्ययन अनुसन्धान र तथ्याङ्क व्यवस्थापन गरिनेछ । | |
| ७५ | वैज्ञानिक वन ब्यबस्थापनका माध्यमबाट वनको उत्पादन र उत्पादकत्व बढाई वन पैदावारमा | वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र |

| | | |
|---|---|---|
| | आत्मनिर्भर हुन सम्भाव्य उत्पादनशिल वनहरु पहिचान गरी दीगो व्यवस्थापन गर्ने निति लिईनेछ। हाल कायम रहेको वास्तविक वन क्षेत्र नघट्ने गरी वनको सहभागितामूलक पद्धतिद्वारा व्यवस्थापन गरी वनजन्य कच्चापदार्थमा आधारित उद्योगहरु संचालनका लागि उपभोक्ता समूह तथा निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ। प्रदेशमा वन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | संचालनका लागि सहकारी /समुदाय/संस्था/समूह मार्फत अनुदानको लागि सूचना प्रकाशन गरिएको।<br>वन विधेयकको मस्यौदा तयार भएको। |
| ७६ | वन व्यवस्थापनमा सामुदायिक वनले पुऱ्याएको योगदानलाई प्रोत्साहन गरिनेछ। सामुदावयक वनसँगको सहकार्यमा क्षेत्रहरु पहिचान गरी अघि बढाईनेछ। | |
| ७७ | वनजन्य उद्योग स्थापना र प्रवर्द्धनका कार्यक्रमलाई प्रोत्साहन गर्न सबै सरकारी निकायहरुमा स्वदेशी बस्तुको प्रयोगवाट निर्मित उत्पादन जस्तै फर्निचर, कार्यालय सामाग्री तथा उपकरणको प्रयोग गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। | प्रदेश र स्थानीय निकायमा स्वदेशी बस्तुको प्रयोगवाट निर्मित फर्निचर प्रयोग गर्न परिपत्र गरिएको। |
| ७८ | वनक्षेत्रको सुशासन तथा कार्यक्षमता अभिवृद्धि गर्न सूचना प्रविधि लगायतका आधुनिक प्रविधिको प्रयोगमा प्राथमिकता दिईनेछ। निजि तथा पारिवारिक वन विकासका लागि प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै गुणस्तरीय (बहुबर्षीय) विरुवा निःशुल्क उपलब्ध गराईनेछ। उपयुक्त वन क्षेत्रमा पर्या पर्यटन विकासका लागि वन व्यवस्थापन योजनामै पर्या पर्यटनका क्रियाकलाप समावेश गरिनेछ। पर्या पर्यटनका क्रियाकलापहरु सञ्चालन गर्दा उपभोक्ता समूह, निजी क्षेत्र र सरोकारवालासँगको समन्वय र सहकार्यमा गरिनेछ। | बहुबर्षीय विरुवा उत्पादन लगायत नर्सरी व्यवस्थापन विस्तृत योजनाहरु सबै कार्यालयहरुबाट तयार गरी मन्त्रालयमा प्राप्त भई १६ लाख ६८ हजार बहुबर्षीय बिरुवा उत्पादनको कार्य भइरहेको। |
| ७९ | जडिबुटी तथा सुगन्धित वनस्पतिको संभाव्यता अध्ययन गरी प्रत्येक जिल्लामा जडिबुटी तथा सुगन्धित वनस्पतिको पकेट कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ। झडिबुटी प्रशोधन गरी आयुर्वेदिक एवम् एलोपेथिक औषधी उत्पादनका लागि कारखाना स्थापना र प्रदेशिक ब्राण्ड प्रदान गर्ने नीतिगत व्यवस्था गरी उद्योग संचालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित | जडिवुटी विरुवा उत्पादनको लागि १४ वटै डिभिजन वन कार्यालयहरुबाट कायदिश भएको। खेती विस्तारको लागि प्रस्ताव मागको सूचना प्रकाशन भएको। जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम प्रबर्द्धनमा सहयोगको लागि |

| | | |
|---|---|---|
| | गरिनेछ। | प्रस्ताव आह्वानको सूचना प्रकाशन भएको। |
| ८० | जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि समुदाय सँग सहकार्य गरिनेछ। | जैविक विविधता संरक्षण र संबर्द्धनका लागि १४ वटै डिभिजन वन कार्यालयहरुबाट कार्य भइरहेको।<br>अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम मार्फत समुदाय सँग सहकार्य भइरहेको। |
| ८१ | मानव वन्यजन्तु द्वन्द न्यूनीकरणको लागि वन्यजन्तु आवागमन गर्ने वन र आवादी सिमानामा छेकबार निर्माण गर्ने, एउटा वन र अर्को वन जोडी वन्यजन्तु आवागमन गर्ने जैविक मार्ग विकास गर्ने र वन्यजन्तुको बासस्थान व्यवस्थापन गर्ने कार्मलाई जोड दिइनेछ। वन अतिक्रमण नियन्त्रणको लागि अतिक्रमण संवेदनशिल स्थानहरुमा ट्रेन्च निर्माण गरी जैविक बार लगाउने लगायतका कार्यलाई निरन्तरता दिईनेछ। | अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बाँस रोपण योजना सबै १४ वटै डिभिजन वन कार्यालयहरुमा तयार भई कम्तिमा ११० कि.मि. घना बाँस रोपण कार्य हुने गरी क्षेत्र छनौट भएको। |
| ८२ | राष्ट्रिय निकुञ्ज, संरक्षित तथा मध्यवर्ती क्षेत्र लगायत वन क्षेत्रको आसपासमा हुने मानव र वन्यजन्तुको द्वन्द न्यूनीकरणका लागि समुदायको क्षमता अभिवृद्धि, चेतनामूलक एवम् उद्दार तथा राहतका कार्यक्रम संचालन गरिनेछ। जंगली जनावरहरुले मानव बस्तीमा प्रवेश गरी पुऱ्याउन सक्ने क्षति न्यूनीकरणका लागि स्थानीय तहसँगको सहकार्यमा विशेष कार्यक्रम संचालन गरिनेछ। घाइते वन्यजन्तु उद्दारका लागि नेपाल सरकारसँग समन्वय गरी उद्धार एकाई स्थापना गरिनेछ। | बर्दिया जिल्लामा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि स्थानीय तहको समन्वयमा हात्ती छेक्ने पक्की पर्खाल र मचान निर्माणको लागि संझौता भएको। पम्प्लेट, पोष्टर प्रकाशन, रेडियो, टि.भि. बाट प्रचार तथा गोष्ठिको माध्यमबाट सचेतनामुलक कार्यक्रम संचालन गरिएको। सर्प, बँदेल, निलगाई चरीबाघ जस्ता जनाबरहरुको उद्धार गरिएको। |

| | | |
|---|---|---|
| ८३ | वनलाई कृषिसँग आवद्ध गर्दै प्रत्येक जिल्लामा नमूना कृषि वन विकास कार्यक्रम संचालन गरिनेछ। प्रदेशमा रहेका संवेदनशील जलाधार क्षेत्रको पहिचान गरिनेछ। जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमसँगै जलाधारहरुको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरी त्यस्ता स्थानहरुलाई पर्या पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ। | संवेदनशिल जलाधार क्षेत्र संरक्षण अन्तर्गत तीन स्थानमा कार्य सम्पन्न भएको, अन्य क्षेत्रहरुमा संझौता भई कार्य जारी। बाह्रवटै जिल्लामा नदी खोला नियन्त्रण, पानी मुहान संरक्षण / पोखरी निर्माण लगायतका भू-संरक्षणसँग सम्बन्धित कार्यहरु संचालनमा रहेको। |
| ८४ | प्लाष्टिकजन्य पदार्थहरुको उपयोगलाई निरुत्साहित गर्दै वातावरणीय प्रदुषण कम हुने वस्तुहरुको उत्पादन तथा प्रयोग गर्न प्रेरित गरिनेछ। प्रयोग भएका वस्तुहरुको पुनःप्रयोगका लागि एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन तथा निर्माण कार्यका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। | प्लाष्टिकजन्य पदार्थहरुको नियन्त्रण तथा पुनःप्रयोग सम्बन्धी अध्ययनको लागि मूल्यांकन कार्य भएको। एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको स्थापनाको लागि सैनामैना नगरपालिका सँग प्रारम्भिक छलफल भएको। |
| ८५ | भौतिक पूर्वाधार निर्माण तथा उद्योग कलकारखाना संचालनका क्रममा हुन सक्ने वातावरणीय क्षतीलाई न्यूनीकरण गर्दै त्यस्ता आयोजनावाट अत्यधिक वातावरणीय, आर्थिक तथा सामाजिक फाइदा लिन वातावरण सम्बन्धी कानून तथा मापदण्डको व्यवस्था गरी लागू गरिनेछ। | वातावरण ऐन २०७७ तथा वातावरण नियमावली, २०७७ कार्यान्वयनमा रहेको। |
| ८६ | पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने ढुंगा, गिटी, वालुवाको सहज उपलब्धताका लागि उपयुक्त खानी क्षेत्र पहिचान र उपयोग गर्ने र निकुञ्ज तथा वन क्षेत्रमा थुप्रिएको निर्माणजन्य सामाग्रीको उपयोग सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ। | डिभिजन वन कार्यालयहरुबाट वन क्षेत्र भित्रका खोला खहरेको कार्ययोजनाहरू प्राप्त भई कम्पाइलको कार्य भई रहेको । यी योजनाहरूको वातावरणीय अध्ययन प्रतिवेदनको कार्य अगाडि वढाइएको। |

*(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय*

## ८.४ वजेट वक्तव्यको अर्धबार्षिक प्रगति विवरण

| ब.ब.को बुदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| १३५ | बाबियो तथा घाँस पराल जस्ता कच्चा पदार्थको उपयोगबाट ठूलो संख्यामा स्वरोजगारी सिर्जना हुनेगरी प्रदेशमा एक कागज कारखाना स्थापना कार्य अघि बढाइनेछ। | |
| १३६ | केन्द्रसँगको सहकार्यमा प्रदेशभित्र रासायनिक मल कारखाना स्थापना गर्न संभाब्यता अध्ययन गरिनेछ। सार्वजनिक निजी साझेदारीमा इलेक्ट्रिक स्कुटर कारखाना स्थापना गर्न पहल गरिने छ। | |
| १३७ | कोभिड-१९ का कारण वैदेशिक रोजगारीमा परेको असर सम्बन्धी अध्ययन प्रतिवेदन अनुसार वैदेशिक रोजगारीबाट फर्कनेहरु मध्ये ७० प्रतिशत भन्दा बढिले पेशा व्यवसाय गर्न चाहना राखेको देखिएकाले प्रदेशमै पेशा व्यवसाय गर्न युवाहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले **लघु, घरेलु तथा साना उद्योग विकास कोष** स्थापना गरी सहुलियत ऋणका लागि ब्याज अनुदान प्रदान गर्न रु. दश करोड विनियोजन गरिएको छ। | स्वदेशी रोजगारी प्रबर्द्धन गर्न उद्यम विकास कोषको परिचालनको लागि नेपाल बैंक लिमिटेडसँग संझौता भई कार्यान्वयनको अबस्थामा रहेको। |
| १३८ | एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्रामको नीति अनुरुप संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी पूर्व संभाब्यता अध्ययन सम्पन्न भइ सकेका पन्ध्र वटा औद्योगिक ग्राम मध्ये आवश्यकताका आधारमा विस्तृत संभाव्यता अध्ययन गरिनेछ। विस्तृत अध्ययन सम्पन्न भएका औद्योगिक ग्रामहरु र बुटवल औद्योगिक क्षेत्रको पूर्वाधार विकास गरिनेछ। | प्रदेशमा १४ वटा औद्योगिक ग्रामको विस्तृत संभाब्यता अध्ययनको कार्य संचालनमा रहेको। |
| १३९ | मोतीपुर र नौवस्ता औद्योगिक क्षेत्र प्रदेश मातहत ल्याएर औद्योगिक विकासलाई सहजीकरण गरिनेछ। | मोतीपुर र नौवस्ता औद्योगिक क्षेत्र प्रदेश मातहत ल्याउने कार्यका लागि संघीय मन्त्रालयमा पत्राचार गरिएको। |

| | | |
|---|---|---|
| १४१ | घरेलु तथा साना उद्योगीहरुको स्वदेशी उत्पादन तथा कृषि उपजहरुको बजार प्रबर्द्धनका लागि बाँके, रुपन्देही र दाङ जिल्लामा प्रादेशिक डिपार्टमेण्टल स्टोर सञ्चालनमा सहयोग गरिनेछ। परम्परागत सिप र प्रविधिमा आधारित लघु तथा घरेलु उद्यमीहरुबाट उत्पादित बस्तुहरुको बजार प्रबर्द्धनका लागि प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा कोशेली घर स्थापना गर्न सहयोग गरिनेछ। यसका लागि रु. १ करोड ३६ लाख विनियोजन भएको छ। | बाँके, रुपन्देही र दाङ जिल्लामा प्रादेशिक डिपार्टमेण्टल स्टोर सञ्चालनको लागि घरेलु तथा साना उद्योग कार्यालय बाँके, रुपन्देही र दाङबाट कार्य भइरहेको।<br>कोशेली घर स्थापनाको लागि १२ घरेलु तथा साना उद्योग कार्यालयहरु मार्फत कार्य संचालनमा रहेको। |
| १४२ | प्रदेशमा सञ्चालनमा रहेका इटाभट्टा, सिमेण्ट कारखाना र प्लाईउड कारखानामा काम गर्ने विदेशी कामदारहरु फर्केपछि रिक्त हुन आएका करीब पचास हजार स्थानमा स्वदेशी कामदारहरुलाई सार्वजनिक-निजी साझेदारीको अबधारणा अनुरुप सम्बन्धित उद्योगको सहकार्यमा कार्यक्षेत्रगत तालीम प्रदान गरी काममा लगाउन आवश्यक बजेट व्यवस्था गरिएकोछ। कोइलाको गुणस्तर मापन यन्त्र खरिद गर्न अनुदान उपलब्ध गराउने प्रबन्ध मिलाइएको। | कोइलाको गुणस्तर मापन यन्त्र खरिद गर्न अनुदान उपलब्ध गराउने कार्यका लागि उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट यन्त्र खरिदको अनुदान प्रदान गर्न मापदण्ड तयारीको कार्य भएको। |
| १४३ | स्वदेशी वस्तुको प्रबर्द्धन र रोजगारी बृद्धिको लागि प्रदेशका कार्यालयहरुमा नेपाली काठ तथा नेपाली श्रमबाट बनेका फर्निचर मात्र खरिद गर्नुपर्ने। प्रदेश सरकारको बजेट बाट निर्माण हुने भवनहरुको डिजाइनमा झ्याल ढोका नेपाली काठकै हुनुपर्ने व्यवस्था गरिनेछ। | प्रदेश र स्थानीय निकायहरुलाई नेपाली काठ तथा नेपाली श्रमबाट बनेका फर्निचर मात्र खरिद गर्न पत्राचार गरिएको। |
| १४४ | स्वदेशी उत्पादनको उपयोग गर्ने बानी बसाल्न तथा स्थानीय उत्पादन र रोजगारी बृद्धि गर्न अल्लो, ढाका जस्ता स्थानीय कपडा तथा छाला जुत्ता लगायतका उत्पादनलाई विद्यार्थी तथा शिक्षकको पोशाकमा प्रयोगमा ल्याउने विद्यालयलाई नगद प्रोत्साहन दिने व्यवस्था गरेको। | |
| १४५ | महिला, दलित, मुक्त कमैया, कमलरी, हलिया तथा | विपन्नमुखी आयमुलक सिप विकास |

| | | |
|---|---|---|
| | सीमान्तकृत वर्ग र समुदायहरु लक्षित सिप विकास तालीमहरु सञ्चालन गर्न तथा दलित समुदायले परम्परा देखि अँगाल्दै आएको परम्परागत शिल्प व्यवसायको प्रबर्द्धन गर्न भगत सर्बजीत सिप विकास प्रबर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको। जसका लागि रु. २ करोड विनियोजन भएको छ। | तालीम, मुक्त कमैया, कमलरी, माझी, कुमाल, हलिया तथा लोपोन्मुख सिमान्तकृतहरुलाई सिपमुलक तालीम, एकल महिला दलित जनजातीहरुका लागि तालीम सम्पन्न भएका।<br>भगत सर्वजित परम्परागत शिल्प व्यवसाय प्रबर्द्धन तालीमको लागि सहभागी छनौटको कार्य भइरहेको। |
| १४६ | केन्द्र सरकार सँगको सहकार्यमा पाल्पाको डुम्रेमा फलाम खानीको अन्वेषण शुरु गरिनेछ। विकास निर्माणको लागि प्राकृतिक निर्माण सामाग्रीको उपलब्धताका लागि खानी तथा खनिज अन्वेषण र उत्खनन गरिनेछ। सिद्धबाबा लगायतका सम्भावित क्षेत्रमा निर्माण सामाग्री उत्खनन शुरु गरिनेछ। यसका लागि रु. १ करोड २५ लाख विनियोजन भएको छ। | |
| १४७ | स्थानीय तह सँगको सहकार्यमा वस्तु तथा सेवाहरुको गुणस्तर परीक्षण र नियमित अनुगमनलाई प्रभावकारी बनाउदै आपूर्ति प्रणालीलाई प्रतिष्पर्धात्मक बनाउनुको साथै एकाधिकार, कार्टेलिङ, कालोबजारी र मूल्य मिलेमतोको अन्त्य गरिनेछ। उपभोक्ता मूल्यसूची मोबाइल एप तयार गरी सञ्चालनमा ल्याइनेछ। | बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गरी ८५३ वटा फर्मको अनुगमन गरी नियम विपरित कारोवार गर्नेलाई १०,८०,०००/- जरिवाना र ५,३२,१७५/- बराबरको सामान जफत गरी नष्ट गरिएको। |
| १४८ | प्रदेशस्तरीय आपूर्ति व्यवस्था प्रणालीको विकास गर्न खाद्यान्न उत्पादन, आपूर्ति र भण्डारणको तथ्यांक अध्याबधिक गरिनेछ। भैरहवामा निर्माणाधिन गुणस्तर मापन प्रयोगशाला भवनको निर्माण सम्पन्न गरिनेछ। | भैरहवामा निर्माणाधिन गुणस्तर मापन प्रयोगशाला भवनको निर्माण कार्यको भौतिक प्रगति ७० प्रतिशत सम्पन्न भएको। |
| १४९ | कोभिड-१९ का कारण यो बर्ष स्थगित भएको लगानी सम्मेलन अनुकुल समयमा आगामी बर्ष सम्पन्न गरिनेछ। परियोजना बैंक अन्तर्गत प्रदेश योजना आयोगले अध्ययन सम्पन्न गरिसकेको शालिग्राम संग्रहालय तथा सुशोभन केन्द्र, कपिल | |

| | | |
|---|---|---|
| | जलदर्शी सम्मेलन केन्द्र, जिओ-टुरिज्म मार्ग लगायतका परियोजनाहरु लगानी सम्मेलनमा प्रस्तुत गरिनेछ। | |

**संस्कृति तथा पर्यटन प्रबर्द्धन**

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १५० | पर्यटकीय गन्तव्यहरुको पहिचान र पूर्वाधार विकास गरी पर्यटन व्यवसाय, स्थानीय उत्पादन, स्थानीय कला र संस्कृति बीच अन्तरघुलन गरिनेछ । साहसिक पर्यटन, पर्यापर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, खेलकुद पर्यटन, शैक्षिक पर्यटन, ग्रामीण पर्यटन लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिएको छ । | पर्यटकीय पूर्बाधार निर्माणको कार्य जारी रहेको।<br>साहासिक पर्यटनको गुरुयोजना र डि.पि.आर. को लागि कार्य क्षेत्रगत शर्त तयारी भएको। |
| १५१ | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आए पछि बढ्ने पर्यटक संख्यालाई दृष्टिगत गरी बुद्ध सर्किटका स्थानहरुलाई समेटी बृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न रु २ करोड ५० लाख बजेट विनियोजन गरेको छ । | बृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि एकमुष्ट बजेटलाई विभिन्न कृयाकलापमा विभाजन गरी कार्य अगाडि बढाइएको। |
| १५२ | बाह्रकुने दह, रुरु क्षेत्र तथा स्वर्गद्वारीमा पर्यटकीय पूर्वाधार विकास गर्न तयार भएका गुरुयोजनाहरुको कार्यान्वयनलाई निरन्तरता दिइनेछ । प्रदेशमा रहेका अन्य सम्भाव्य पर्यटकीय गन्तव्यहरुको गुरुयोजना र विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ । साथै प्यूठानको स्वर्गद्वारी, रोल्पाको होलेरी, अर्घाखाँचीको नरपानी, पाल्पाको श्रीनगर र गुल्मीको रेसुङ्गामा हिलस्टेशन निर्माणका लागि संभाव्यता अध्ययन सम्पन्न गरिनेछ । | बाह्रकुने दहमा बहुउद्देश्यीय पार्क निर्माणको लागि बहुबर्षीय आयोजना स्वीकृतको प्रकृयामा रहेको, रुरु पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडिखोला नियन्त्रण आयोजनाको ठेक्का संझौता भई कार्य जारी, स्वर्गद्वारी मन्दिरको भौतिक पूर्बाधार निर्माणको टेण्डरको लागि सूचना प्रकाशन भएको।<br>हिल स्टेशन निर्माणको लागि इ-विडिङ प्रकृयाबाट सूचना प्रकाशन गरिएको। |
| १५३ | रुकुम पूर्वमा रहेका तातोपानीका मुहानहरुको | रुकुम पूर्वमा रहेका तातोपानीका |

| | | |
|---|---|---|
| | संरक्षण र विकास गरी स्वास्थ्य पर्यटन प्रवर्द्धनको कामलाई निरन्तरता दिएको छु । | मुहानहरुको संरक्षण र विकासका लागि उपभोक्ता समिति सँग संझौता भई कार्यदिश भएको |
| १५४ | ढोरपाटन शिकार आरक्षमा प्रवेशका लागि रुकुम पूर्वको उपयुक्त विन्दुमा प्रवेशद्वार निर्माण गरी त्यस क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । बाँके र बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यापर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ । | ढोरपाटन शिकार आरक्षमा प्रवेशका लागि रुकुम पूर्वको उपयुक्त विन्दुमा प्रवेशद्वार निर्माण गर्न टेण्डर भई निर्माण व्यवसायी सँग संझौता गरी कार्यदिश दिइएको। बाँके र बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालनको लागि निकुञ्ज कार्यालय सँग छलफल भएको। |
| १५५ | प्रदेशको एक शीर्ष विन्दुको रुपमा विकास गर्न खोजिएको रुरु क्षेत्रमा पर्यटनको एकीकृत विकास एवम् कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण गर्न नेपाल सरकारसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने गरी रु १५ करोड ५४ लाख विनियोजन गरेको छु । | रुरु पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडिखोला नियन्त्रण आयोजनाको ठेक्का संझौता भई कार्य जारी। |
| १५६ | स्थानीय समुदायको संलग्नतामा ग्रामीण पर्यटन प्रवर्द्धन गर्न होमस्टेलाई स्थानीय संस्कृति, भेषभूषा, मौलिकता, परम्परागत पेशा र अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गरिनेछ।होमस्टेमा पूर्वाधार विकासको लागि रु. २ करोड विनियोजन गरेको छु । | होमस्टेमा साँस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यको लागि प्रदेशमा संचालित होमस्टेहरुबाट सूचना मार्फत प्रस्ताव माग गरी अनुदानका लागि स्थलगत अनुगमन गरिएको। |
| १५७ | प्रदेशका सबै जिल्लामा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न एक जिल्ला एक पर्यटन गन्तव्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।साथै प्रदेशका प्रमुख ५० पर्यटकीय गन्तव्य पहिचान गरी पर्यटन प्रवर्द्धन गरिने छ । | |
| १५८ | पाल्पाको श्रीनगर र नुवाकोट तथा दाङको घोरदौरामा निर्माणाधीन सांस्कृतिक डबलीको निर्माण कार्य यसै वर्ष सम्पन्न गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु । | पाल्पाको श्रीनगरमा सांस्कृतिक डवली तथा नुवाकोट गढीमा सांस्कृतिक डवली पूर्बाधार निर्माणको कार्य ठेक्का मार्फत भइरहेको । दाङको घोरदौरामा |

| | | |
|---|---|---|
| | | डवली निर्माण कार्यको लागी म्याद थप गर्नु पर्ने । |
| १५९ | प्रादेशिक कला, साहित्य र संस्कृतिको विकास तथा प्रवर्द्धनका लागि प्रादेशिक प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन सम्बन्धी कानून निर्माण गरिनेछ। साहित्य, कला र संस्कृतिको विकास र संवर्द्धनका लागि क्रियाशील संघ-संस्थाहरुको क्षमता अभिवृद्धि तथा प्रदेशस्तरीय वृहत् साहित्य सम्मेलनका लागि बजेट व्यवस्था गरेको छु । | प्रादेशिक कला, साहित्य र संस्कृतिको विकास तथा प्रवर्द्धनका लागि प्रादेशिक प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन सम्बन्धी कानूनको मस्यौदा तयार भएको। |
| १६० | प्रदेशका पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण र व्यवस्थापनका लागि सञ्चालित प्रादेशिक संग्रहालयको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । | पाल्पा दरवार संग्रहालयलाई प्रदेशिक संग्रहालयको रुपमा विकास गर्ने गरी व्यवस्थापनको कार्य भएको। कोभिड महामारीको कारणले बन्द भएको संग्रहालय हाल सञ्चालनमा रहेको। |
| १६१ | विभिन्न जातजातिहरुको परम्परागत संस्कृतिको प्रवर्द्धन, प्रचारप्रसार तथा विकासका लागि सबै जिल्लामा स्थानीय संस्कृतिमा आधारित सांस्कृतिक महोत्सव आयोजना गर्न बजेट व्यवस्था गरेको छु । | |
| १६२ | गुल्मीमा २०१८ सालको राजनीतिक आन्दोलनमा शहादत प्राप्त गर्नुहुने शहिदहरुको सम्मानमा शहादत प्राप्त गरेकै स्थान इस्मा गाउँपालिकाको अमरपुरमा शालिक स्थापना गरिनेछ । साथै राजनैतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने नेत्रलाल अभागीको दाङको घोराही उपमहानगरपालिकामा र सगुनलाल चौधरीको बर्दियाको वारबर्दिया नगरपालिकामा शालिक स्थापना गरिनेछ । सोको लागि आवश्यक बजेट विनियोजन गरेको छु । | |

वन तथा वातावरण

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६३ | जैविक विविधताको संरक्षण र सम्बर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । वन डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रण, चोरी शिकारी नियन्त्रणका लागी सामुदायिक वन, साझेदारी वन, कबुलियति वन लगायत उपभोक्ता समुह,स्थानिय तह र निजि क्षेत्रसंगको सहकार्यलाई प्रभावकारी बनाईनेछ । | जैविक विविधता संरक्षण र संबर्द्धनका लागि १४ वटै डिभिजन वन कार्यालयहरुबाट कार्य भइरहेको। अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण,चोरी निकासी नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम संचालन गरी समुदाय सँग सहकार्य भइरहेको। |
| १६४ | प्रदेश भित्र ९ लाख हेक्टर भन्दा बढी वन क्षेत्र रहेकोमा वन ब्यवस्थापन कार्ययोजना तयार भएको ५० हजार हेक्टर वनमा दिगो एवम् बैज्ञानिक वन ब्यवस्थापन गरिनेछ । यसबाट २० लाख घनफिट काठ उत्पादन भई काठको आपुर्ति सहज हनुका साथै काठमा आत्मनिर्भर हुन टेवा पुग्नेछ भने ४५ लाख श्रम दिन रोजगारी सिर्जना हुनेछ । यस्तो रोजगारीमा अधिकांश विदेशी कामदार संलग्न हुने गरेकोमा आवश्यक सिप विकास गरी नेपाली कामदारबाट विदेशी कामदार प्रतिस्थापन गरिनेछ । वैज्ञानिक वन व्यवस्थापनको लागि १४ करोड ४३ लाख विनियोजन गरिएको छ। | |
| १६५ | प्रदेशमा निजी वनबाट हरेक वर्ष १० लाख घनफिट काठ उत्पादन भैरहेकोमा त्यसको दिगोपनाको लागी निजि तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न एक मिटर भन्दा अग्ला बहुवर्षिय विरुवा उत्पादन गरी निःशुल्क वितरण गरिनेछ ।यो समेत प्रदेशमा यो वर्ष २८ लाख विरुवा वृक्षारोपण गरी उल्लेख्य रुपमा रोजगारी सिर्जना गरिनेछ ।यसका लागि रु.७ करोड ३३ लाख विनियोजन गरिएको छ। | बहुवर्षीय विरुवा उत्पादन लगायत नर्सरी व्यवस्थापन विस्तृत योजनाहरु सबै कार्यालयहरुबाट तयार गरी मन्त्रालयमा प्राप्त भई १६ लाख ६८ हजार बहुबर्षीय बिरुवा र १९ लाख ८६ हजार एक बर्षीय विरुवा गरी कुल ३६ लाख ५४ हजार विरुवा उत्पादनको कार्य भइरहेको। |
| १६६ | जल पुनर्भरण, जैविक विविधता संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरी प्रदेश भित्रका | सिमसार क्षेत्र संरक्षण, पोखरी निर्माण कार्यक्रम अन्तर्गत १४ वटै डिभिजन |

| | | |
|---|---|---|
| | ताल तलैया तथा सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका लागी सार्वजनिक तथा निजि जग्गामा जल पुनर्भरणका लागी चुरे तथा अन्य उपयुक्त स्थानमा पोखरी तथा जलाशय निर्माण गरिनेछ । | वन कार्यालयहरु र २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट संझौता भई कार्य जारी। |
| १६७ | मानव वन्यजन्तु द्वन्द नयूनिकरणको लागि वन्यजन्तु आवागमन गर्ने वन र आवादी सिमानामा बाँस रोपी ११० कि.मि. जैविक छेकबार निर्माण गर्ने, एउटा वन र अर्को वन जोडी वन्यजन्तु आवागमन गर्ने जैविक मार्ग विकास गर्ने र वन्यजन्तुको बासस्थान व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि रु. ३ करोड ३ लाख विनियोजन गरेको छु। | बर्दिया जिल्लामा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि स्थानीय तहको समन्वयमा हात्ती छेक्ने पक्की पर्खाल र मचान निर्माणको लागि संझौता भएको। अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बाँस रोपण योजना सबै १४ वटै डिभिजन वन कार्यालयहरुमा तयार भई कम्तिमा ११० कि.मि. घना बाँस रोपण कार्य हुने गरी क्षेत्र छनौट भएको। विभिन्न जिल्लामा सर्प, बँदेल, निलगाई, चरीबाघ जस्ता जनाबरहरुको उद्धार गरिएको। |
| १६८ | जडिबुटी तथा गैरकाष्ठ वनपैदावारको ब्यवस्थापनका लागी टमुर,तेजपात,अल्लो,चिउरी,महुवा लगायतका प्रजातिहरुको पकेट क्षेत्र विकास गरिनेछ । वन समूह तथा निजि क्षेत्रलाइ जडिबुटी तथा गैरकाष्ठ वनपैदावारको खेती विस्तारका लागी ग्रामीण क्षेत्रमा **घर-घरमा जडीबुटी** कार्यक्रम अन्तर्गत विरुवा वितरण गरिनेछ। जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न निजी क्षेत्रलाई अनुदान दिने ब्यवस्था गरेको छु। | जडिवुटी विरुवा उत्पादनको लागि १४ वटै डिभिजन वन कार्यालयहरुबाट कार्यादिश भएको। खेती विस्तारको लागि प्रस्ताव मागको सूचना प्रकाशन भएको। जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम प्रबर्द्धनमा सहयोगको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन भएको। |
| १६९ | निजी तथा कृषि वन प्रवर्द्धन गर्न प्रत्येक जिल्लामा एक नमुना कृषि वन कार्यक्रम सञ्चालन गरिनेछ । वनजन्य उद्यमहरुको विकासका लागी पूर्वाधार निर्माण र प्रविधिमा आवश्यक सहयोग गरिनेछ। यसका लागि रु. ४ करोड ८० लाख विनियोजन गरेको छु। | एक जिल्ला एक नमूना कृषि वन कार्यक्रम अन्तर्गत १४ वटै डिभिजन वन कार्यालयहरु मार्फत क्षेत्र छनौट भई संझौताको चरणमा रहेको। वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका लागि सहकारी /समुदाय/संस्था/समूह मार्फत |

| | | |
|---|---|---|
| | | अनुदानको लागि सूचना प्रकाशन गरिएको। |
| १७० | बुटवल उप-महानगरपालिका, सैनामैना नगरपालिकाको सहकार्यमा फोहर मैला व्यवस्थापन गर्न फोहरमैला प्रशोधन केन्द्र स्थापनाको लागि रु.१ करोड विनियोजन गरेको छु । प्रदेश भित्र प्लाष्टिकजन्य वस्तुको व्यवस्थापन गर्न परियोजना बैंकमा रहेको पलाष्टिकबाट डिजेल उत्पादन गर्ने प्लान्ट स्थापनाका लागि निजि क्षेत्रसंग सहकार्य गरिनेछ । सहकार्यका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु । | एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको स्थापनाको लागि सैनामैना नगरपालिका सँग प्रारम्भिक छलफल भएको। |
| १७१ | वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रणका लागि वातावरणीय मापदण्डहरु निर्धारण, कार्यान्वयन र नियमित अनुगमन गर्ने व्यवस्था मिलाईनेछ । वातावरणीय प्रदुषण मापन प्रयोगशाला स्थापना गर्न रु.२ करोड विनियोजन गरेको छु । | वातावरण ऐन तथा वातावरण नियमावली कार्यान्वयनमा रहेको। प्रदुषण नियन्त्रणका लागि वातावरणीय मापदण्डहरु निर्धारण, कार्यान्वयन र नियमित अनुगमनका कार्य भइरहेको। |
| १७२ | राप्ती, बबई, वाणगंगा र तिनाउ नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयार गरिनेछ । यसका साथै संवेदनशिल जलाधार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । यी कार्यक्रमका लागी रु. ३ करोड २५ लाख विनियोजन गरेको छु। | राप्ती, बबई र तिनाउ नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयारीको लागि सेवा प्रदायक संस्था सँग सम्झौता गरिएको। बाह्रवटै जिल्लामा आकस्मिक पहिरो व्यवस्थापन नदी तथा खोला नियन्त्रण, पानी मुहान संरक्षण/पोखरी निर्माण लगायतका भू-संरक्षणसँग सम्बन्धित कार्यहरु संचालनमा रहेको। |

*(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)*

## ८.५ आ.व. २०७७/७८ स्वीकृत वार्षिक कार्क्रमको अर्धवार्षिक प्रगति विवरण

(रु. हजारमा)

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २८ | ४४१२५० | | | ७५५२०.७६ | १६.३७ |
| २ | संस्कृति तथा पर्यटन प्रवर्द्धन तर्फ | १८२ | ७०७६०० | | | ७०७१७.६४० | ९.९९ |
| ३ | जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ४ | ४०००० | | | १४३९ | ३.६ |
| ४ | भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | ११ | १९९०५० | | | ८७९३३.८४ | ४४.१८ |
| ५ | वाणिज्य तथा आपुर्ति व्यवस्थापन कार्यक्रम | १५ | ४८००० | | | ८४९५ | १७.७० |
| ६ | औधोगिक विकास तथा प्रवर्द्धन कार्यक्रम | ३८ | २७७६०० | | | १०८३०३ | ३९.०१ |
| ७ | खानी तथा खनिज अन्वेषण तथा विकास कार्यक्रम | १ | १०००० | | | ० | ० |
| ८ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | ५ | ३३००० | | | ० | ० |
| ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (संघ शसर्त अनुदान) | ३४ | २७९६६६ | | | २९६६४.४५ | १०.६१ |

*(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)*

## ८.६ आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | वन क्षेत्रबाट राजस्व | लक्ष्य नतोकिएको | ८९२८९.४९२ | |
| २ | उद्योग क्षेत्रबाट राजस्व | | १९६७६.६१५ | |
| ३ | वाणिज्य क्षेत्रबाट राजस्व | | ४५८०.०१५ | |
| ४ | वाणिज्य क्षेत्रबाट राजस्व | | १८८.३५० | |

*(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय*

## ८.७ आ.व. २०७७/७८ मा २०७७ पौष मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### (क) महत्वपूर्ण कार्यको विवरण (बुँदागत रुपमा)

- रुरु पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण आयोजनामा ठेक्का संझौता बमोजिम माननीय मूख्यमन्त्री ज्यूबाट शिलान्यास भई कार्य आरम्भ भएको।
- तिनाउ, राप्ती र बबई नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयारीको लागि सेवा प्रदायक संस्था छनौट भई संझौता गरिएको।
- पाल्पाको श्रीनगरमा सांस्कृतिक डबली अन्तर्गत नाँच घरको मुख्य भवनको पहिलो तल्ला सम्मको निर्माण, बस्ने ऱ्याम्पको निर्माण, प्रशासनिक भवन तथा शौचालयको निर्माण कार्य तथा कम्पाउण्ड वाल निर्माण भएको र चैत्र मसान्त सम्ममा निर्माण सम्पन्न हुने गरी कार्य अगाडि बढेको ।
- बहुबर्षीय विरुवा उत्पादन लगायत नर्सरी व्यवस्थापन विस्तृत योजनाहरु सबै कार्यालयहरुबाट तयारी भई मन्त्रालयमा प्राप्त भई बिरुवा उत्पादनको कार्य भइरहेको । बहुबर्षीय विरुवा १६ लाख ६८ हजार तथा एक बर्षीय बिरुवा १९ लाख ८६ हजार (जम्मा ३६ लाख ५४ हजार विरुवा उत्पादन हुने)।
- अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बाँस रोपण योजना सबै १४ वटै डिभिजन वन कार्यालयहरुमा तयार भई कम्तिमा ११० कि.मि. घना बाँस रोपण कार्य हुने गरी क्षेत्र छनौट भएको।

- उद्यम विकास कोष सञ्चालनको लागि रु. १० करोडको कोष स्थापना गरी रकम निकासा गरिएको। उद्यम स्थापनाका लागि लिएको ब्याज रकम अनुदानका लागि नेपाल बैंक लिमिटेड सँग संझौता भएको। ऋण प्राप्तिको लागि सूचना प्रवाह गरिएको ।
- पर्यटन कार्यालयहरुलाई साधन सम्पन्न गराई कार्य आरम्भ भई रहेको ।
- बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गर्ने क्रममा ८५३ वटा फर्मको अनुगमन गरी नियम विपरित कारोवार गर्नेलाई रु. १०,८०,०००/- जरिवाना र रु. ५,३२,१७५/- बरावरको सामान जफत गरी नष्ट गरिएको।
- वन क्षेत्र भित्रका खोला खहरेको कार्ययोजनाहरू प्राप्त भई कम्पाइलको कार्य भई रहेको । यी योजनाहरूको वातावरणीय अध्ययन प्रतिवेदनको कार्य अगाडि वढाइएको ।वन क्षेत्र भित्रका खोला/खोल्सी व्यवस्थापन तथा नदीजन्य पदार्थ संकलन गरी त्यसको बिक्री वितरणबाट थप राजस्व प्राप्त हुने।
- स्वीकृत वातावरण संरक्षण नियमावली बमोजिम मन्त्रालयमा २ बर्ष देखि विचाराधिनमा रहेको अधिकांश कार्यसूची र प्रतिवेदनहरूको स्वीकृत प्रकृया अगाडि वढाइएको ।
- रुपन्देहीको भैरहवामा खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला निर्माणको कार्य संचालनमा रहेको।
- बाँके जिल्लामा मानसरोवरको प्रतिकात्मकस्थल सहित वोटानिकल गार्डेन निर्माणको कार्य भइरहेको।
- बाह्रवटै जिल्लामा नदी खोला किनार व्यवस्थापन, आकस्मिक पहिरो व्यवस्थापन तथा नदी खोला नियन्त्रण, पानी मुहान संरक्षण/पोखरी निर्माण लगायतका भू-संरक्षणसँग सम्बन्धित कार्यहरु संचालनमा रहेको।
- दाङको तुलसीपुरमा वोटानिकल गार्डेन निर्माण कार्य भइरहेको।

## (ख) खण्ड (क) मा उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान ( तथ्य/ तथ्याङ्क सहित)

| सूचकहरू | समीक्षा अवधि | इकाइ | २०७७/०७८ को | | |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | अर्धबार्षिक लक्ष्य | अर्धबार्षिक प्रगति |
| पर्यटक आगमन | अर्धबार्षिक | जना | | | ९००० |
| लघु, घरेलु तथा साना उद्योग दर्ता | अर्धबार्षिक | संख्या | | | ७३८१ |
| औद्योगिक ग्राम स्थापना (डी पि आर) | वार्षिक | संख्या | १५ | | १४ |
| थप रोजगारी सृजना | अर्धबार्षिक | जना | नतोकिएको | | २००३५० |
| रोजगारमुलक तालिम | अर्धबार्षिक | जना | | | ११० |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी तालीम | अर्धबार्षिक | जना | | | ४७ |
| ऐन/नियम तर्जुमा | अर्धबार्षिक | संख्या | ५ | | १ |
| विरूवा उत्पादन तथा वितरण | वार्षिक | गोटा (लाखमा) | २५ | | १४.०४५ |
| वन क्षेत्रबाट राजस्व | अर्धबार्षिक | रू. हजारमा | नतोकिएको | | ८९२८९.४९२ |
| उद्योग क्षेत्रबाट राजस्व | अर्धबार्षिक | रू. हजारमा | नतोकिएको | | १९६७६.६१५ |
| वाणिज्य क्षेत्रबाट राजस्व | अर्धबार्षिक | रू. हजारमा | नतोकिएको | | ४५८०.०१५ |
| पर्यटन क्षेत्रबाट राजस्व | अर्धबार्षिक | रू. हजारमा | नतोकिएको | | १८८.३५० |
| वन क्षेत्रबाट काठ उत्पादन | अर्धबार्षिक | घ.फि. (लाखमा) | २० | | ६.४०७७३ |

## ८.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई (यदि भए)

- वैज्ञानिक वन व्यवस्थापन सम्बन्धी
- संघीय वन ऐनले प्रादेशिक रणनीति तय गर्ने कुरा उल्लेख गरेको तर नभएका कारण जिल्ला स्तरका व्यवस्थापन योजनाहरु स्वीकृतीमा समस्या । वन क्षेत्रको ढुङ्गा, गिट्टी व्यवस्थापन यिनै कार्ययोजनामा पर्ने हुँदा लक्ष्य प्राप्तीमा कठिनाई हुने ।
- वन अपराध सम्बन्धी मुद्दामा समस्या/ डि.एफ.ओ. ले हेर्ने मुद्दा अदालतले लिन नमानेको ।
- औद्योगिक ग्रामको डि.पि.आर. तयार भएको तर घोषणा/स्वीकृती संघको अधिकार क्षेत्रमा परेकाले बिलम्ब भएको।

## ८.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- वैज्ञानिक वन व्यवस्थापन सम्बन्धमा आवश्यक निकास ।
- काठ दाउराको विक्री वितरणलाई तत्कालै खुल्ला गर्नुपर्नेमा आवश्यक निकास ।
- खोला खहरे व्यवस्थापन गर्दा उत्पादन हुने ढुङ्गा गिट्टी वालुवाको विक्रीवाट प्रदेश सरकारलाई आम्दानीको श्रोत वनाउन सकिने गरी योजना अगाडि बढाइएकोमा कतिपय स्थानीय तहहरू (विशेषगरी नवलपरासी व.सु.प. र पाल्पा जिल्लाका) ले वन क्षेत्रमा समेत ठेक्काको प्रकृया बढाएको हुँदा वनक्षेत्र प्रदेशको क्षेत्राधिकार भित्र पर्ने भएकाले वन कार्यालयहरूबाटै कार्य अगाडि बढाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहयोग आवश्यक रहेको ।
- औद्योगिक ग्रामको डि.पि.आर. घोषणा/स्वीकृती संघको अधिकार क्षेत्रमा परेकाले संघीय सरकारसँग समन्वय गरी समस्या समाधान गर्नुपर्ने ।

## ८.१० अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्न उपयुक्त देखिएको अन्य कुनै विवरण)

## ८.११ निष्कर्ष

यस मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालन हुने योजनाहरु वार्षिक कार्यक्रम कार्यान्वयन कर्यविधि २०७७ वमोजिम संचालन भैरहेको अवस्था छ ।वन, जडिवुटी तथा वातावरण क्षेत्रका कार्यक्रमहरु र केही संस्कृति तथा पर्यटन विकास र प्रबर्द्धन तर्फका कार्यक्रमहरु डिभिजन वन कार्यालय मर्फत सञ्चालन गरिएको छ । संस्कृति तथा पर्यटन विकास र प्रबर्द्धन कार्यक्रम तर्फका अधिकांश योजनाहरुको स्थान छनौट, उपभोक्ता समूहहरु सँग छलफल, लागत अनुमान तयारी सम्पन्न भई कार्यान्वयनका लागि उपभोक्ता समिती वा ठेक्का प्रकृया मार्फत पर्यटन डिभिजन कार्यालयहरुबाट अगाडि बढाइएको छ । भू-संरक्षण तर्फका कार्यक्रमहरु भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत सञ्चालन गरिएको छ । घरेलु तथा साना उद्योग र वाणिज्य सम्बन्धी दर्ता, नियमन, खारेजी लगायत उपभोक्ता जागरण अभियान सञ्चालन, उद्यम विकास, सिप विकास र प्रविधि हस्तान्तरण लगायतका कार्यहरु घरेलु तथा साना उद्योग कार्यलयहरुबाट सञ्चालन गरिएको छ । यी विविध कृयाकलापहरुबाट प्रदेशमा थप रोजगारी सिर्जना हुनुको साथै आय आर्जन बृद्धि भई गरीबी निवारणमा टेवा पुग्न गई लुम्बिनी प्रदेशको समृद्ध प्रदेश, खुसी जनताको आकांक्षा पुरा गर्न मद्दत पुग्ने देखिन्छ ।

# परिच्छेद-९
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### ९.१ आर्थिक वर्ष २०७७/०७८ मा विनियोजित बजेट तथा अर्धवार्षिक वित्तीय प्रगति

(रकम रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ पुस मसान्त सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ३,७२४,०३७ | ३६६,४९० | ९.८४ |
| पुँजीगत | २८२९६३ | १९,६०६ | ६.९२ |
| जम्मा | ४००७००० | ३८६,०९७ | ९.६४ |

### ९.२ आ. व. २०७७/०७८ को पुस मसान्त सम्म श्रोतगत आय र व्ययको विवरण

(रु हजारमा)

| सि नं | स्रोत | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | १७०५२४४ | ३८६१९६ | ९.६४ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ४३२१०० | | |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ७७०० | | |
| ४ | प्रदेश सरकार (राजश्व बाँडफाडँ समेत) | १८६१९५६ | | |
| | | ४००७००० | ३८६१९६ | |

### ९.३ वार्षिक नीति तथा कार्यक्रम अर्धवार्षिकप्रगति विवरण
**(विषयवस्तु एउटै रहेकाले एकै ठाउँमा राखिएको)**

| क्र. सं. | नीति कार्यक्रम बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | ३७ | **स्वादेशी श्रम, स्वदेशमै पसिना** को नीति अनुरुप कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रम अघि | अनुदान कार्यक्रमलाई थप परिस्कृत गर्दै सुरुवात गरिएको प्रतिफलमा अधारित अनुदान कार्यक्रमका लागि सम्पुर्ण |

| | | | |
|---|---|---|---|
| | | बढाइनेछ । कृषि प्राविधिक सेवा तथा उत्पादन सामाग्रीहरुको उपलब्धता सुनिश्चित गरिनेछ । हालको अनुदान दिने प्रक्रियालाई थप विश्वासनीय, प्रभावकारी र पहुँचमा बृद्धि हुनेगरी पुरिष्कृत गरिनेछ। व्याज अनुदानको नीति अवलम्बन गरी कृषिमा सुलभ कर्जा उपलब्ध गराइनेछ । | कार्यालयहरुबाट सुचना प्रकाशन भई प्रस्तावहरुको प्रारम्भिक छनौट भइरहेको। शुलभकर्जा सहजिकरण तथा व्याजमा अनुदान कार्यक्रम तर्फ छनौट गरिएका कर्जा सहजकर्ताद्वारा कृषकहरुको व्यवसायिक योजना बनाई सम्बन्धीत बैंकहरुमा ऋणका लागि सिफारिस भैरहेको । आयोजनाहरु स्वीकृति तथा कार्यान्वयनको चरणमा पुगेको । बैंकहरुसँगको प्रदेश स्तरीय गोष्ठी सम्पन्न भएको। |
| २ | ३८ | कृषि प्रसार, अनुशन्धान र शिक्षालाई समन्वयात्मक रुपमा जोड्दै कृषि उत्पादकत्व तथा कृषकको आय आर्जनमा बृद्धि गर्ने उद्येश्यका साथ आर्थिक वर्ष २०७५/७६ देखी संचालनमा आएको **"स्मार्ट कृषि गाउँ कार्यक्रम"**लाई सबै स्थानिय तहहरुमा विस्तार गरिनेछ। | गाउँहरुमा सहयोगी गाउँहरुमा सहयोगी कार्यक्रम संचालनको सुरुवात भएको। क्याम्पस तथा अनुसन्धान परिषदसँग MOU भई स्मार्ट कृषि गाँउहरुमा शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत गरी लैजानको लागि प्रकृयाका लागि विधार्थी परिचालनको अन्तिम तयारी भैरहेको। संचालनमा आउने सबै ११६ स्मार्ट कृषि गाउँहरुको छनौट तथा गाउँहरुको कार्ययोजना स्वीकृत भई कार्यान्वयनका लागि पठाइएको। वार्षिक प्रगति समिक्षा गोष्ठीको तयारी भैरहेको। |
| ३ | ३९ | **"गरौं व्यवसायिक कृषि यसैबाट शुरु हुन्छ प्रदेशको समृद्धि"** को मुल नारालाई आत्मासाथ गर्दै आर्थिक वर्ष २०७६।७७ बाट शुरु गरिएको कृषिमा युवा विशेष कार्यक्रम, उद्यमशिलता विकास, कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग पकेट क्षेत्र विशेष प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रम, कृषि विषय अध्यन गरेका युवा विशेष कार्यक्रम, सुलभ कर्जा सहजिकरण तथा | कृषकसँग कृषि विद्यार्थी कार्यक्रम (पढ्दै कमाउदै), प्राविधिक धारका विधालयलाई सहयोग कार्यक्रम लगायत विभिन्न विश्वविध्यालयहरु मार्फत उत्पादन तथा बजारीकरण तर्फका विभिन्न आयोजनाहरु संचालन भईरहेका।पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम मातहतका सबै ज्ञान केन्द्रहरु तथा एकीकृत कार्यालयहरु |

| | | | |
|---|---|---|---|
| | | ब्याजमा अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । | मार्फत कार्यान्वयन भैरहेको। |
| ४ | ४० | रुकुम पूर्व जिल्लालाई अर्गानिक जिल्ला घोषणा गरी सघन कार्यक्रम संचालन गरिनेछ । असल कृषि तथा पशुपंछिअभ्यास तथा **माटो स्वास्थ पत्र**को प्रारम्भ गरिनेछ। | रुकुम पूर्व जिल्ला अर्गानिक जिल्ला घोषणा भएको छ भने असल कृषि तथा पशुपंछि अभ्यास तथा **माटो स्वास्थ पत्र**को लागि आवश्यक तयारी भइरहेको छ। |
| ५ | ४१ | कृषकहरुलाई कृषि प्रविधि तथा विज्ञ सेवामा पहुंच पुर्याउनका लागि प्रदेशस्थित कृषि सम्बन्धी कार्यालय र प्रयोगशालाहरुको स्तोरन्नति तथा सुदृढीकरण गरी प्राविधिकहरुको प्रत्यक्ष संलग्नतामा बाली वस्तु विशेष नमुना फर्महरु स्थापना तथा संचालन गरिनेछ । साथै कृषिकर्मी तथा कृषि श्रमिकहरुलाई उद्यमी बनाउने नीति लिइनेछ। | मन्त्रालय मातहतमा रहेका २ वटा फार्म, ४ वटा प्रयोगशाला तथा २ वटा तालिम केन्द्रहरुको सुद्रिढिकरण तथा क्षमता विकासका लागि भौतिक संरचना लगायत अन्य पुर्वाधार व्यवस्थाको कार्यक्रम संचालनमा रहेका छन्। कृषिकर्मी रोजगार कार्यक्रम मार्फत रोजगार कार्यक्रमका लागि रोजगारदाताहरुको छनौट प्रकृया सम्पन्न भई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको । |
| ६ | ४२ | पूर्वपश्चिम तथा उत्तर दक्षिण सडक कोरिडोर केन्द्रित व्यवसायिक कृषि तथा पशुपंछी उत्पादन गर्न प्रोत्साहन गरिनेछ । मध्यपहाडको समग्र कृषि विकासका लागि **मध्यपहाडी बहुउद्धेशीय कृषि विकास फर्म**को स्थापना गरिनेछ । | रोड कोरिडोर लक्षित विशेष कार्यक्रमका लागि जिल्ला कार्यालयहरुबाट अनुदानग्राहीसँगको सम्झौता सम्पन्न भई कार्यान्वयनको चरणमा पुगेको । मध्यपहाडि बहुउद्धेशीय कृषि विकास फर्म संचालनका लागि जग्गा प्रासि भईसकेको अवस्थामा आयोजनाको विस्तृत परियोजना रिपोर्टको अन्तिम तयारी भैरहेको। |
| ७ | ४३ | गुईठा बाल्ने प्रवृतिलाई निरुत्साहन गर्न गोठ सुधार तथा गोठेमल सदुपयोगका लागि स्थानीय तहसँगको सहकार्य र समन्वयमा कार्यक्रम संचालन गरिनेछ। | मातहतका कार्यालयहरु मार्फत संचालन गर्ने गरी भकारो सुधारका कार्यक्रमहरु कार्यान्वयन भइरहेको। |

| | | | |
|---|---|---|---|
| ८ | ४४ | कृषि पेशलाई सम्मानजनक पेशाका रुपमा विकास गर्न र कृषकहरुलाई सामाजिक सम्मान प्रदान गर्ने व्यवस्थाका लागि उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ । स्थानिय तहहरुको सहकार्यमा पूर्णकालिन कृषकहरुलाई वर्गीकरण गरी परिचयपत्रका आधारमा सहुलियत र प्रविधिक सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ । | उत्कृष्ठ कृषकहरुलाई सम्मान स्वरुप पुरस्कारका कार्यक्रम तय गरिएको छ। साथसाथै कृषक वर्गिकरणको लागि सबै सरोकारवालाहरुसँग भर्चुअल बैठक सम्पन्न भएको छ।प्रदेशस्तर कर्मचारीलाई TOT प्रदान गरिएको। |
| ९ | ४५ | कृषि तथा पशुपंक्षीजन्य रोग, किरा र महामारी नियन्त्रण गर्न आवश्यक पुर्व तयारीको प्रबन्ध मिलाईनेछ।पशु स्वास्थ्यको संरक्षण र सम्बर्द्धनका लागि एकल स्वास्थ्य अवधारणा अवलम्बन गर्दै तराई जिल्लाहरुमा **खोरेत रोग उन्मूलन अभियान** प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। | खोरेत रोग उन्मूलन अभियान संचालन सम्बन्धमा सरोकारवालाहरुसँग विभिन्न चरणमा अन्तरकृया गोष्ठीहरु सम्पन्न भएको। संघिय सरकारबाट हालसम्म २ लाख ८ हजार खोप आएकोमा खोप अभियानको नवलपरासीबाट औपचारिक थालनी भएको। |
| १० | ४६ | कृषि तथा पशुपंछी विशेष **एक जिल्ला, एक स्रोत केन्द्र** स्थापना कार्यलाई निरन्तरता दिइनेछ।रैथाने बाली तथा पशुपक्षींहरुको उत्पादनमा जोड दिदै जैबिक विविधताको संरक्षण र प्रवर्द्धन गर्न **एक स्थानिय तह, एक सामूदायिक बीउ बैकं तथा नश्ल संरक्षण केन्द्र** स्थापनामा सहयोग गरिनेछ। | प्राविधिक सेवा टेवा प्रदान गर्न सक्ने क्षमता अनुरुप विकास गर्ने गरी स्थापना कार्य थालनी गरिएको । सम्भावित ठाँउको अध्ययन वा जग्गा प्राप्तिकका लागि समन्वय भइरहेको । |
| ११ | ४७ | कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न बालीहरुको बीउ प्रतिस्थापन दर बृद्धि तथा पशु नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ।सिंचित क्षेत्रफल विस्तारका कार्यक्रम संचालनमा ल्याइनेछ र सिंचाई पुगेका क्षेत्रहरुमा सघन बाली विकास कार्यक्रम संचालन गरिनेछ। | प्रयोगशालाहरु मार्फत नियमित रुपमा बीउ प्रमाणिकरण तथा उन्नत जातको बीउ प्रयोगका लागि सहयोगी कार्यक्रमहरु संचालन भइरहेको । समुदायको व्यवस्थापनमा बीउ भण्डारण गृहको निर्माण कार्यक्रमहरु संचालनको भैरहेका । विगतमा गर्दै आइरहेको सघन बाली विकास कार्यक्रमको |

| | | | |
|---|---|---|---|
| | | | निरन्तरता सहित सिंचाईमा नविनतम प्रविधिको प्रदर्शनी कार्यक्रम संचालन भईरहेका छन्। |
| १२ | ४८ | अनुभवी कृषकहरुको ज्ञान तथा क्षमताको पूर्ण सदुपयोगका लागि  स्थानीय स्तरमा बाली तथा पशुपंछी विशेष स्रोत व्यक्ति विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ । हरित स्वयंसेवकलाई स्थानिय तहहरुसँगको सहकार्यमा वडा स्तरसम्म पुर्याई सेवा प्रवाहलाई सुदृढ गरिनेछ । | प्रदेश अन्तर्गत सबै स्थानीय तहहरुका सबै वडाबाट श्रोत व्यक्तिको छनौट कार्य सम्पन्न भएको छ । सम्बन्धीत जिल्ला कार्यालयहरुबाट सम्झौता गरी कार्ययोजना बनाई नमुना फार्म स्थापनाको लागि तयारी भैरहेको। स्वयम सेवकका लागि ToT तालिम सम्पन्न भएको । |
| १३ | ४९ | कृषि बाली, पशुवस्तु तथा क्षेत्र विशेष मूल्य श्रृङखाला विकास गर्दै कृषकलाई बजारको सुनिश्चिता गराउने उदेश्यका साथ बजार पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ । प्रदेशको उत्पादनमा आधारित प्रशोधन उद्योगको स्थापनालाई प्रोत्साहित गरिनेछ । | मागमा आधारित कृषि बजार स्थापना कार्यक्रम अन्तर्गत कूल ४३ वटा प्रस्ताव मध्ये प्रारम्भिक मूल्याङ्कनमा २७ वटा छनौट गरी फिल्ड प्रमाणिकरण पश्चात १८ वटाको छनौट गरी सम्झौता सम्पन्न भएको । प्रदेशको उच्च मुल्य जाने बालीहरु (अदुवा, मह, वर्षे आलु आदिको) ब्रान्डिङ्गमा सहयोग कार्यक्रमहरु कार्यान्वयनका क्रममा रहेका छन् । |
| १४ | ५० | उत्पादन समाग्रीको सुनिश्चितता, प्राविधिक सेवा, यान्त्रिकरणका लागि  कष्टम हायरिङ्ग सेन्टर, प्रशोधन कार्य तथा बजार सुनिश्चितता हुने गरी निजी क्षेत्र तथा सहकारीसँगको सहकार्यमा चक्लाबन्दिका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। | चक्लाबन्दि सहितको नमुना फार्म निर्माण तथा विकासका लागि स्थानीय तहहरुसँग समन्वय भैरहेको छ। सुचना प्रकाशन मार्फत पेश आवेदकको फिल्ड अनुगमन, छनौट तथा सम्झौता कार्य भैरहेको छ। |
| १५ | ५१ | स्थानिय तह विशेष सम्भावना भएका कृषि बाली तथा पशुपंछिहरुको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि संचालन भएको **मिसन कार्यक्रम**लाई बिस्तार गर्दै आगामी वर्ष मकै भटमास आलु बाली थप गरिनेछ। | प्रदेशका १२ वटा जिल्लामा सम्भावना तथा जिल्ला विशेष आवश्यकताका आधारमा संचालन भइरहेको मिसन कार्यक्रमहरु (कागति, सुन्तला, लसुन, प्याज, आलु, बाख्रा, बङ्गुर तथा मकै) |

| | | | |
|---|---|---|---|
| | | फलफुल विरुवा रोपण अभियानलाई रोजगारीसँग जोडनुका साथै सर्वशुलभ बनाइने। | को अनुदानग्राही छनौट सम्पन्न भई कार्यान्वयनमा पुगिसकेका छन्। मौसमानुकुल रुपमा सम्बन्धीत कार्यालयहरुले फलफुल बिरुवा वितरण कार्यक्रमहरु संचालन भइरहेको। |
| १६ | ५२ | आयआर्जन, स्वरोजगारी, पोषण तथा खाद्य सुरक्षाको लागि महिला, युवा तथा विपन्न वर्ग विशेष गरीबी निवारण तथा खाद्य सुरक्षा कार्यक्रमहरुलाई मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमसँग सहकार्य गरी संचालन गरिनेछ। कृषक क्षमता अभिवृद्धि का लागि तालिम कार्यक्रमलाई परिमार्जन गरी उद्यमशिलता विकास गर्न मागमा आधारित पूर्ण व्यवसायिक तालिम संचालन गरिनेछ । | गरीबीको रेखामुनी रहेका रोल्पा र रुकुम पूर्व जिल्लाका ३७५ जना व्यक्तिहरु सीप विकास तालिम तथा वस्तुगत सहयोगका लागि छनौट भई विभिन्न विषयगत तालिमहरु संचालनका भैरहेका छन्। |
| १७ | ५३ | स्थानीय तहको साझेदारीमा कृषि आत्मनिर्भर कार्यक्रम अन्तर्गत **एक स्थानिय तह; एक उत्पादन** कार्यक्रम लागू गरिनेछ । कृषि वन प्रवर्द्धन कार्यक्रमलाई स्थानीय तहको सहकार्यमा थप उत्पादनमुखी बनाउदै लगिनेछ। | कोविड विशेष कृषि कार्यक्रम अन्तर्गत सबै स्थानीय तहहरु मार्फत एक स्थानीय तह एक उत्पादन कार्यक्रम कार्यान्वयनमा गइरहेको छ । कृषि वन प्रवर्द्धनको हकमा जिल्लास्थित कार्यालयहरुबाट सुचना प्रकाशन मार्फत पेश आवेदकको फिल्ड अनुगमन, छनौट तथा सम्झौता कार्य भैरहेको छ । |
| १८ | ५४ | कृषि र पशुपालन क्षेत्रमा विपदबाट हुनेसक्ने क्षतिको न्युनिकरण, उद्धार तथा राहतका कार्यक्रम संचालन गरिनेछ। कृषि तथा पशुपन्छी विमा कार्यक्रममा कृषकको पहुंच बृद्धि गर्न सहजिकरण गरिनेछ ।संघको साझेदारीमा मौषम पुर्वानुमानको साथै प्राविधिक सहयोग एवं सुचनामा पहुंच बृद्धिका लागि किसान कल सेन्टरको सेवालाई प्रभावकारी बनाइने । | प्राकृतिक प्रकोपबाट क्षती व्यहोर्नु पर्ने अवस्थालाई सम्बोधन गर्नका लागि केही रकम वार्षिक बजेटमा विनियोजन गरिएको छ।कृषि तथा पशुपन्छी विमा कार्यक्रममा कृषकको पहुंच सहजिकरणका लागि अन्तरकृया कार्यक्रम संचालन भईरहेका छन्। कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुराद्धारा टोल फ्रि नं सहितको किसान कल सेन्टरको |

| | | | |
|---|---|---|---|
| | | | सुरुवात भएको छ। |
| १९ | ५५ | सहकारी क्षेत्रको क्षमता विकास गरी शिप, जनशक्ति र पूँजिलाई उत्पादनमुलक काममा लगाउन प्रोत्साहन गरिनेछ । सहकारी क्षेत्रको प्रभाकारी उपयोग, परिचालन रवित्तीय सुशासनकालागि सघन अनुगमन तथा नियमन गरिनेछ। सहकारी विकास कोषलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। ग्रामिण अर्थतन्त्रलाई बलियो बनाउन सहकारी बजारहरुको स्थापना तथा संचालनमा थप सहयोग गरिनेछ । | सहकारी विकास कोष स्थापना, सञ्चालन तथा प्रशासनिक खर्चका लागि विनियोजित रु १५ करोड मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा रकम जम्मा भएको छ। सोही खाताबाट सहकारीका लागि सहुलियत कर्जा माग सम्बन्धी प्राप्त प्रस्तावहरुको छनौट अन्तिम चरणमा पुगेको। सहकारी बजार स्थापनाका आयोजनाहरु निर्माणाधिन रहेका। सहकारीबाट नविनतम सोच सहितका उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रममा चालु आव को लागि १६ प्रस्ताव स्वीकृत भई सम्पन्न हुने क्रममा रहेका। |
| २० | ५६ | हाल संचालनमा रहेको करार खेती कार्यक्रमलाई निरन्तरता दिदै स्थानिय तहसँगको सहकार्यमा **भूमि बैंकको स्थापना** गरी संचालनमा ल्याईनेछ । भुमि बैंकमा रहेका जग्गाहरु सरकारी मध्यस्थातामा खेती गर्न चाहने कृषि उद्यमी तथा कृषकहरुलाई करारमा खेती गर्न जग्गा उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ । | गत २ आ.व.मा गरी जम्मा ४५१ हेक्टरमा करार खेती कार्यक्रम संचालन भइरहेको। चालु आ.व.मा कूल १००० हेक्टर क्षेत्रफलमा कार्यक्रम संचालन हुने गरी तयारी भैरहेको । हाल सम्म आ.व. २०७५/७६ को जग्गावालाहरुको भुक्तानी विवरण तयार भएको र सोको लागि फिल्ड प्रमाणिकरण कार्य सम्पन्न । साथै २०७६/७७ का आयोजनाहरुको पुर्वाधार निर्माण तर्फको कार्य भैरहेको। चालु आ.व. मा जिल्ला स्थित कार्यालयहरु संचालन मार्फत करिव २३१ हेक्टर क्षेत्रफलमा विभिन्न कार्यक्रमहरु संचालनमा आइरहेका छन्। |

| | | | |
|---|---|---|---|
| २१ | ५७ | भू-सूचना प्रणालीलाई व्यबस्थित गर्न भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था मिलाइनेछ। जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारणका लागि डिजिटल प्रविधिको अवलम्बन गरी कित्तामा आधारित मूल्याङ्कन प्रणालीको विकास गरिनेछ। स्थानीय तहमा आवश्यकता अनुसार संघको सहकार्यमा राष्ट्रिय ग्रिडका नियन्त्रण विन्दु स्थापना गरी विकास निर्माणका कार्य गर्दा तिनै नियन्त्रण बिन्दुको आधारमा पूर्वाधार निर्माण गर्ने प्रणालीको शुरुवात गरिनेछ। | भूमिको लगतको डिजिटलाइजेसनको प्रकृयाको थालनी भएको छ। नियन्त्रण विन्दु स्थापनाका लागि आवश्यक आधारभुत सामाग्रीहरुको स्पेसिफिकेसन तयार भई खरिद प्रकृयाको चरणमा रहेका छन्। |
| २२ | ५८ | केन्द्र सरकारको सहकार्यमा सुकुम्बासी समस्या र अब्यवस्थित वसोवासको समस्या समाधान गरिनेछ। भू-उपयोगको जग्गाको नीति कार्यन्वयनका लागि स्थानीय तहलाई सहजीकरण गरिनेछ। | सुकुम्बासी समस्यालाई समाधान गर्न तथा अब्यवस्थित वसोवासको समस्या समाधानका लागि गठन भएको भूमि सम्बन्धी समस्या समाधान समितिको सदस्यको मनोनयन भएको छ। प्रदेशका ३५ स्थानीय तहहरु सहितको गोष्ठी सम्पन्न भई उक्त अभियानको शुरुवात गरिएको छ। |
| २३ | ५९ | कोभिड-१९को कारण सिर्जित प्रतिकूल अवस्थालाई अवसरका रुपमा लिई रोजगारी गुमाएका नागरिकको जिविकोपार्जन सुधार गर्न कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र आत्मनिर्भता अभिवृद्धि गर्ने गरी तीन तहका सरकारहरुबीच कार्यक्रमिक सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ । | कोभिड १९ को कारण सिर्जित प्रतिकूल अवस्थालाइ अवसरका रुपमा लिइ रोजगारी गुमाएका नागरिकको जिविकोपार्जन सुधार गर्न कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र आत्मनिर्भता अभिवृद्धि गर्ने गरी तीन तहका सरकारहरुबीच कार्यक्रमिक सहकार्य र साझेदारीलाई प्रोत्साहन गर्न स्थानिय तहहरुसगँको सहकार्यमा सशर्त बजेट मार्फत कृषि कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । |

## ९.४ बजेट वक्तब्यको अर्धवार्षिक प्रगति विवरण

| क्र.सं. | बजेट बक्तव्य बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १ | ९५ | कोभिड-१९ को कारण सिर्जित प्रतिकूल अवस्थालाई अवसरका रुपमा लिई रोजगारी गुमाएका नागरिकको जिविकोपार्जन सुधार गर्न कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र आत्मनिर्भता अभिवृद्धि गर्नेगरी तीन तहका सरकारहरुबीच कार्यक्रमिक सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिने। | कोविड-१९ को माहामारीका कारण सृजित बेरोजगारी समस्यालाई सम्बोधन गर्नका लागि प्रदेश अन्तर्गतका प्रत्येक स्थानीय तहहरुमा शशर्तका रुपमा कार्यक्रमहरु पठाइ कार्यान्वयन भैरहेका छन्। |
| २ | ९६ | **स्वदेशी श्रम, स्वदेशमै पसिना** को नीति अनुसार **"हातहातमा कृषि सामाग्री; गाउँ गाउँमा रोजगारी"** अभियान संचालन गरिने । यस अन्तर्गत प्राविधिक सेवा प्रवाह, उत्पादन सामाग्रीहरुको उपलब्धता र यन्त्रीकरण लगताय कोभिड विशेष कृषि कार्यक्रमका लागि रु ६९ करोड विनियोजन गरेको छु।यी कार्यक्रम मार्फत थप ४२ हजार रोजगारी सृजना गर्ने लक्ष्य राखेको छु । | प्रदेशका सबै स्थानीय तहहरुमा शशर्त कार्यक्रमको रुपमा पठाइएको कोविड विशेष कृषि कार्यक्रम मार्फत यन्त्र उपकरण सहयोग, एक स्थानीय तह एक उत्पादन तथा कोविड प्रभावित विदेशबाट फर्केका युवालाई रोजगारी कार्यक्रमहरु कार्यान्वयनमा गएका छन् । कार्यक्रम संचालनका लागि स्थानीय तहहरुबाट प्राविधिक कर्मचारी नियुक्ति प्रकृयामा रहेको छ। |
| ३ | ९७ | कोभिड विशेष कृषि कार्यक्रम, प्रदेश तथा संघीय सरकारबाट स्थानीय तहमा जाने कृषि तथा पशुपंछि तर्फका अन्य शशर्त कार्यक्रम तथा स्थानीय तहमा रहेका कृषि कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन एवम् सम्पर्क विन्दुका रुपमा कार्य गर्ने गरी प्रत्येक स्थानीय तहमा एक जना कृषि वा पशुपंछी विषयको अधिकृत स्तरको जनशक्ति उपलब्ध गराउन बजेट विनियोजन गरेको छु। | |
| ४ | ९८ | खेतबारीलाई कृषि प्रसार, अनुसन्धान र शिक्षाको ब्यवहारिक थलोको रुपमा जोड्दै करिब ६ हजार कृषक घरधुरीको आय आर्जनमा वृद्धि हुने | विनियोजन गरिएको रकम शिक्षा, प्रसार र अनुसन्धान लगायतका कार्यक्रमहरुमा संचालन गर्ने गरी तयार गरिएकोमा |

| | | | |
|---|---|---|---|
| | | आधार तय गरेको **"स्मार्ट कृषि गाउँ कार्यक्रम**लाई सबै स्थानीय तहहरुमा विस्तार गरी अनुसन्धानात्मक अभ्यास, विज्ञ सेवा, विद्यार्थी परिचालन, क्षमता विकास लगायतका कार्यक्रमका सञ्चाल गर्न रु ४८ करोड विनियोजन गरेको छु। यसबाट समग्र प्रदेशमा कृषिको आधुनिकीकरणको आधारशिला तयार हुने विश्वास लिएको छु । | हालसम्म गाउँहरुमा सहयोगी गाउँहरुमा सहयोगी कार्यक्रम संचालन भईरहेका छन्। क्याम्पस तथा अनुसन्धान परिषदसँग MOU भई स्मार्ट कृषि गाँउहरुमा शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत गरी लैजानको लागि प्रकृयाका लागि विधार्थी परिचालनको अन्तिम तयारी भैरहेको। संचालनमा आउने सबै ११६ स्मार्ट कृषि गाउँहरुको छनौट गरी गाउँहरुको कार्ययोजना स्वीकृत भई कार्यान्वयनका लागि पठाइएको। वार्षिक प्रगति समिक्षा गोष्ठीको तयारी भैरहेको। |
| ५ | ९९ | हालसम्म ४६६ हेक्टरमा संचालनमा रहेको **करार खेती कार्यक्रमलाई** स्थानीय तहसँगको सहकार्यमा संघीय कार्यक्रमसँग दोहोरो नपर्ने गरी भूमि बैंकको अवधारणा अनुसार जग्गाधनी र खेती गर्न चाहने कृषकवीच सरकारी मध्यस्थतामा जग्गा बांझो नराख्ने र बिदेशबाट फर्किएका कम्तिमा ३ हजार युवाहरुलाई कृषि व्यवसायी बनाउने गरी जग्गा भाडा बापतको रकम, उत्पादन सामाग्री उपलब्धता र आवश्यक पूर्वाधार विकासमा सहयोग पुर्याउन रु १० करोड विनियोजन गरेको छु । | गत २ आ.व.मा गरी जम्मा ४५१ हेक्टरमा करार खेती कार्यक्रम संचालन भइरहेकोमा चालु आ.व.मा कूल १००० हेक्टर क्षेत्रफलमा कार्यक्रम संचालन हुने गरी तयारी भैरहेको। हाल सम्म आ.व. २०७५/७६ को जग्गावालाहरुको भुक्तानी विवरण तयार भएको र सोको लागि फिल्ड प्रमाणिकरण कार्य सम्पन्न भई २०७६/७७ का आयोजनाहरुको पुर्वाधार निर्माण तर्फको कार्य भैरहेको। चालु आ.व. मा जिल्ला स्थित कार्यालयहरु संचालन मार्फत करिव २३१ हेक्टर क्षेत्रफलमा विभिन्न कार्यक्रमहरु संचालनमा आइरहेका छन्। |
| ६ | १०० | कोभिड-१९ को असहज परिस्थितिमा स्थानीय स्तरमा रहेका उत्पादनमूलक कृषि भूमिको समूचित प्रयोग गरी उपलब्ध श्रमशक्तिलाई कृषि तथा पशुजन्य फर्म तथा नीजि कम्पनीहरुमा रोजगारी प्रवर्द्धन गरी कृषि श्रमलाई एक दिगो | मन्त्रालय मातहतमा रहेका २ वटा फार्म, ४ वटा प्रयोगशाला तथा २ वटा तालिम केन्द्रहरुको सुद्धिणिकेण तथा क्षमता विकासका लागि भौतिक संरचना लगायत अन्य पुर्वाधार व्यवस्थाको |

| | | | |
|---|---|---|---|
| | | एवं सम्मानित पेशाका रुपमा विकास गर्न र कृषिकर्मी तथा कृषि श्रमिकहरुलाई उद्यमी बनाउने नीति अनुसार **बीमा, स्वास्थ्य उपचार र सामाजिक शुरक्षा सहितको कृषिकर्मी रोजगार कार्यक्रम** संचालन गरिनेछ । यसका लागि रु ६ करोड विनियोजन गरेको छु। | कार्यक्रम संचालनमा रहेका छन्। कृषिकर्मी रोजगार कार्यक्रम मार्फत रोजगार कार्यक्रमका लागि रोजगारदाताहरुको छनौट प्रकृया सम्पन्न भई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। |
| ७ | १०१ | हालको अनुदान दिने प्रक्रियालाई थप विश्वसनिय प्रभावकारी र पहुँचमा वृद्धि हुने गरी परिष्कृत गरिनेछ । नगद अनुदानलाई क्रमश घटाउदै लगि कृषि ऋणमा व्याज अनुदान प्रदान गरिने छ । सोही नीति अनुरूप कृषिमा सुलभ कर्जा र बीमाको सहज पहुंचमा वृद्धि गर्न बीमा कम्पनी, बैकं तथा बित्तिय संस्थाहरुसँगको सहकार्यमा **"सबै कृषकका लागि शुलभ कर्जा"** अभियान संचालन गरिनेछ । सुलभ कर्जा ब्याज अनुदान कोषका लागि रु २५ करोड व्यवस्था गरेको छु। | शुलभकर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम तर्फ छनौट गरिएका कर्जा सहजकर्ताद्वारा कृषकहरुको व्यवसायिक योजना बनाई सम्बन्धीत बैंकहरुमा ऋणका लागि सिफारिस भैरहेको। आयोजनाहरु स्वीकृति तथा कार्यान्वयनको चरणमा पुगेको। बैंकहरुसँगको प्रदेश स्तरीय गोष्ठी सम्पन्न भएको। |
| ८ | १०२ | कृषकले उत्पादन गरेको दुध, माछा, मासु, तरकारी, फलफुल र खाद्यान्न तथा तरकारी बीउको संस्थागत बिक्री परिमाणका आधारमा **प्रतिफलमा आधारित प्रोत्साहन अनुदान** कार्यक्रम सञ्चालन गर्न रु. १६ करोड ६५ लाख विनियोजन गरेको छु । | अनुदान कार्यक्रमलाई थप परिस्कृत गर्दै सुरुवात गरिएको प्रतिफलमा अधारित अनुदान कार्यक्रमका लागि सम्पुर्ण कार्यालयहरुबाट सुचना प्रकाशन भई प्रस्तावहरुको प्रारम्भिक छनौट भइरहेको। |
| ९ | १०३ | पूर्वपश्चिम तथा उत्त+र दक्षिण रोड कोरिडोर केन्द्रित व्यवसायिक कृषि तथा पशुपन्छी उत्पादन कार्यलाई प्रोत्साहन गरी प्रदेशलाई दुध, मासु, तरकारी र फलफूलमा आत्मनिर्भर हुने लक्ष्य अनुसार १२ जिल्लाका २४ वटा **रोड कोरिडोर विशेष कार्यक्रम**का लागि रु १२ करोड विनियोजन गरेको छु। | रोड कोरिडोर लक्षित विशेष कार्यक्रमका लागि जिल्ला कार्यालयहरुबाट कार्यान्वयन भइरहेको। मध्यपहाडि बहुउद्धेशीय कृषि विकास फर्म संचालनका लागि जग्गा प्राप्ति भईसकेको अवस्थामा आयोजनाको विस्तृत परियोजना रिपोर्टको अन्तिम चरणमा पुगेको। |
| १० | १०४ | पशु स्वास्थ्यको सम्बर्द्धनका लागि एकल | खोरेत रोग उन्मूलन अभियान संचालन |

| | | | |
|---|---|---|---|
| | | स्वास्थ्य अवधारणा अवलम्बन गर्दै तराईका ६ जिल्लाहरुमा **"खोरेत रोग उन्मूलन अभियान"** आगामी आर्थिक वर्षबाट प्रारम्भ गरिनेछ । यस कार्यक्रमका लागि रु ५ करोड बिनियोजन गरेको छु। | सम्बन्धमा सरोकारवालाहरुसँग विभिन्न चरणमा अन्तरकृया गोष्ठीहरु सम्पन्न भएको। हालसम्म २ लाख ८ हजार खोप आएकोमा खोप अभियानको औपचारिक सुभारम्भ भईसकेको छ। |
| ११ | १०५ | **एक जिल्ला, एक स्रोत केन्द्र**को अवधारणा अनुसार बीउ, विजन, नश्लसुधार लगायतका उत्पादन समाग्री र प्रविधिक सेवा सुनिश्चित गर्ने गरी स्थानीय तहसँगको सहकार्यमा १२ जिल्लामै स्रोतकेन्द्र स्थापना कार्य अघि बढाईने छ। नवलपरासीमा पुष्प, रुपन्देहीमा गाई, कपिलवस्तुमा भैंसी, दाङ्गमा मौरी र रेशम खेती , बांकेमा बाख्रा, बर्दियामा बंगुर, रुकुम पूर्वमा भेडा, प्यूठानमा तरकारी बीउ, अर्घाखांचीमा बाख्रा र कफी , गुल्मीमा कफी र सुन्तलाजात फलफुल, पाल्पामा मसलाबालीको स्रोतकेन्द्र र रोल्पामा **"मध्य पहाडि बहुउद्देश्यीय कृषि विकास फर्म"**को स्थापना गर्न रु. ७ करोड ५० लाख विनियोजन गरेको छु। | प्राविधिक सेवा टेवा प्रदान गर्न सक्ने क्षमता अनुरुप विकास गर्ने गरी स्थापना कार्य भइरहेको। मध्यपहाडि बहुउद्धेशीय कृषि विकास फर्म संचालनका लागि जग्गा प्राप्ति भईसकेको अवस्थामा आयोजनाको विस्तृत परियोजना रिपोर्टको अन्तिम चरणमा पुगेको। |
| १२ | १०६ | **एक वडा; एक हरित स्वयंसेवक कार्यक्रम** अन्तर्गत युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी सीप र दक्षतासँग आबद्ध गराउदै ९८३ हरित स्वयंसेवक मार्फत प्रति स्वयंसेवक कम्तिमा १० जना कृषकलाई उद्यमी बनाउने नीति अनुरुप न्यूनतम ९८३० उद्यम विकासका लागि रु ७ करोड विनियोजन गरेको छु। | प्रदेश अन्तर्गत सबै स्थानीय तहहरुका सबै वडाबाट श्रोत व्यक्तिको छनौट कार्य सम्पन्न भएको छ। सम्बन्धीत जिल्ला कार्यालयहरुबाट सम्झौता गरी कार्ययोजना बनाई नमुना फार्म स्थापनाको क्रममा रहेको। स्वयम सेवकका लागि ToT तालिम सम्पन्न भएको। |
| १३ | १०७ | शिक्षित जनशक्तिको विदेश पलायन हुने दर कम गर्ने र स्वदेशमै स्वरोजगारीको अवसर सृजना गर्न कृषि विषयमा उच्चशिक्षा हासिल गरेका प्राविधिक युवाहरुलाई समेत व्यवसायिक फर्म स्थापनाका लागि प्रेरित गर्ने र कृषि | पढ्दै-कमाउदै अभियान अनुरुप कृषि विकास निर्देशनलायबाट अनुदानग्राही स्वीकृत गरी कार्यक्रम संचालनको क्रममा रहेको छ। |

| | | | |
|---|---|---|---|
| | | प्राविधिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई **पढ्दै-कमाउँदै अभियान कार्यक्रमलाई** थप प्रभावकारी बनाउन बजेट विनियोजन गरेको छु । | |
| १४ | १०८ | सामूहिक वा सहकारीका माध्यमबाट जग्गा चक्लावन्दी गरी व्यावसायिक खेती कार्यलाई प्रोत्साहन गरिनेछ। सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा उत्पादनशिल क्षेत्रको निजी तथा सरकारी बाँझो जग्गाको समुचित प्रयोग गरी **चक्लाबन्दी सहितको नमूना कृषि फार्म स्थापना** कार्यक्रमका लागि रु १ करोड ८६ लाख विनियोजन गरेको छु । | चक्लाबन्दि सहितको नमुना फार्म निर्माण तथा विकासका लागि स्थानीय तहहरुसँग समन्वय भैरहेको छ। सुचना प्रकाशन मार्फत पेश आवेदकको फिल्ड अनुगमन, छनौट तथा सम्झौता कार्य भैरहेको छ। |
| १५ | १०९ | विषादि न्यूनीकरण गर्दै प्रांगारिक कृषिमा लाग्न प्रेणित गरिनेछ। **रुकुम पूर्व जिल्लालाई अर्गानिक जिल्ला घोषणा** गरी सघन कार्यक्रम सञ्चालन गरिनेछ र अन्य सबै जिल्लाहरुमा पकेट क्षेत्र विशेष प्रांगारिक कृषि कार्यक्रमका लागि रु ५ करोड विनियोजन गरेको छु । | गरीबीको रेखामुनी रहेका रोल्पा र रुकुम पूर्व जिल्लाका ३७५ जना व्यक्तिहरु सीप विकास तालिम तथा वस्तुगत सहयोगका लागि छनौट भई विषयगत तालिमहरु संचालनका भैरहेको छन्। |
| १६ | ११० | समूह सहकारी तथा नीजि क्षेत्रसँगको सहकार्यमा असल कृषि अभ्यास अवलम्बन गरी **अदुवा, बर्षेआलु, मह, सुन्तला र छुर्पीलाई प्रदेशको ब्रान्डिङ्ग** गरी बजारीकरण गर्ने ब्यवस्था मिलाउन बजेट विनियोजन गरेको छु । बर्दिया जिल्लाबाट **माटो स्वास्थ्य प्रमाणपत्र** प्रारम्भ गर्न बजेट छुट्टयाएको छु। | प्रदेशको पहिचान झल्किने गरी यहाँका अदुवा, बर्षेआलु, मह, सुन्तला र छुर्पी उत्पादनलाई प्रवर्द्धन गर्नका लागि कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ। माटो स्वास्थ्य कार्ड निर्माणको लागि आवश्यक तयारी भैरहेको छ। |
| १७ | १११ | प्रयोगशालाहरुको स्तरोन्नति तथा सुदृढिकरण गरी सेवा प्रवाहलाई सबल बनाइनेछ। रुपन्देही, दाङ्ग र बांकेमा गरी ३ वटा आधुनिक प्रविधि सहितको भेटेरीनरी रिफरल अस्पतालको बिस्तृत परियोजना प्रतिवेदन तयार गरी क्रमश: निर्माण कार्य अघि बढाइनेछ। यस वर्ष नवलपरासीमा एक पशु रोग अन्वेशण प्रयोगशाला स्थापना | मन्त्रालय मातहतमा रहेका २ वटा फार्म, ४ वटा प्रयोगशाला तथा २ वटा तालिम केन्द्रहरुको सुद्धिणिकेण तथा क्षमता विकासका लागि भौतिक संरचना लगायत अन्य पुर्वाधार व्यवस्थाको कार्यक्रम संचालनमा रहेका छन्। रुपन्देही तथा बाँकेमा भेटेरिनरी |

| | | | |
|---|---|---|---|
| | | गरिनेछ ।यी कार्यका लागि रु ७ करोड विनियोजन गरेको छु। | अस्पताल निर्माण कार्य सम्बन्धीत सहरी विकास तथा भवन कार्यालयहरुबाट भइरहेको छ। |
| १८ | ११२ | तराईमा गुईठा बाल्ने प्रवृत्तिलाई निरुत्साहन गर्न बायोग्यास सहितको भकारो सुधार कार्यक्रम र पहाडमा गोठ सुधार तथा मल ब्यवस्थापनका लागि स्थानीय तह सँगको सहकार्य र समन्वयमा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । | गुईठा व्यवस्थापन तथा भकारो सुधार सम्बन्धी कार्यक्रम जिल्ला स्थित कार्यालयहरु मार्फत संचालन भइरहेको छ। |
| १९ | ११३ | परिचयपत्रका आधारमा सरकारी सहुलियत प्रदान गर्ने उद्येश्यले स्थानीय तहहरुको सहकार्यमा पूर्णकालिन कृषकहरुको डिजिटल परिचयपत्र कार्यक्रमका लागि रु ५ करोड विनियोजन गरेको छु। | संघिय सरकारबाट प्रदेशका कर्मचारीहरुलाई कार्यक्रम सम्बन्धी १ चरणको ToT तालिम भएको।फाल्गुणको दोस्रो हप्तासम्म सहजकर्ताहरुलाई फिल्ड खटाइने तयारी भइरहेको। |
| २० | ११४ | भविष्यमा आउन सक्ने कृषि तथा पशुपक्षींजन्य रोग, किरा र महामारी नियन्त्रण गर्न आकष्मिक सेवाका कार्यक्रम संचालन गर्न र सघन पशुक्षेत्रमा घरदैलो पशु स्वास्थ्य शिविरहरु संचालन गर्न बजेट छुट्टयाएको छु। | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मार्फत डोर टु डोर तथा पशु उपचार तथा नियमनका कार्यक्रमहरु संचालनमा आइरहेका छन्। |
| २१ | ११५ | कृषि मूल्य श्रृङ्खला विकास गर्दै कृषकलाई बजारको सुनिश्चितता गराउने उद्येश्यका साथ **बजार पुर्वाधार विकासका कार्यक्रम** संचालन गर्न रु १२ करोड विनियोजन गरेको छु।यस कार्यक्रमबाट ग्रामिण हाटबजार, संकलन केन्द्र स्थापना तथा सुदृढिकरण, सहकारी बजार स्थापना, र उपमहानगरस्थानीय तह लक्षित आधुनिक बजार निर्माण गरिनेछ। महिला उद्यमीहरुको सहकार्यमा राजमार्गका रिफ्रेस सेन्टर लक्षित रैथाने बाली वस्तुको कोशेली घर संचालन गर्न बजेट विनियोजन गरेको छु। | मागमा आधारित कृषि बजार स्थापना कार्यक्रम अन्तर्गत कूल ४३ वटा प्रस्ताव मध्ये प्रारम्भिक मूल्याङ्कनमा २७ वटा छनौट गरी फिल्ड प्रमाणिकरण पश्चात १८ वटाको छनौट गरी सम्झौता सम्पन्न भएको। रिफ्रेस सेन्टर संचालनका लागि सम्बन्धीत मन्त्रालय तथा सरोकारवालाहरुसँग छलफल भइरहेको छ।सहकारी बजार स्थापनाका आयोजनाहरु निर्माणाधिन रहेका छन्। |
| २२ | ११६ | स्थानीयतहसँगको सहकार्यमा कृषि बाली तथा पशुपंछिहरुको क्षेत्र विस्तार तथा उत्पादकत्व | प्रदेशका १२ वटा जिल्लामा सम्भावना तथा जिल्ला विशेष आवश्यकताका |

| | | | |
|---|---|---|---|
| | | वृद्धिका लागि तराईका ६ जिल्लामा लसुन प्याज, पहाडका ६ जिल्लामा कागती सुन्ताला, पहाडका ६ जिल्ला र बांके जिल्लामा भेडा बाख्रा, रुपन्देही, दाङ्ग र वर्दियामा बंगुर मिसनलाई निरन्तरता दिदै आगामी आर्थिक वर्ष १२ जिल्लामा पशुको दाना तथा साईलेजका लागि **मकै भट्टमास मिसन** र खाद्य सुरक्षाका लागि **आलु मिसन** कार्यक्रम थप गरी संचालन गरिनेछ । **अभियानमुखी मिसन कार्यक्रम** संचालनका लागि रु २५ करोड २० लाख विनियोजन गरेको छु। | आधारमा संचालन भइरहेको मिसन कार्यक्रमहरु (कागति, सुन्तला, लसुन, प्याज, आलु, बाख्रा, बङ्गुर तथा मकै) को अनुदानग्राही छनौट सम्पन्न भई कार्यान्वयनका क्रममा रहेको। मौसमानुकुल रुपमा सम्बन्धीत कार्यालयहरुले फलफुल बिरुवा वितरण कार्यक्रमहरु संचालन गर्ने तयारी भइरहेको छ। |
| २३ | ११७ | संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा नर्सरी स्थापना तथा सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ। फलफुल विरुवा रोपण अभियान कार्यक्रमका लागि प्राविधिक सहयोग सहित बिरुवा उपलब्धताका लागि आवश्यक बजेट विनियोजन गरेको छु। कार्यक्रमबाट कम्तिमा ३००० जनालाई रोजगारी मिल्ने अपेक्षा गरेको छु। | मौसमानुकुल रुपमा सम्बन्धीत कार्यालयहरुले फलफुल बिरुवा वितरण कार्यक्रमहरु संचालन भईरहेका छन्। |
| २४ | ११८ | सिंचाई सुविधा पुगेका क्षेत्रहरुमा ३ बाली प्रणाली विकास गरी बाली सघनता र उत्पादकत्व वृद्धिका लागि संघिय सरकारसँगको सहकार्यमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु । चैते धान, बसन्ते मकै, सूर्यमूखि र मुंग लगायतका बालीहरुमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लागु गर्न बजेट व्यवस्था गरेको छु । | तराईका जिल्लाहरु मार्फत सघन खेतीका कार्यक्रमहरु कार्यान्वयनका क्रममा रहेका छन् । चैते धान, बसन्ते मकै, सूर्यमूखि र मुंग लगायतका बाली प्रवर्द्धन गरी तिन बाली लगाउने प्रणाली विकास गर्न सुचना प्रकाशन भएको छ। सिजन आएपछी कार्यक्रम संचालनमा जानेछ । |
| २५ | ११९ | मत्स्य उत्पादन र प्रवर्द्धनमा टेवा पुर्याउन प्राविधिक सेवा र यान्त्रिकरण कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु । पहाडका ६ जिल्लामा चिसो पानीमा माछा उत्पादन कार्यक्रम संचालन गरी कृषि प्रर्यटन प्रवर्द्धन गर्न समेत | सम्बन्धीत भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मार्फत कार्यक्रम संचालनमा आइरहेका छन्। |

| | | | |
|---|---|---|---|
| | | बजेट विनियोजन गरेको छु। | |
| २६ | १२० | स्थानीय तहको साझेदारीमा कृषि आत्मनिर्भर कार्यक्रम अन्तर्गत एक स्थानीय तह, एक उत्पादन कार्यक्रम संचालन गरिने छ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु। | प्रदेशका प्रत्येक स्थानीय तहहरुको सम्भावना तथा आवश्यकता फरक रहेको सन्दर्भमा सोको पहिचान गरी कार्यक्रम संचालनका लागि बजेट पठाइएकोमा सबै स्थानीय तहहरुबाट कार्यक्रम कार्यान्वयनको चरण भइरहेको छ। |
| २७ | १२१ | कृषि बन प्रवर्द्धन कार्यक्रमलाई स्थानीय तह र सामूदायिक बन उपभोक्ता समितिसँगको सहकार्यमा थप उत्पादनमूखी बनाई साना कृषकको आयआर्जनमा वृद्धि गर्न बजेट विनियोजन गरेको छु। | कृषि वन प्रवर्द्धनको हकमा जिल्लास्थित कार्यालयहरुबाट सुचना प्रकाशन मार्फत पेश आवेदकको फिल्ड अनुगमन, छनौट तथा सम्झौता कार्य भैरहेको छ। |
| २८ | १२२ | प्रदेशमा दुग्ध पदार्थको बिबिधिकरण तथा गुणस्तर, पशुपंछिको आहार तथा दाना उपलब्धता र उखु कृषकहरुको बजारीकरणका समस्या सम्बोधन गर्न प्रदेशको शेयर लगानीमा रुपन्देहीमा दुध प्रशोधन यू एच टि प्लान्ट, बांकेमा पशुपंछीको पेलेट दाना उद्योग र कपिलवस्तुमा उखु जुस उद्योग स्थापना गर्न बजेट विनियोजन गरेको छु। स्थापित उद्योगहरुसँग भविष्यमा उत्पादक कृषकहरुको पूर्वखरिद सम्झौता गराई दिगो बजारीकरणको ब्यवस्था मिलाईनेछ। | लुम्बिनि विशिष्टीकृत सहकारी संघ तिलोत्तमा-५ मा संचालन गर्नका लागि संघीय मन्त्रालयसँग सहकार्य भएको छ। |
| २९ | १२३ | कृषि बजारीकरणमा समस्याको रुपमा रहेको विचौलिया प्रवृति, कालोबजारी र सिन्डिकेटबाट कृषकलाई मूक्त बनाउने र न्यूनतम समर्थन मूल्य कार्यान्वयनका लागि **“कृषकको श्रम, कृषककै मूल्य”** कायम गर्न उत्पादित बाली वस्तु खरिद गरीदिने र कृषि उत्पादन समाग्रीको भण्डारण तथा वितरण प्रणाली ब्यवस्थित बनाउन सहकारीसँगको साझेदारी र सरकारको | विचौलिया प्रवृति, कालोबजारी र सिन्डिकेट सम्बन्धमा नियमन गर्न आवश्यक नीतिगत छलफल भइरहेको छ। |

| | | | |
|---|---|---|---|
| | | शेयर लगानीमा कृषि वस्तुको बजारीकरणको लागि आवश्यक संरचनात्मक ब्यवस्था गर्न बजेट विनियोजन गरेको छ। | |
| ३० | १२४ | आय आर्जन, पोषण तथा खाद्य सुरक्षाको लागि महिला, युवा तथा विपन्न वर्ग, लक्षित वर्ग विशेषका लागि गरीबी निवारण तथा खाद्य सुरक्षाका कार्यक्रम संचालन गर्न रु. ६ करोड विनियोजन गरेको छ। | गरीबीको रेखामुनी रहेका रोल्पा र रुकुम पूर्व जिल्लाका ३७५ जना व्यक्तिहरु सीप विकास तालिम तथा वस्तुगत सहयोगका लागि तालिमहरु संचालनका भैरहेको छन्। घरायसी खाध्यान्न उत्पादन मार्फत पोषण लक्षित कृषि उत्पादनका कार्यक्रमहरु कार्यान्वयनको भइरहेको। |
| ३१ | १२५ | दक्ष तथा प्राविधिक श्रमका लागि देश बाहिर रकम जाने क्रम रोकी स्थानीय स्तरमा रोजगारी सृजना गर्न मागमा आधारित उद्यम विकास, कृषि यन्त्र उपकरण संचालन तथा मर्मत संभार, खाद्य विविधिकरण तथा अन्य रोजगारीमूलक तालिम संचालन गर्न ३ करोड बजेट विनियोजन गरेको छ। | कृषि, पशुपन्छी तथा सहकारी क्षेत्र सम्बन्धी क्षमता अभिवृद्धि तथा रोजगारी मुलक स्थलगत तालिमहरु संचालनका क्रममा रहेका छन्। |
| ३२ | १२६ | विदेशबाट फर्किएका तथा स्वदेशमा रहेका युवाहरुलाई कृषि क्षेत्रमा थप आकर्षित गर्न चक्लाबन्दी, सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्दै पूर्ण यान्त्रिकरण बनाउन तराईका ३ जिल्लामा सबै प्रकारका आधुनिक मशिनहरु र यन्त्र मर्मतशाला सहितका ६ वटा कृषि यन्त्र आपूर्ति केन्द्र स्थापनाका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छ। | चक्लाबन्दी सहितको नमुना फार्म निर्माण तथा विकासका लागि स्थानीय तहहरुसँग समन्वय भैरहेको छ। सुचना प्रकाशन मार्फत पेश आवेदकको फिल्ड अनुगमन, छनौट तथा सम्झौता कार्य भैरहेको छ। यन्त्र मर्मतशाला सहितको कष्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम संचालनको तयारीमा रहेको छ। |
| ३३ | १२७ | कृषि र पशुपालन क्षेत्रमा विपद्, मौसम पुर्वानुमान तथा प्राविधिक जानकारी लगायतका सूचनामा कृषकको पहुंच वृद्धिका लागि **किसान कल सेन्टरको** सेवालाई थप बैज्ञानिक प्रभावकारी र सर्भशुलभ बनाउने गरी बजेट विनियोजन गरेको छ। | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुराद्धारा टोल फ्रि नं सहितको किसान कल सेन्टरको सुरुवात भएको छ। |

| | | | |
|---|---|---|---|
| ३४ | १२८ | सहकारी मर्जर नीति अवलम्बन गर्दै विशिष्टिकृत सहकारी मार्फत सहकारी क्षेत्रको क्षमता, सीप, जनशक्ति र पूँजीलाई उत्पादनमुलक काममा लगाउन प्रोत्साहन गर्दै वित्तीय सुशासनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। | सहकरीको मर्जर नीतिलाई प्राथमिकता दिदै मर्जर कार्यहरु सम्पादन भईरहेका छन्। सहकारी मार्फत नविनतम सोच सहितका उत्पादन तथा बजारीकरणका कार्यक्रम सम्पन्न भएको छ। |
| ३५ | १२९ | सहकारीका माध्यमबाट सदस्यहरुलाई कृषि जन्य वस्तुको प्राथमिक उत्पादनमा जोड्न पूंजीमा पहुंच पुर्याउने गरी स्थापित **सहकारी विकास कोषमा हाल १५ करोड** विनियोजन भएकोमा यसलाई प्रभावकारी रुपमा संचालन गर्न आगामी आर्थिक वर्ष थप ५ करोड विनियोजन गरेको छु। | सहकारी विकास कोष स्थापना, सञ्चालन तथा प्रशासनिक खर्चका लागि विनियोजित रु १५ करोड मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा रकम जम्मा भएको छ।सूचना प्रकाशन गरी प्रास्ताव माग गरिएकोमा छनौटको अन्तिम चरणमा रहेको छ। |
| ३६ | १३० | बुटवल, लमही र कोहलपुरमा पहाडी कृषि वस्तुको संकलन बिन्दु स्थापना गरिनेछ। नेपाल सरकार र अन्य प्रदेश सरकारहरुसँग समन्वय गरी संकलन विन्दुबाट **काठमाडौ, पोखरा र सुर्खेतमा प्रदेश नं ५ को कृषि जन्य वस्तु विक्री गर्ने आउटलेट** राख्न आवश्यक ब्यवस्था मिलाइने छ । त्यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छ। | प्रस्तावित बजारहरुमा स्थान छनौट कार्य भैरहेको । सम्बन्धीत प्रदेश सरकारहरुसँगको अन्तर्कृया तथा छलफल भएको। |
| ३७ | १३१ | नेपाल सरकारको सहकार्यमा सुकुम्वासी र अब्यवस्थित वसोवासको समस्या समाधान गर्न र स्थानीय तहलाई भू-उपयोग नीति कार्यान्वयनमा सहजीकरण गर्न बजेट विनियोजन गरेको छु। | सुकुम्बासी समस्यालाई समाधान गर्न तथा अब्यवस्थित वसोवासको समस्या समाधानका लागि गठन भएको भूमि सम्बन्धी समस्या समाधान समितिको सदस्यको मनोनयन भएको छ। प्रदेशका ३५ स्थानीय तहहरु सहितको गोष्ठी सम्पन्न भई उक्त अभियानको शुरुवात गरिएको छ। |
| ३८ | १३२ | भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यबस्था, जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारणका लागि डिजिटल प्रविधिको प्रयोग गरी कित्तामा | भूमिको लगतको डिजिटलाइजेसनको प्रकृयाको थालनी भएको छ। नियन्त्रण विन्दु स्थापनाका लागि आवश्यक |

| | | | |
|---|---|---|---|
| | | आधारित मूल्याङ्कन प्रणालीको विकास गर्ने कार्यको थालनी गरिनेछ र स्थानीय तहको सहकार्यमा बाटोको लागतकट्टा गर्ने कार्यक्रमका लागि समेत बजेट विनियोजन गरेको छ। | आधारभुत सामाग्रीहरुको स्पेसिफिकेसन तयार भई खरिद प्रकृयाको चरणमा रहेका छन्। |
| ३९ | १३३ | गुठीसँग भएका स्रोतहरुको उचित उपयोग र उत्पादनशिल बनाउन गुठीका अभिलेखलाई डिजिटल बनाउने कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु। | गुठिहरुको डिजिटलाइजेसन कार्य नियमित रुपमा भइरहेको छ। गुठीहरुलाई उत्पादनमूलक तथा रोजगारीमूलक कार्यमा संलग्न गराउने किसिमका कार्यक्रमहरु संचालनमा ल्याइएको छ। |
| ४० | १३४ | भूमि व्यवस्था, कृषि तथा सहकारी तर्फ रु ४ अर्ब ८६ करोड ३५ लाख विनियोजन भएको । | |

## ९.५ आ व २०७७/०७८ स्वीकृत वार्षिक कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण

(रु हजारमा)

| क.सं. | कार्यक्रम/क्रियाकलाप | | वार्षिक लक्ष्य | | अर्धवार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|
